# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमी

नेपाल बहुजातिय, वहुभाषिक र बहुसाँस्कृतिक मुलुक हो । वि.सं. २०५८ जनगणना अनुसार नेपालको कुल क्षेत्रलफलको ३५ प्रतिशत हिमाली, ४२ प्रतिशत पहाडी र २३ प्रतिशत तराई क्षेत्र छ । ती क्षेत्रहरुमा जम्मा १०३ जातिका मानिसहरुले वसोवास गर्दै आएका छन् भन्ने उल्लेख छ । तर कतिपय जातिहरु भने पहिचानविहिन र ज्यादै पिछडिएका पनि हुन सक्छन् । यी पिछडिएका र लोप हुन लागेका जात जातिको बारेमा खोज गर्नु हामी सवैको कर्तव्य हुन जान्छ । यसै सिलशिलामा नेपालका जातजातिहरुमध्ये हालसम्म पनि सूचिकरण हुन नसकी अल्पसंख्यक र पिछडिएको वर्गमा पर्ने जाति जोगी पनि एक हो । नेपालको करिव २ करोड ५० लाख जनसंख्यामध्ये यो जातिको जनसंख्या ज्यादै न्यून छ । त्यसमा पनि जोगी जाति नेपालको जातजातिहरुमा हालसम्म सूचिकरण नभएकोले यसको जनसंख्या कति छ ? भन्ने यकिन गर्न सकिने स्थिति देखिँदैन । जोगी जातिहरु नेपालको विभिन्न जिल्लाहरुमा छरिएर रहेका छन् । तेह्रथुम जिल्लाको ओयाक्जुङ्ग गा.वि.स.मा मात्र जोगी जातिको घर संख्या करिव २४० भन्दा बढि छ भन्ने अनुमान गर्न सकिन्छ । तेह्रथुमको विभिन्न ठाउँमा यो जातिहरु रहेता पनि सिमान्तकृत र सुविधाविहिन जातिको रुपमा चिनिन्छन् । यिनीहरुको सामाजिक, आर्थिक तथा शैक्षिक स्थिति ज्यादै न्यून स्तरमा रहेको छ । उनिहरुको बालबालिकाहरुको शिक्षामा सहभागिता दर पनि दयनिय छ ।

नेपालको विभिन्न क्षेत्रमा बसोवास गर्ने विभिन्न जाति तथा उपजातिहरुको शैक्षिक पक्षमा केहि न केहि रुपमा विदेशी तथा स्वदेशि व्यक्ति, संघ-संस्थाहरुले अध्ययन गरेका छन् । प्रमुख पेशा कृषि र प्रमुख धर्म हिन्दूलाई स्विकार गर्ने यो जातिको भाषाशैली तथा रहनसहन क्षेत्री, वाहुन जातिसँग मिल्दो जुल्दो देखिन्छन् । यस अध्ययन प्रस्तावनामा नेपालको विभिन्न ठाउँमा वसोवास गर्ने जोगी जाति सम्वन्धि प्रकासित भएका पत्र पत्रिका, लेख रचना तथा सोधपत्रलाई समेत केही हदसम्म समेटिने छ । जोगी जाति सामाजिक, आर्थिक र शैक्षिक दृष्टीकोणले ज्यादै पछाडि परेको हुनाले हाल विश्वमा वढ्दै गएको आधुनिकिकरण र विश्वव्यापिकरणको सकारात्मक असर यो जातिमा अझ त्यती नै परेको छ भन्न सकिन्न (जोगी, टेकीमाया, २०६५) ।

गोरखनाथ र महादेवलाई मूल देवता मान्ने जोगी जाति इतिहाँसको कालखण्ड देखि नै विभिन्न मानिसहरुलाई शिष्य वनाई आफ्नो ज्ञानगुन, शिक्षा दिक्षा र तन्त्रमन्त्रका साथ उपदेशहरु दिन थाल्दै आएका पाईन्छन् । परापुर्वकालदेखि नै विभिन्न जात जातिका मानिसहरु गारेखबाबाको शिष्य वनी शिक्षा-दिक्षा, ज्ञानगुन तन्त्रमन्त्र र अर्ति उपदेश दिन थालेको पाईन्छ । शिष्यहरुले उपदेश प्राप्त गरिसकेपछि पहेंलो रंगको भोटो, धोती (लगौटी) लवेदो धारण गरि १०८ रुद्राक्षको माला पहिरी खरानी (विगुत) घसी

हातमा चिम्टा लिएर शिवजीको शक्ति पूकार्दै १२ भैरुवको जप गर्दै रातको समयमा कृष्णसारको घुम्रेको सिङ (श्रृङ्गीनाद) धुई धुईको आवाजमा बजाउँदै हिड्न थाले । यसरी भैरुङ्गको शक्ती जप्दै हिड्दा घरभित्र बाहिरको भूत, प्रेत, सियासिन्डी, परपिसाच, काल, दरिद्र अरिष्ट हराएर जाने कुरामा विश्वास गर्ने जोगी जाति हालसम्म पनि पूरानै अन्धविश्वासले प्रेरित छन् रातको समयमा श्रृङ्गीनाद बजाएवापत अन्न, वस्त्र, सुन, रुपैयाँ, पैसा, दान, ज्यामादान प्राप्त गर्ने भएकोले आजको यूवा पिढीले यो संस्कृतीलाई पेशाको रुपमा रुपान्तरण गरिरहेका छन् । तर आजको एक्काईसौं सताप्दीको वैज्ञानिक यूगमा मानिसहरुले दान, धर्म प्रति कम चासो देखाएकाले जोगी जातिको संस्कारमा फेरवदल गर्नुपर्ने देखिन्छ । संस्कृतिमा देखिएको विकृतिलाई नियन्त्रण गरि जोगी जातिको वास्तविक पहिचान खोजी गर्न जोगी जातिको वास्तविक पहिचान खोजी गर्न जोगी जाति आफै अग्रसर हुन आवश्यक देखिन्छ । अशिक्षा, गरिवी, चेतना र आर्थिक दृष्टीकोणले पछि परेको यो जाति हाल राज्यले प्रदान गर्ने सेवा सुविधावाट पनि प्रत्यक्ष र परोक्ष रुपले ओझेलमा परेको छ । हालम्म नेपाल सरकार र शिक्षा मन्त्रालयबाट पनि यो जातिको शैक्षिक स्तर उकास्ने खालको कुनै पहल गरेको पाईएको छैन । तातो खवर राष्ट्रिय दैनिक पत्रीका वर्ष १ अंक ८ का अनुसार प्राचिन शिक्षा प्रणाली अनुसार “य” लाई उच्चारण गर्दा वुढो “जे” भनिने प्रचलनमा ‘योगी’ शब्द अपभ्रंश भई जोगी शब्दको सुरुवात भएको हो । हाल योगी, जोगी, कम्मर, कुँवर, नाथ आदि शब्दलाई जोगीले थरको रुपमा लेख्ने चलन छ । जोगी जातिहरु गोरखनाथका चेला र परम्परा देखी नै कम्मर जातिका छोरा नातीहरु हुन । गोरखनाथको मन्दिरमा सदैव जोगी जाति नै मूल पूजारी हुने गर्दछ । हिन्दू धर्मका प्रसिद्ध गुरु योगी नरहरिनाथ पनि यहि जातिको भएको र गुरु गोरखनाथको चेला नै योगी ( जोगी)हरु भएको पशुपती मृगस्थलीका गुरु विश्वनाथले वताउनु भएको छ । पृथ्विमा संकट परेको वेलामा ईन्द्र, ब्रम्हा, विष्णु, शिव गोरखनाथको शरणमा आएको किंवदन्ती रहेको छ (२०६५ जेठ १२ गते आईतवार, 25 May, 2008) । ओयाक्जुङ्गमा दिङ्लाबाट आउने जोगीलाई मण्डली खाल, पाल्पाबाट आएका जोगीलाई बहिदार खाल, भारतको कमानवाट आएका जोगीलाई कमानेखाल, ईलाम चारखोलावाट आएका जोगीलाई चारखोले खाल, नुवाकोटवाट आएका जोगीलाई नुवाकोटे र सिक्किमवाट आएका जोगीलाई सिक्किमेखाल भनि चिन्ने गरेको पाईन्छ (स्मारिका - २०६६, श्री सिद्धकाली उ.मा..वि. ओयाक्जुङ्ग) ।

मानिसको व्यवहारमा स्थायी परिवर्तन ल्याउने एक मात्र साधन शिक्षा हो । सन् १९९० देखी यूनेस्कोले “सवैको लागि शिक्षा” को नारा घन्काए पनि “शिक्षामा समान अवसर” को नारालाई कार्यान्वयन गर्ने सशक्त प्रयास हुँदाहुँदै पनि जोगी जातिका बालबालिकाहरु शिक्षाको उज्यालो ज्योतीको छायाँमा पर्न वाध्य छन् । एकातिर भौगोलिक विकटता र अर्कोतिर चेतनास्तर र आर्थिक दुर्वलता नै जोगी जातिका बालबालिकाको शैक्षिक अवसरको बाधक वनेको छ । नेपाल एक विकाशोन्मुख मुलुक हो । विश्व विकास प्रतिवेदन २००३ को अनुसार नेपालको प्रतिव्यक्ति आय २५० अमेरिकी डलर छ । दशौं पञ्चवर्षीय योजनाको सुरुवातामा नेपालका ४२ प्रतिशत जनता गरिवीको रेखमुनी रहेका उल्लेख छ । नेपाल जिवनस्तर सर्वेक्षण (२०६०/६१) को गरिवी विश्लेषणको नतिजा अनुसार नेपालमा गरिवीको

रेखामुनीको जनसंख्या ३१ प्रतिशतमा झरेको थियो । राज्यले शिक्षाको जे जस्तो अवसर प्रदान गरे तापनि नेपालका विभिन्न जातजातिमा परम्परागत धारणा अनुसार जातिगत पेशा अपनाई जिवन गुजाराको वाटो छाडेका छैनन् । जसले गर्दा उनिहरु सरल र सहज रुपले जिवन धान्न नसकिरहेको अवस्था अहिलेसम्म पनि हाम्रो समाजमा देखिन्छन् । साथै उनिहरुको शैक्षिक र आर्थिक अवस्था कमजोर छ । वास्तवमा शैक्षिक अवस्था भनेको आर्थिक, सामाजिक, साँस्कृतिक र राजनितिक अवस्थाको मुख्य 'कडी' हो । शैक्षिक अवस्था राम्रो भएमा मात्र उसले सामाजिक सहभागीता वढाउँछ, साँस्कृतिक पक्षलाई चिर्ने, नियाल्ने र विश्लेषण गर्ने क्षमता प्राप्त गर्न सक्छ । यस्ता शैक्षिक चेतनाको कमिले गर्दा कतिपय सामाजिक रुपले पिछडिएका र विपन्न परिवारका बालबालिकाहरु शैक्षिक अवसरवाट वञ्चित छन् । त्यस्तै नेपालको सुदुरपूर्वि पहाडी जिल्ला तेह्रथुमको ओयाक्जुङ्ग गा.वि.स. मा वसोवास गर्दै आएका जोगी जातिको कतिपय बालबालिकाहरु पनि शैक्षिक अवसरवाट वञ्चित हुन वाध्य छन् । नेपाल सरकारको निति अनुसार प्रत्येक गाउँ टोलमा प्राथमिक विद्यालय स्थापना गराए तापनि अन्य जातिको तुलनामा जोगी जातिको बालबालिकाको शिक्षामा सहभागिता दर अझै कम रहेको छ भने भर्ना भएकाहरु पनि विद्यालय छाड्ने र कक्षा दोहोर्‍याउने गरेको पाईन्छ । त्यसैले यो जातिलाई राज्यको मूलधारमा ल्याउन नेपाल सहकारले कुनै पनि जोगी जाती विशेष योजना तथा नितिह नल्याएको अवस्था भएकोले यहाँ भविश्यमा जोगी जाती सम्बन्धी अध्ययन गर्न चाहने व्यक्ति संघ संस्थाहरुलाई सहयोगी सामग्रीको रुपमा तेह्रथुम जिल्लाको ओयाक्जुङ्ग गा.वि.स.मा रहेको "जोगी जातिको बालबालिकाको शैक्षिक अवस्था" को अध्ययन अनुसन्धान यो शोधपत्रमा गरिएको थियो ।

## १.२ समस्याको कथन

नेपालमा वि.स. १९६८ साल देखि नै प्रत्येक दश बर्षमा राष्ट्रिय जनगणना कार्यक्रम सञ्चालन हुदै आएको छ । वि.स. २०५८ सालमा दशौं राष्ट्रिय जनगणना कार्यक्रम सञ्चालन हुँदा सम्म नेपालमा जोगी जातीको जनसंख्या कति छ ? भनेर यकिन हुन सकेको थिएन । हाल नेपालमा १०३ वटा जातजाति सूचिकरण भई सक्दा पनि अझैसम्म सुचिकरण हुन नसकेको यो जाति नेपालको चार वर्ण ब्राम्हण, क्षेत्री, वैश्य र शुद्र कुनमा पर्छ भनि यकिन भएको पाईदैन । शैक्षिक स्तर/अवस्थाको कमिले गर्दा यो जातिमा जातिगत नेतृत्वदायक भूमिका खेल्ने जनशक्तीको खाँचो छ जसको कारण हालसम्म यो जातिको बारेमा कुनै पनि सरकारी तथा गैर सरकारी संघ संस्थाहरुले गहन अध्ययन गर्न सकेको छैन साथै राज्यको सेवा र सुविधा हस्तक्षेप हुँदा समेत आफ्नो अधिकारको आवाज यो जातिवाट आउन सकेको छैन । हाल नेपालमा हरेक क्षेत्रमा समानुपातिक प्रतिनिधित्व र समावेशीपन लागू भएता पनि शैक्षिक चेतनाको कमिले गर्दा यो जातिमा उक्त भनाई भने "कागलाई वेल पाक्दा हर्ष न विस्मत" भनेझैं भएको छ किनकि जोगी जाति दलित, जनजाति, पिछडिएको जाति, मधेसी, अल्पसंख्यक कुन वर्गमा पर्छ भन्नेवारे कसैलाई थाहा छैन ।

शिक्षामा समान अवसर शिक्षाको क्षेत्रमा चलेको विश्वव्यापी नारा हो । यसले समाजका सम्पुर्ण वर्ग र सबै बालवालिकाहरुले शिक्षा पाउनुपर्दछ र सम्पुर्ण बालवालिकाहरुलाई समानरुपले शिक्षा प्रदान गर्ने मान्यता बोकेको छ । तर देशको भौगोलिक, राजनितिक, सामाजिक र मुख्य गरेर आर्थिक कारणले सम्पुर्ण बालवालिकाहरु शिक्षाको पहुँचमा पुग्न नसकिरहेको अवस्था छ । नेपाल सरकारले शिक्षाको क्षेत्रमा ठुलै धनरासी खर्च गरेको छ । प्राथमिक तह सम्म निशुल्क पठनपाठनको व्यवस्था गरेको छ । निम्नमाध्यमीक तह सम्म निशुल्क पाठ्यपुस्तकको व्यवस्था गरेको छ । यी मध्ये पनि प्राथमिक तहमा सरकारको लगानी अन्य तहमा भन्दा बढी छ । त्यसतै गरेर बालवालिकाहरुलाई शिक्षाको मुलधारमा ल्याउन विपन्न वा आर्थिक अवस्था कमजोर भएका बालवालिकाहरुलाई शिक्षाको अवसरबाट बञ्चित नगर्न विभिन्न किसिमका छात्रवृतिहरु प्रदान गरिदै आइएको छ । जस्तै दलित,छात्रा, माध्यमिक शिक्षा, फिडर, शहिद परिवार, दुर्गम, पिछडीएको क्षेत्र, अपाङ्ग, लगायत अन्य छात्रवृतिहरु प्रदान गरिदै आइएको छ । यती हँदाहुदै पनि तेह्रथुम जील्लामा बसोबास गर्ने अधिकांश जोगी बालबालिकाहरु भने शैक्षिक अवसरबाट बञ्चित रहेको पाईएको छ ।

तेह्रथुम जिल्लाको ओयाक्जुङ्ग गा.वि.स. जिल्ला सदरमूकाम देखी करिव चार कोष उत्तर-पूर्वमा अवस्थित छ । यस गा.वि.स.स.को वडा नं. ५, ६, ७, ८ र ९ मा जोगीहरुको वसोवास छ । ती प्रत्येक वडामा एक एक वटा प्रा.वि. र वडा नं. ९ मा वि.सं. २००८ सालमा स्थापित मा.वि. रहेको छ । जून माध्यमिक विद्यालयमा वि.सं. २०६४ सालदेखि उच्च मा.वि. (कक्षा ११ र १२) पनि सञ्चालित छ । साथै उक्त विद्यालय जोगी जातिको वसोवास भएको स्थान देखी करिव १० देखि १५ मिनेट टाढा छ । यति हुँदा हुँदै पनि जोगी जालवालिकाको विद्यालयमा सहभागिता ज्यादै न्यून देखिन्छ । यसरी सदरमूकाम ओयाक्जुङ्ग गा.वि.स.देखि खासै टाढा नरहेतापनि, विद्यालयको संख्या टोलटोलमा प्रचुरमात्रामा रहेतापनि, शिक्षामा समानअवसर र सवैका लागि शिक्षा भन्ने नारा सवैको कानमा घन्किए पनि जोगी जातिको कुसंस्कार र परम्परागत धारणालाई भने कसैले पनि चिर्न सकेको छैन । त्यसैले हालसम्म यिनीहरुको शैक्षिक स्थिति निकै कमजोर देखिन्छ । यो जातिको यही शैक्षिक स्थिति रहेमा भोलीको दिनमा झन कस्तो स्थिति आउला ? उक्त गा.वि.स. मा रहेका जोगी जातिको माध्यमिक तहसम्मको शैक्षिक स्थिति, सहभागिता दर, कक्षा छोड्ने र दाहोर्‍याउने दर सम्वन्धि अध्ययन अनुसन्धान गर्न आवश्यक भएकोले निम्न लिखित प्रश्नहरुमा आधारित रहेर अध्ययन गरिएको थियो ।

क) विद्यालय जाने उमेर समूहका जोगी बालबालिकाहरु के कति छन् ?

ख) जोगी जातिको सबै बालबालिका बिद्यालय जान्छन् कि जादैनन् ?

ग) जोगी जातिको बालबालिकाको कक्षामा नियमितता कस्तो छ ?

घ) जोगी जातिको बालबालिकाहरुले के कस्तो कक्षगत स्थान हाँसिल गरेका छन् ?

ङ) जोगी जातिको बालबालिकाहरुको कक्षा छाड्ने र दोहोर्‍याउने दर कस्तो छ ?

च) जोगी जातिको बालबालिकाको कक्षाको अन्तरक्रियामा सहभागीता कस्तो छ ?

छ) जोगी बालबालिकाको अत्तिरिक्त क्रियाकलापमा सहभागीता कस्तो छ ?

ज) जोगी बालबालिकाको अभिभावकको शिक्षाप्रतिको चासो र सोत के कस्तो छ ?

माथीका प्रश्नहरुको उत्तर खोज्न “जोगी जातिको बालबालिकाहरुको शैक्षिक अवस्था” लाई समस्याको रुपमा लिएर अध्ययन अनुसन्धान गरिएको थियो ।

## १.३ अध्ययनको उद्देश्य

यस “जोगी जातिको बालबालिकाहरुको शैक्षिक अवस्था” शिर्षकको अध्ययनमा निम्न वमोजिमका उद्देश्यहरु राखिएका थिए :

क) जोगी बालबालिकाको आर्थीक सामाजिक अवस्था पहिचान गर्नु ।

ख) जोगी बालबालिकाहरुको प्राथमिक र माध्यमिक तहको शैक्षिक अवस्था पहिचान गर्नु ।

ग) जोगी बालबालिकाहरुको प्राथमिक र माध्यमिक तहमा कक्षा छाड्ने तथा कक्षा दोहोऱ्याउने संख्या पत्ता लगाउनु ।

## १.४ अध्ययनको औचित्य

प्रत्येक अध्ययन अनुसन्धानको आफ्नै महत्व रहेको हुन्छ । हाम्रो देशको कुरा गर्दा विपन्न, दलित, जनजाति एवं सुकुम्वासी बालबालिकाहरु शिक्षाको अवसरबाट वञ्चित रहेका छन् । त्यसमा पनि नेपालमा अल्पसंख्यकको रुपमा रहेका जोगी जातिको शैक्षिक स्थिति नगन्य अवस्थामा रहेको छ । यसलाई यहि स्थितिमा छाडिदिने हो भने झन्-झन् गाह्रो स्थिति नआउला भन्न सकिन्न । यो अध्ययन पश्चात् निम्न लिखित व्यक्ति र निकायलाई विभिन्न कार्य सम्पन्न गर्न सहयोगी बन्ने आशा गरिएको थियो ।

क) यो अध्ययनले अनुन्सधानकर्ताको अनुसन्धान कार्यमा ज्ञान तथा व्यवहारिक सीपमा बृद्धि गर्ने छ ।

ख) यो अनुसन्धान प्रतिवेदन सम्बन्धित सरोकारवाला (शिक्षा विभाग, पाठ्यक्रम विकास केन्द्र, विद्यालय, प्र. अ. आदि)हरुलाई जोगी बालबालिकाहरुको शिक्षामा पहुँच पुऱ्याउने खालको योजना निर्माण, शैक्षिक उत्थनासँग सम्बन्धित विभिन्न निति नियमहरु बनाउनमा सहयोग बन्ने छ ।

ग) माथी प्रस्तुत शिर्षकसँग प्रत्यक्ष सरोकार राख्ने विभिन्न आयोगहरु, विकास समितिहरु र अन्य संस्थाहरुलाई जोगी जातिका बालबालिकाहरुहरुको शैक्षिक उपलब्धी तथा भर्ना समस्याको कारणहरुको समाधानको लागि सुचना प्रदान गर्नेछ ।

## १.५ अध्ययनको परिसीमा

कुनैपनि अध्ययन अनुसन्धानको कार्य गर्दा विभिन्न प्रकारको धारणागत सिमाहरुको आधारमा अध्ययन अनुसन्धानलाई सीमावद्ध गर्नुपर्ने हुन्छ । खास गरि यो प्रस्तावना अनुरुप प्रस्तुत गरिने शोधपत्र स्नातकोत्तर तहको आंशिक आवश्यकता पूरा गर्ने उद्देश्यले लेखिने हुँदा नेपालभित्रका सम्पूर्ण जोगी जातिहरुसँग प्रत्यक्ष भेटघाट गरि प्रश्नावली भरी ल्याउन वढी समय लाग्ने, वजेट धेरै लाग्ने तथा यो कार्यक्रम व्यक्तिगत भएकोले त्यसरी सम्पन्न गर्न असम्भव हुने भएकोले यस प्रस्तावना अनुरुपको शोधकार्यलाई सूलभ तरिकावाट तथ्य, तथ्याङ्क संकलन गर्न सिमा निर्धारण गरिएको छ । यस अध्ययनमा ओयाक्जुङ्ग गा.वि.स. का जोगी बालबालिकाहरुको माध्यमिक शैक्षिक अवस्था पत्ता लगाउन निम्न अनुसारको सिमा परीधी भित्र रहेर अध्ययन अनुसन्धान गरिएको थियो ।

क) यो अध्ययन तेह्रथुम जिल्ला ओयाक्जुङ्ग गा.वि.स.मा रहेका कूल वडाहरुमध्ये वडा नं ७, ८ र ९ वडाहरुमा वसोबास गर्ने जोगी जातिहरु र त्यहाँको विद्यालयहरु क्रमशः श्री जनता प्रा.वि आहाले, श्री पाथिभरा प्रा.वि. रातमाटे र श्री सिद्धकाली उ.मा.वि. मेहेले विद्यालयहरुमा अध्ययन गर्ने जोगी जातिका विद्यार्थीहरुको शैक्षिक अवस्था स्थिती अध्ययमा सिमित रहेको थियो ।

ख) यो अध्ययन जोगी जातिको बालबालिकाहरुको प्राथमिक र माध्यमिक तहको शैक्षिक अवस्थामा मात्र केन्द्रित रहको थियो ।

ग) माध्यमिक तहसम्मको शैक्षिक अवस्था अन्तर्गत विद्यालयमा जाने उमेर, संख्या, कक्षा नियमितता, कक्षा कार्यमा सहभागीता, शैक्षिक उपलब्धता, शैक्षिक भर्नादर, शैक्षिक स्तर, कक्षा छोड्ने दर, कक्षा दोहोऱ्याउने दर र कक्षा छोड्ने पक्षहरुमा सिमित रहेको थियो ।

घ) यस अध्ययनमा प्रा.वि. तहको शै.स. २०६३ देखि २०६७ सम्म र मा.वि. तहको शै.स. २०६५ देखि २०६७ सम्मको शैक्षिक अभिलेखमा मात्र यो अध्ययन सिमित थियो ।

# परिच्छेद दुई

## पूर्व साहित्यको समिक्षा

### २.१ सैद्धान्तिक अवधारणा

यस अध्ययनमा जोगी जातिको बालबालिकाहरुको माध्यमिक तहसम्मको शैक्षिक अवस्था अन्तर्गत :विद्यालयमा जाने उमेर, संख्या, कक्षा नियमितता, कक्षा कार्यमा सहभागीता, शैक्षिक उपलब्धता, शैक्षिक भर्नादर, शैक्षिक स्तर, कक्षा छोड्ने दर, कक्षा दोहोऱ्याउने दर र कक्षा छोड्ने कस्तो छ भनि अध्ययन गर्न खोजिएको छ । त्यसैले यस अध्ययन गर्नको लागि John H. Goldthrope तथा Davide Lockwood का अनुसन्धानबाट चर्चामा आएका सिद्धान्त The theory of Embourgeoisement उपयुक्त हुने देखिन्छ । यो दर्शनले शिक्षामा सवैले समान अवसर प्राप्त गर्न सक्नुपर्दछ । किनभने शिक्षाको प्राप्तीको कारणले नै सम्पन्नतामा अभिवृद्धि हुन्छ । आकांक्षा, मनोवृती तथा व्यावहारिक मुल्य मान्यता र सामाजिक सम्बन्धको क्षेत्रमा पनि परिर्वतन आउँदछ । शिक्षाको कारणले नै पछाडीएको वर्गको जिवनस्तर उक्सिन सक्छ भन्नेकुरा उल्लेख गरेको छ । शिक्षाको आर्जन पश्चात नै बढी भन्दा बढी पिछडिएको जाति वा वर्गको सामाजिक स्थिति क्रमश : उकासीदै जान्छ । शिक्षाको कारणले नै आर्थिक पक्ष मजबुत  भई मानसम्मान पनि उभोगति तिर फड्को मार्ने गर्दछ भन्ने तर्क पनि यस सिद्धान्तको रहेको छ ।

शैक्षिक विस्तार तथा शिक्षामा पहँच भएमा आर्थिक दक्षता बृद्धि हुने मात्र हैन यसले परिवारको ढाँचा रसमुदायको ढाँचामा नै परिर्वतन ल्याईदिन्छ र समाजिक सम्बन्धमा पनि परिवर्तन ल्याउछ । यसरी पछि परेका वर्ग वा जनजातिहरुको हैसीयत सुध्रिएर जान्छ र नयाँ मुल्य मान्यता अंगाल्न थाल्दछ । यदि शैक्षिक अवसर प्राप्त गर्ने हो भने तल्लो वर्ग र हरेक पक्षबाट पिछडिएको जनजातिहरु पनि माथिल्लो वर्गमा पुग्न सक्दछन् । लामो समय सम्मको अध्ययनबाट उनिहरुले यो निष्कर्ष निकालेका छन् । ( शिक्षाका आधारहरु ढकाल र कोइराला, २०६६)

### २.२ पूर्व साहित्यको समिक्षा

कुनै पनि विषयवस्तु वा शिर्षकको अध्ययन अनुसन्धान गर्नुपूर्व त्यस शिर्षकसँग सम्वन्धित पूर्व साहित्यको अध्ययन गर्नु आवश्यक हुन्छ । पूर्व साहित्य भनेको अध्ययनको शिर्षकसँग मिल्दाजुल्दा पहिले नै भई सकेको अध्ययनहरु, तथ्याङ्कहरु, प्रतिवेदनहरु, पुस्तक, लेख, रचना, पत्र पत्रिका आदिलाई बुझिन्छ । यस्ता पूर्व साहित्यको अध्ययनवाट अध्ययनकर्ताले द्वितीय तथ्याङ्कको स्रोतको रुपमा सुचना, तथ्याङ्क हाँसिल गर्दछ । यस अध्ययनसँग सम्वन्धित पूर्व साहित्यहरुको अध्ययन निम्नानुसार गरिएको थियो ।

नेपाल श्रमशक्ती सर्वेक्षण, २००८ को आधारमा शिक्षा मन्त्रालयवाट प्राप्त तथ्याङ्क अनुसार नेपालको साक्षरताको औषत प्रतिसत ६३.२ रहेको छ । जस अन्तर्गत ५ वर्ष र सो भन्दा माथिको साक्षरता प्रतिशत ६३.२, ६ वर्ष र सो भन्दा माथिको साक्षरता प्रतिसत ६३.७ र १५ वर्ष र सो भन्दा माथीको साक्षरता प्रतिसत ५५.७ रहेको छ (स्रोत : शिक्षा मन्त्रालय) । नेपाल सरकारवाट समुदायिक प्राथमिक विद्यालयका छात्राहरुमध्ये आर्थिक दृष्टिकोणले कमजोर र विपन्न वर्गका ५० प्रतिशत छात्राहरुलाई प्रत्येक वर्ष छात्रावृत्ति प्रदान गर्दै आएको छ । नेपाल सरकार र विश्व खाद्य कार्यक्रमविच २६ सेप्टेम्वर २००७ मा भएको सम्झौता अनुसार सन् २००८ देखी २०१० सम्मको अवधीमा मध्यपश्चिमाञ्चल र सुदुर-पश्चिमाञ्चलका दश वटा विद्यालयमा दिवा खाजा कार्यक्रम सञ्चालन गरिएको थियो । हाल तराईका ५ जिल्ला र मध्य पश्चिमाञ्चलका १० ओटा गरि १५ जिल्लामा दिवा खाजा कार्यक्रम सञ्चालन भई रहेका छन् (श्रोत : आर्थिक प्रतिवेदन, शिक्षा मन्त्रालय) ।

दशौ पञ्चवर्षीय योजना (२०५९-२०६४) अनुशार :- प्राथमिक तहको खुद भर्नादर ९० प्रतिशत पुऱ्याउने, महिला शिक्षिकाको अनुपात ३० प्रतिशत पुऱ्याउने, प्रतिवर्ष ४ लाख ५० हजार बालवालिकालाई पौष्टीक आहार उपलब्ध गराउने, महिला र पिछडिएको वर्ग (दलित , पिछडिएको जनजाति , आपाङ्ग) तथा आर्थिक दृष्टीकोणले पछि परेका वालवालिकाहरुलाई छात्रवृति दिने कार्यक्रम उल्लेख गरेको थियो ।

अभिभावकहरुको लागि चेतनामुलक कार्यक्रम संचालन गरि स्थानिय निकायहरुको सहभागितामा वालविकास केन्द्रहरु स्थापना गर्ने र सामुदायीक विद्यालयहरुमा स्थानिय स्रोतबाट एक वर्षे पुर्व प्राथमिक कक्षा सञ्चालन गर्न प्रोत्साहित गर्ने, विभिन्न जनजाति समुदायलाई लक्षित गरि शिक्षा र स्वास्थ्य सेवाको पहुँच बढाउन विशेष कार्यक्रम संचालन गर्ने साथै विभिन्न जनजातिहरुमा भाषिक समूहहरुको शिक्षामा संलग्नता बढाउन मातृभाषमा शिक्षा प्रदान गर्ने कार्यक्रमलाई प्रोत्साहन गर्ने शिक्षाका सवै तह र कार्यक्रमका क्षेत्रमा जनजाति समुदायको सामाजिक एवं आर्थिक स्थितिका आधारमा शिक्षाको पहुँच पुऱ्याउने तथा प्राथमिक तह देखी उच्च माध्यमिक तह सम्म विशेष प्रोत्साहन कार्यक्रम र उच्च शिक्षाको लागि छात्रवृतिको विशेष व्यावस्था गर्ने जस्ता विभिन्न कार्यक्रमहरु यस दशौ योजनामा समेटिएको थियो ।

जोशी,(२०५७) अनुशार वास्तवमा राष्ट्रले धेरै वर्ष अगाडी प्रत्येक वालवालिकाहरुलाई शिक्षाको समान अवशर प्रदान गर्ने प्रतिज्ञा गरेको भएता पनि अझै हाम्रो देशमा विपन्न परिवारको वालवालिकाहरुले शिक्षाको अवशर प्राप्त गर्न सकिरहेका छैनन् । अर्कोतर्फ विद्यालय स्तरको बालवालिकाहरु भर्ना भएपनि निरन्तरता पाउन सकिरहेका छैनन् । यस्तो हुनुको कारण ग्रामिण क्षेत्रमा राम्रो शैक्षिक वातावरण नहुनु हो । वालवालिका रमाई रमाई विद्यालयमा आउने ,विद्यालयमा बढी समय विताउन मन पराउने , ज्ञानवर्द्धक खेलहरु खेल्न पाउने र नयाँ नयाँ व्यवहारिक अनुभवहरु प्राप्त गर्न

पाउने , सहपाठिसंग बसि कक्षामा ज्ञान तथा सीपको आदानप्रदान गर्ने जस्ता स्तरीय शैक्षिक वातावरण नहुँदा धनी तथा सम्पन्नहरुले आफ्ना छोराछोरीलाई शहरका स्तरीय विद्यालयहरुमा अध्ययन गर्न पठाउछन् । अत : गाँउघरका विद्यालयहरुमा अध्ययन गर्ने बालवालिकाहरु धेरै जसो न्युनतम् शैक्षिक तह पुरा नगरि विचैमा विद्यालय छोड्ने , असफल हुने वा कक्षा दोहोयाउने गर्दछन् । यस्ता बालवालिकाहरु बयस्क भएपछि निम्नस्तरको काम गरि जीवनयापन गर्न बाध्य हुन्छन् ।

नेपालको ग्रामिण क्षेत्रको शिक्षामा सहभागितामा प्रभाव पार्ने तत्वहरु सम्बन्धी अध्ययन CERID (2000) अनुशार :- ग्रामिण क्षेत्रका प्राथमिक वालवालिकाको सहभागिता कम पार्ने निर्धारित तत्वहरुमा परिवारले आयस्रोत, अभिभावकको शिक्षा एवं व्यवहार, घरायसी कामकाज, विद्यार्थीको व्यक्तिगत स्वाभाव, विद्यालयको दुरी, सामाजिक मुल्य मान्यता र परम्परा र अन्य विविध कारण रहेको पाउन सकिन्छ । ग्रामिण क्षेत्रका ४५ प्रतिशत वालवालिकाहरु विद्यालय जाने उमेर बितेपछि अर्थात १/२ वर्ष ढिलो विद्यालय जान्छन् । ग्रामिण क्षेत्रका वालवालिकालाई घरायसी कामकाजमा लागाइन्छ । जस्तै भाई बहिनी हर्ने, घर कुनै घाँस काट्ने दाउरा जम्मा गर्ने, गाईवस्तु चराउने, ग्रामिण क्षेत्रमा ५ प्रतिशत वालवालिका प्रत्यक्ष आय आर्जन कार्यमा संलग्न रहेको पाइन्छ । ग्रामिण क्षेत्रका ४० प्रतिशत वालवालिका नियमित पठन पाठनमा संलग्न रहेको पाइएको छ जसमा ५५.७ प्रतिशत छात्र र २२ प्रतिशत छात्रा रहेका छन् । अभिभावकको शैक्षिक स्थिति, वालवालिकाहरुप्रति गरिने व्यवहार, अशिक्षा, कमजोर आर्थिक स्थिति जस्ता कुराहरुले वालवालिकाको विद्यालयमा सहभागिताको स्थितिमा प्रत्यक्ष प्रभाव पारेको पाइयो ।


जोगी समूदाय सशक्तिकरण मञ्च, नेपाल (FEJ, Nepal) ले वि.सं. २०६५ सालमा “जोगी जाति शैक्षिक अवस्था” सम्वन्धमा तेह्रथुम जिल्लामा अध्ययन अनुसन्धान गरे अनुसार तेह्रथुम जिल्लामा पहिलो पटक एस.एस.सी. पास गर्ने जोगी जातिका व्यक्ति ओयाक्जुङ्ग-८ निवासी श्री लक्ष्मीप्रसाद जोगीका छोरा हेमप्रसाद जोगी हुन् । उनले श्री गौखुरी मा.वि. मोराहाङ्ग, तेह्रथुमबाट वि.स. २०४० सालमा एस.एल. सी पास गरेका थिए । त्यसैगरि तेह्रथुम जील्लामा पहिलो पटक प्रथम श्रेणीमा एस.एल.सी. पास गर्ने व्यक्तिहरु ओयाक्जुङ्ग-७ निवासी श्री रत्नबहादुर जोगीका छोरा धनबहादुर जोगी र सोही वडाका श्री हरीबहादुर जोगीका छोरा कृष्णबहादुर जोगी हुन् । उनीहरु दुबैले श्री सिद्धकाली मा.वि. मेहेले ओयाक्जुङ्ग, तेह्रथुमबाट वि.सं. २०५५ सालमा एस.एल.सी. पास गरेका थिए । वि.स. २०६५ सालसम्ममा तेह्रथुमको ओयाक्जुङ्ग गा.वि. स. भरिमा एस.एल.सि. परिक्षामा प्रथम स्थान ओगट्न सफल हुने ४ जना (पुरुष मात्र) मात्र थिए । स्नातकोत्तर तहमा अध्ययनरत २ जना, स्नातक तह पूरा गर्ने १ महिला र २ जना पूरुष गरि ३ जना, प्रमाणपत्र तह पूरा गर्ने १ महिला र ३ जना पुरुष गरि ४ जना र एस.एल.सी पास गर्ने १६ महिला र २९ जना पुरुष गरि ४५ जना जोगी जातिहरु पाईएको थियो । जुन तेह्रथुम जिल्लामा रहेका सम्पूर्ण (२५१) घरधुरीमा सर्वेक्षण गरिएको थियो । तर त्यस अध्ययन प्रतिवेदनले माध्यमिक तहसम्मको जोगी जातिको शैक्षिक अवस्था सम्वन्धमा कुनै पनि जानकारी दिन सकेन । त्यसैगरि तेह्रथुमका जोगीहरुको रोजगारीमा संलग्नता सम्वन्धमा सरकारी क्षेत्रमा ५ जना पुरुष र गैर

सरकारी क्षेत्रमा १ जना पुरुष गरि जम्मा ६ जना रोजगारीमा संलग्न थिए भने जम्मा ७३७ जना जोगी महिलाहरुमध्ये एक जना पनि रोजगारीमा संलग्न थिएनन् । (फेज नेपालको प्रतिवेदन, २०६३) ।

माथी उल्लेख गरिएका लेख रचना र अनुसन्धानहरु केहि न केहि रुपले जोगी जातिसँग सम्वन्धित भएकोले यस अध्ययनको पूर्व साहित्यको सिंहावलोकनमा राखिएको छ । तर ति लेख, रचना र अनुसन्धानहरु जोगी र जातिको उत्पत्ती, धर्म, पेशा, वस्ने ठाउँ, रितिरिवाज र चाडपर्वसँग मात्र वढि सम्वन्धित छन् । केहि सिमित अध्ययनहरुले शिक्षाप्रतिको ध्यान एवं तीनिहरुको वर्तमान शैक्षिक अवस्थाको वारेमा एकदमै अधुरो ढंगले विश्लेषण गरेको पनि पाईयो । त्यो नै वास्तवमा ती अध्ययनहरुको मुख्य कमजोर पक्षहरु हुन् । यसरी हेर्दा जोगी जातिको वारेमा विस्तृत रुपमा आजसम्म कुनै अध्ययन अनुसन्धान भएको पाईदैन । त्यसै कारण जोगी जातिको विभिन्न पक्षको वारेमा कुनै व्यक्ति सरकारी वा गैर सरकारी संस्था तथा निकायलाई अध्ययन गर्न थप टेवा पुऱ्याउन यहाँ “जोगी जातिको बालबालिकाहरुको शैक्षिक अवस्था” सम्वन्धमा अध्ययन गरिएको थियो । साथै यसले अन्य अध्ययन एवं अनुसन्धानको लागि नयाँ वाटो समेत खोलि दिने विश्वास लिईएको थियो ।

### २.३ अवधारणत्मक ढाँचा

जोगी जातिका बालबालिकाको माध्यमिक तहसम्मको शैक्षिक अवस्था अध्ययन गर्न तयार पारिएको अवधारणात्मक खाका ।



# परिच्छेद तीन

# अध्ययन विधी

## ३.१ अनुसन्धानात्मक ढाँचा

अनुसन्धान विधीले अनुसन्धान कार्यलाई मार्गनिर्देशन गर्दछ जुन तरिकाबाट अनुसन्धान कार्यलाई सम्पन्न गरिन्छ वा तथ्याङ्क/सुचना संकलन, व्याख्या, विश्लेषण गरि निष्कर्षमा पुगिन्छ त्यो प्रक्रियालाई नै अध्ययन विधीमा उल्लेख गरिन्छ । यो अनुसन्धान जोगी जाति बसोवास गरेको ठाउँ र जोगी जातिका बालबालिकाहरु अध्ययन गर्ने प्राथमिक तथा माध्यमिक विद्यालयमा अध्ययनकर्ता प्रत्यक्ष रुपमा सहभागी भई घरधुरी सर्वेक्षण फारम, अन्तवार्ता प्रश्नावली, अन्तवार्ता निर्देशिकाहरु र कक्षा अवलोकन फारम जस्ता साधनहरुको प्रयाग गरि सम्बन्धित स्रोतहरुबाट सुचना/तथ्याङ्कहरु संकलन गरिएको थियो । संकलित सुचना/तथ्याङ्कको आधारमा "जोगी जातिको बालबालिकाहरुको शैक्षिक अवस्था" लाई समस्याको रुपमा लिएर गहन, व्यापक र बृहत रुपमा case study गरि व्याख्या र विश्लेषण संख्यात्मक र गुणात्मक रुपमा गरिएको ।

अध्ययनको उद्देश्य अनुरुप अवलम्बन गरिएको स्रोत र साधनहरु:

| **उद्देश्यहरु** | **स्रोतहरु** | **साधनहरु** |
|---|---|---|
| १. जोगी बालबालिकाको आर्थीक सामाजिक अवस्था पहिचान गर्नु । | वडा नं ७, ८ र ९ का नमूनामा परेका घरपरिवारहरु | घरधुरी सर्वेक्षण फारम |
| २. जोगी बालबालिकाहरुको प्राथमिक र माध्यमिक तहको शिक्षामा सहभागिता दर र शैक्षिक स्तर पत्ता लगाउनु । | प्रधानाध्यापकहरु<br>शिक्षकहरु<br>विद्यालयको अभिलेखहरु<br>लक्षित समूह छलफल<br>नमूनामा परेका घरपरिवारहरु | अन्तवार्ता प्रश्नावली<br>अन्तरवार्ता निर्देशिकाहरु<br>कक्षा अवलोकन फारम<br>घरधुरी सर्वेक्षण फारम |
| ३. जोगी बालबालिकाहरुको प्राथमिक माध्यमिक तहमा कक्षा छाड्ने तथा कक्षा दोहोऱ्याउने संख्या पत्ता लगाउनु । | प्रधानाध्यापकहरु<br>शिक्षकहरु<br>विद्यालयको अभिलेखहरु<br>लक्षित समूह छलफल<br>नमूनामा परेका घरपरिवारहरु | अन्तवार्ता प्रश्नावली<br>अन्तरवार्ता निर्देशिकाहरु<br>कक्षा अवलोकन फारम<br>घरधुरी सर्वेक्षण फारम |

### ३.२ तथ्याङ्क संकलनका श्रोतहरु

यस अध्ययनका प्राथमिक र द्वितिय दुवै प्रकारका श्रोतहरुवाट तथ्याङ्क संकलन गरिएको छ । जस अन्तर्गत प्राथमिक र द्वितिय श्रोतहरु निम्नानुसार रहेका थिए :

**प्राथमिक स्रोत** : प्रधानाध्यापकहरु, शिक्षकहरु, लक्षित समूह, घरधुरी सर्वेक्षण ।

**द्वितिय स्रोत** : विद्यालयमा भएका अभिलेखहरु, गा.वि.स., जि.वि.स. लगायत अन्य सरकारी तथा गैरसरकारी संघ संस्थावाट प्रकासित यस अध्ययनसँग सम्वन्धित प्रतिवेदन लेख, रचना, पत्र-पत्रिका आदि ।

### ३.३ नमूना छनोट प्रक्रिया

समय र आर्थिक पक्षलाई मध्यनजर गर्दै यस अध्ययनको निर्धारित उद्देश्य पूरा गर्न निम्नानुसार सम्भावनायुक्त र सम्भावनारहित नमूना छनोट विधि अपनाई नमूना छनोट गरिएको थियो ।

क) स्थान छनोट प्रक्रिया :

यस अध्ययनको निमित्त जोगी जातिको बढि बस्ती भएको, प्रतिक्रियाकर्ताहरुलाई सहजै भेट्न सकिने, अनुसन्धानकर्ताको घरको नजिक रहेको र आर्थिक र समयको दृष्टिकोणले पनि कम खर्चिलो भएकोले तेह्रथुम जील्लाको ओयाक्जुङ्ग गा.वि.स.अन्तर्गत पर्ने वडा नं. ७, ८ र ९ लाई सुविधाजनक नमूना छनोट बिधिबाट नमूना क्षेत्रको रुपमा छनोट गरिएको थियो ।

ख) विद्यालयहरुको छनोट प्रक्रिया :

तेह्रथुम जील्लाको ओयाक्जुङ्ग गा.वि.स.अन्तर्गत पर्ने वडा नं. ७, ८ र ९ हरुमा एक एक वटा मात्र विद्यालय भएको र यिनै विद्यालयहरुमा जोगी जातिका बालबालिकाहरु पढ्ने भएकोले वडा नं. ९ मा रहेको श्री सिद्धकाली उ.मा.वि. मेहेले, वडा नं. ८ मा रहेको श्री पाथीभरा प्रा.वि. रातमाटे र वडा नं ७ मा रहेको श्री जनता प्रा.वि. आहाले विद्यालयहरुलाई उद्देश्यमूलक नमूना छनोट विधिको आधारमा नमुना विद्यालयको रुपमा छनोट गरिएको थियो ।

ग) लक्षित समूहको निर्माण प्रक्रिया :

यस अध्ययनको उद्देश्य अनुरुप माध्यमिक तहमा तिन वटा शै.स. र प्राथमिक तहमा पाँच वटा शै.स.को शैक्षिक विवरण लिनु पर्ने भएकोले कक्षा ५ र कक्षा १० लाई स्वतः नमूना कक्षाको रुपमा छनोट गरिएको छ । त्यसैगरि कक्षा ५ र १० अध्ययनरत सम्पूर्ण जोगी बालबालिकाहरुलाई लिङ्गको आधारमा २

समुह निर्माण गरियो र प्रत्येक विद्यालयको कक्षा ५ र कक्षा १० बाट २ छात्र र २ छात्रा रहने कोटा तयार गरि सामान्य सम्भावनायुक्त नमूना छनोट विधिबाट प्रत्येक विद्यालयबाट ४/४ जना गरि जम्मा १२ (छात्र ६ र छात्रा ६) जना विद्यार्थीहरुको छनोट गरि १२ जना विद्यार्थीहरुको लक्षित समुह निर्माण गरिएको थियो (परिशिष्ट ६) ।

घ) प्र.अ. तथा शिक्षकको छनोट प्रक्रिया :

प्रत्येक विद्यालयका एक एक जना मात्र प्र.अ. हुने भएकोले प्र.अ.हरुलाई स्वतः छनोट गरिने छ । त्यसैगरि नमूनामा परेका विद्यालयहरुमा जोगी जातिका शिक्षकहरु पनि भएको कारणले उद्देश्यमूलक नमूना छनोट विधिको प्रयोग गरि प्रत्येक विद्यालयबाट २/२ जना शिक्षकहरुको छनोट गरिएको थियो ( परिशिष्ट ७) ।

ङ) घरधुरी छनोट प्रक्रिया :

तेह्रथुम जील्लाको ओयाक्जुङ्ग गा.वि.स.अन्तर्गत पर्ने वडा नं. ७, ८ र ९ हरुमा रहेका सम्पूर्ण जोगी जातिका घरधुरीहरुमा गई घरधुरी सर्वेक्षण फारम भर्न आर्थीक र समयको दृष्टिकोणले बढी खर्चिलो हुने भएकोले प्रत्येक वडा देखी १०/१० वटा पर्ने गरि जम्मा ३० वटा घरधुरीहरुलाई सामान्य सम्भावनायुक्त नमूना छनोट विधिको आधारमा छनोट गरि घरधुरी सर्वेक्षण फारम भरिएको थियो ।

**३.४ तथ्याङ्क संकलनका साधनहरु**

कुनै पनि विषयमा अध्ययन अनुसन्धान गर्नको निमित्त तथ्याङ्क संकलनका साधनहरुको आवश्यकता पर्दछ । सवै विषयमा अध्ययन गर्नको निमित्त एकै किसिमको तथ्याङ्क संकलनको आवश्यक पर्छ भन्ने हुँदैन । अध्ययन शिर्षकको प्रकृति र उद्देश्यको तथा अध्ययनको गहिराइपनले तथ्याङ्क संकलनका साधनहरुको निर्धारण गर्दछ । यस शिर्षकमा अध्ययन अनुसन्धान कार्य सम्पन्न गर्न कक्षा अवलोकन फारम, अन्तरवार्ता प्रश्नावली, अन्तवार्ता निर्देशिका, घरधुरी सर्वेक्षण फारमलाई तथ्याङ्क एवं सूचना संकलनको साधनको रुपमा लिईएको थियो ।

**३.४.१ लक्षित समूह छलफल निर्देशिका :**

प्राथमिक र माध्यमिक तहमा अध्ययनरत जोगी जातिका विद्यार्थीहरुको शैक्षिक स्थिति, विद्यालय नियमितता, अनियमितता सम्बन्धि जानकारी लिन लक्षित समूह छलफल निर्देशिका निर्माण गरि लक्षित समूहमा छनोट भएका विद्यार्थीहरुको समूहलाई अध्ययनको उद्देश्य वमोजिम विभिन्न शिर्षकहरुमा क्रमशः छलफल गराइ आवश्यक सुचना संकलन गरिएको थियो (परिशिष्ट ३) ।

### ३.४.२ प्र.अ.को निमित्त अन्तवार्ता फारम :

जोगी बालबालिकाको शैक्षिक प्रगति उपलब्धि, भर्ना, कक्षा छाड्ने र दोहोऱ्याउने दर जानकारी लिनको लागि प्र.अ.लाई सोधिने अन्तवार्ता फारम तयार गरि तिनै वटा विद्यालयका प्र.अ.हरुसँग पालैपालो आमने सामने रुपमा अन्तवार्ता सञ्चालन गरिएको थियो । साथै प्र.अ.बाट विद्यालयको विद्यार्थी भर्नाको अभिलेख, परिक्षामा उत्तिण/अनुत्तिर्ण विद्यार्थी विवरण, विचैमा कक्षा छोड्ने र दोहोर्याउने विद्यार्थीहरुको विवरण, विभिन्न तहमा उच्च स्थान ओगट्ने विवरण, लिएर स्वयं अनुसन्धानकर्ताद्वारा फारम भरिएको थियो (परिशिष्ट ४) ।

### ३.४.३ शिक्षकको निमित्त अन्तवार्ता निर्देशिका :

जोगी जातिका बालबालिकाहरुले शैक्षिक वातारणमा गर्ने अन्तरक्रिया, सहभागीता, सक्रियता, कक्षामा उपस्थीती, शैक्षिक स्तर सम्बन्धि जानकारी लिन शिक्षकको लागि अन्तवार्ता निर्देशिका तयार गरि नमूनामा परेका प्रत्येक शिक्षकलाई छुट्टाछुट्टै रुपमा प्रत्यक्ष भेटी अनुसन्धानकर्ताद्वारा अन्तरक्रिया गरि आवश्यक सूचना संकलन गरिएको थियो (परिशिष्ट २) ।

### ३.४.४ घरधुरी सर्वेक्षण फारम :

जोगी जातिका पारिवारिक, आर्थीक र शैक्षिक पक्ष तथा विद्यार्थीको सक्रियता, साथीहरुसँगको मेलमिलाप, गैर जोगी बालबालिकाहरुले उनिहरुसँग गर्ने व्यवहारको बारेमा सुचना लिन घरधुरी फारम निर्माण गरि अनुसन्धानकर्ताले प्रत्यक्ष रुपमा नमूनामा परेका घरधुरीहरुमा गई फारम भरी आवश्यक सुचना संकलन गरिएको थियो (परिशिष्ट १) ।

### ३.४.५ कक्षा अवलोकन फारम :

जोगी जातिका बालबालिकाहरुको यथार्थ रुपमा शैक्षिक क्रियाकलापमा देखाउने व्यवहार, सक्रियता, अन्य साथी सगँको मेलमिलाप, अर्न्तक्रियामा सहभागिता आदिको बारेमा जानकारी लिन अनुसन्धानकर्ताले कक्षा अवलोकन फारम निर्माण गरि सम्बन्धित विद्यालयहरुमा पुगेर प्राथमिक विद्यालयहरुको कक्षा ५ र माध्यमिक विद्यालयको कक्षा १० मा शिक्षण सिकाई क्रियाकलाप सञ्चालन भएको अवस्थामा कक्षाकोठा भित्रै पसेर कक्षा अवलोकन फारम भरिएको थियो (परिशिष्ट ५) ।

## ३.५ तथ्याङ्क संकलन विधी

जोगी जातिको बालबालिकाहरुको माध्यमिक तहसम्मको शैक्षिक अवस्था सम्बन्धि अध्ययनमा जागी जातिको बालबालिकाहरुको सहभागीता दर, शैक्षिक स्तर, कक्षा कक्षा छाड्ने र दोहोऱ्याउने दर र

कक्षामा कम सहभागी हुने कारणबारे जानकारी लिन तथ्याङ्क श्रोत अनुसारको प्रश्नावलीहरु अध्ययनसँग सम्बन्धित क्षेत्रका सम्बन्धित सरोकारवालाहरुसँग भेटी प्रत्यक्ष रुपमा भराईएको छ । जस अन्तर्गत सबैभन्दा पहिले घरधुरी सर्वेक्षण फारमको सहायताबाट ३० वटा नमूना घरपरिवारबाट सुचना एवं तथ्याङ्क संकलन गरिएको थियो भने त्यसपछि नमूनामा परेका तिन वटै विद्यालयका विद्यार्थीहरुबाट लक्षित समूह निर्माण गरी लक्षित समूह छलफल गराईएको थियो । त्यसपछि क्रमशः श्री सिद्धकाली उ.मा.वि. मेहेले, श्री जनता प्रा.वि. आहाले र श्री पाथीभरा प्रा.वि. रातमाटेका प्र.अ. हरु तथा छनौटमा परेका शिक्षकहरुसँग छलफल र अन्तवार्ता कार्य सम्पन्न गरिएको थियो । अन्त्यमा नमुनामा परेका विद्यालयहरुमा कक्षा ५ र १० मा कक्षा शिक्षणको समयमा नै कक्षा अवलोकन फारमको प्रयोग गरि आवश्यक सुचना तथा तथ्याङ्क संकलन गरिएको थियो ।

### ३.६ तथ्याङ्कको विश्लेषण तथा व्याख्या

अध्ययनको लागि प्राथमिक र सहायक श्रोतबाट संकलित तथ्याङ्कहरुलाई जस्ताको तस्तै प्रयोग गर्न सार्थक हुँदैन । किनकि अध्ययन क्षेत्रमा गएर संकलन भएका कतिपय तथ्याङ्कहरु अव्यावहारिक, अष्पष्ट र अनावश्यक पनि हुन सक्छन् । वास्तवमा सुरुमा प्राप्त भएका तथ्याङ्कहरु कोरा हुन्छन् । तसर्थ कोरा तथ्याङ्कलाई प्रशोधन गरि स्पष्ट, अर्थपूर्ण र व्यावस्थित वनाउनु पर्ने हुन्छ । विषयको प्रकृति अनुसार तथ्याङ्क विश्लेषणका विधिहरु पनि फरक फरक हुन्छन् ।

यहाँ तथ्याङ्क संकलन गर्न प्रयोग गरिएका अनुसन्धानका साधनहरु र प्राप्त तथ्याङ्कहरुको स्वरुपको आधारमा विश्लेषणको गुणात्मक तरिका अनुसार कोरा तथ्याङ्कलाई बर्गीकरण, तालीकीकरण तथा छानविन गरि अनावश्यक र असान्दर्भिक तथ्याङ्कलाई हटाइएको थियो । कतिपय अष्पष्ट सुचनाहरुलाई विश्लेषणात्मक अध्ययन गरि स्पष्ट र अर्थपूर्ण बनाइएको थियो । शोध विषयसँग सम्वन्धित सुचनाहरुलाई अनुसन्धानको साधन र अध्ययनको जनसंख्याको भिन्नताको आधारमा समूहिकरण गरिएको थियो । समस्याको अध्ययनलाई दिशावोध गराउन उपलब्ध तथ्याङ्कहरुको व्याख्यात्मक तरिकाले विश्लेषण गर्दै पूर्व निर्धारित सिद्धान्तहरुसँग सम्बन्ध जोड्ने प्रायस गरिएको थियो । यसरी तथ्याङ्कलाई विश्लेषण गरि शोध अनुसन्धानलाई निष्कर्षमा पुऱ्याउन विशेष गरेर गुणात्मक विश्लेषण प्रक्रियाको प्रयोग गरिएको थियो ।

### ३.७ साधनको वैद्यता

तथ्याङ्क संकलनको क्रममा प्राप्त भएको सुचनालाई विभिन्न माध्यमबाट वैद्य बनाउने प्रयास गरिएको थियो । विभिन्न स्रोत साधन बाट प्राप्त हुन आएको सुचनालाई त्रिकोणात्मक विधीद्वारा वैद्य बनाइएको थियो । त्यसैगरि यस शोधकार्यका शोधनिर्देशकज्यु लगायत सुचनाका स्रोतव्यक्ति र

अन्य सहपाठी साथिहरुको राय सल्लाह सुझावको आधारमा सुचनालाई पुर्णरुपमा वैद्यता प्रदान गरिएको थियो ।

### ३.८ नैतिकताको मापदण्ड

यस शोधकार्यमा उत्तरदातालाई उनिहरुले खुलाएको सुचना गोप्य रहने कुरामा विश्वस्त गराई सुचना संकलन गरिएको थियो । त्यसैगरि नाम सार्वजनिक नगर्ने सहमतीमा उत्तरदाताबाट गोप्य कुराहरु समेत लिईएको र लिन नहुने तथा गर्न नहुने कुनैपनि क्रियाकलाप गरिएको छैन । दवाव मुलक तरिकाले उत्तर दिन बाध्य पारिएको छैन । संकलन गरिएको सुचना बास्तविकतामा आधारित थिए । अन्त्यमा उनिहरुले खोजकार्यमा सहयोग गरेकोमा धन्यवाद व्यक्त गरिएको थियो ।

# अध्याय चार

## सूचनाको बिश्लेषण तथा व्याख्या

तेह्रथुम जिल्ला ओयाक्जुङ्ग गा.वि.स.वडा नं. ७, ८ र ९ मा रहेका जोगी जातीको बालबालिकाहरुको माध्यमिक तहसम्मको शैक्षिक अवस्था अन्तर्गत शिक्षामा जोगी बालबालिकाहरुको सहभागिता, नियमितता, सक्रियता, उत्तिर्ण दर, अनुत्तिर्ण दर शैक्षिक स्तर, कक्षा छोड्ने तथा दोहोर्‍याउने कारण आदि सम्बन्धी संकलित सूचना एवं तथ्याङ्कहरुलाई निम्नानुसार बिष्लेषण तथा व्याख्या गरिएको थियो ।

### ४.१ अध्ययन क्षेत्रको जनसांख्यिक स्थिती

कुनै पनि स्थानमा निश्चित समयावधीमा वसोवास गर्ने सम्पूर्ण मानिसहरुको संख्यालाई सो ठाँउको जनसंख्या भनिन्छ । योग्य र उपयुक्त जनसंख्या कुनै पनि स्थानको सकरात्मक परिवर्तनको निमित्त आवश्यक हुन्छ तर अनावश्यक जनसंख्याले अनुकुल असर पार्नुको सट्टा हत्या, हिंसा, आन्दोलन भोकमारी, जस्ता विकराल समस्याहरु निम्त्याउँछ । यहाँ तेह्रथुम जिल्लाको ओयाक्जुङ्ग गा.वि.स.को जनसंख्यालाई उमेरगत रुपमा तालिकाद्वारा प्रस्तुत गरिएको थियो ।

तालिका नं. १

अध्ययन क्षेत्रको कुल जनसंख्याको उमेरगत स्थिती :

| क्र.सं | उमेर समूह | कुल जनसंख्या | प्रतिसत |
|---|---|---|---|
| १ | ०–४ | ६०० | ११.४८ |
| २ | ५– ९ | ५९० | ११.२९ |
| ३ | १० –१४ | ४८० | ९.१८ |
| ४ | १५ –१९ | ६३५ | १२.१५ |
| ५ | २०–२४ | ६१५ | ११.७७ |
| ६ | २५–२९ | ५२६ | १०.०६ |
| ७ | ३०–३४ | ६१२ | ११.७१ |
| ८ | ३५–३९ | ३१५ | ६.४१ |
| ९ | ४०–४४ | १५० | २.८७ |
| १० | ४५–४९ | ११० | २.१५ |
| ११ | ५०–५४ | १३० | २.४८ |
| १२ | ५५–५९ | १२५ | २.३९ |
| १३ | ६०–६४ | ११२ | २.१४ |
| १४ | ६५–६९ | ११५ | २.२० |
| १५ | ७०+.... | ९० | १.७२ |
|  | कुल | ५२२५ | १०० |

स्रोत : गा.वि.स.को प्रोफाईल, ओयाक्जुङ्ग, २०६७ ।

उपरोक्त तालीका नं. १ का अनुसार के कुरा स्पष्ट हुन्छ भने तेह्रथुम जिल्लाको ओयाक्जुङ्ग गा.वि.स.मा कुल ५,२२५ मानिसहरु बसोबास गर्छन् । जसमध्ये उमेर समूहको आधारमा सबैभन्दा बढी (१५–१९) बर्ष उमेर समूहका मानिसहरु (६३५ जना) बसोबास गरेको पाईएको थियो । जुन कुल जनसंख्याको १२.१५ प्रतिसत हुन आँउछ । त्यसै गरि ओयाक्जुङ्ग गा.वि.स.मा ७० बर्षभन्दा माथिको समूहको जनसंख्या सबैभन्दा कम (कुल जनसंख्याको १.७२ प्रतिसत) रहेको पाईयो । त्यसैगरि १५ बर्षभन्दा मूनिको आश्रीत एवं विद्यालय उमेर समूहको जनसंख्या ३१.९५ (११.४८ +११.२९+९.१८) प्रतिसत पाइएको थियो । समग्रमा भन्नुपर्दा ओयाक्जुङ्ग गा.वि.स.मा (०–१५) बर्ष उमेर समूहको आश्रित जनसंख्या निकै बढी देखिन्छ भने ६० बर्ष माथिको आश्रित जनसंख्या कम रहेको पाईएको थियो । त्यसैगरि उक्त अध्ययन क्षेत्रमा प्रा.वि.तह उमेर समूहका ११.२९ प्रतिसत र नि.मा.तथा मा.वि. तह उमेर समूहका ९.१८ प्रतिसत गरि जम्मा २०.३७ प्रतिसत बालबालिकाहरु विद्यालय जाने उमेर समूहका पाईएको थियो ।

**४.१.१ उमेर तथा लिङ्गको आधारमा नमूना क्षेत्रको जनसंख्या :**

कुनै पनि ठाँउ, वस्तु वा पदार्थको सम्पूर्ण पक्षलाई अध्ययनमा समावेश गर्न आर्थिक र समयको दृष्टिकोणले बढी खर्चिलो हुन्छ । तसर्थ ति जटिलताहरुलाई सहजपूर्वक समाधान गर्न कुल मात्राबाट निश्चित अंशको छनोट गरि अध्ययनको नतिजालाई वृहत क्षेत्रमा सामान्यिकरण गर्ने गरिन्छ । त्यसैले यस अध्ययनमा तेह्रथुम जिल्लाको ओयाक्जुङ्ग गा.वि.स.मा रहेका कुल २५५ वटा जोगी जातीका घरपरिवार मध्ये वडा नं ७,८ र ९ अन्तर्गत ३० वटा घरधुरीलाई नमूनाको रुपमा लिईएको थियो । ती घरधुरीको जनसंख्यालाई उमेर र लिङ्गको आधारमा तलको तालिकामा देखाईएको छ ।

तालिका नं. २

नमूना घरधुरीको उमेर र लिङ्गको आधारमा जनसंख्या

| क्र.सं. | उमेर समूह | पुरुष | प्रतिशत | महिला | प्रतिशत | कुल | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | ०-१४ | ४५ | ४१ | ५० | ३५.७१ | ९५ | ३८ |
| २ | १५-५९ | ५५ | ५० | ७८ | ५५.७१ | १३३ | ५३.२ |
| ३ | ६०+ | १० | ९ | १२ | ८.५८ | २२ | ८.८ |
| | कुल | ११० | १०० | १४० | १०० | २५० | १०० |

स्रोत :- स्थलगत अध्ययन सर्वेक्षण, २०६८ ।

उपरोक्त तालिका नं २ अनुसार नमूनामा परेका घरधुरीहरुमा कुल २५० जना मानिसहरु बसोबास गरेको पाइएको थियो । जसमा महिलाको संख्या पुरुषको भन्दा ३० जना बढि रहेको पाईएको थियो । उमेर समूह अनुसार (१५-५९) उमेर समूहको जनसंख्या सबैभन्दा बढि पाईयो । जून कुल जनसंख्याको ५३.२ प्रतिशत थियो । यसबाट के थाहा पाउन सकिन्छ भने आश्रित जनसंख्या र आर्थिक

रुपले सक्रिय जनसंख्या लगभग बराबर जस्तो पाईयो । जस अन्तर्गत ३० वटा नमूना घरपरिवारमा रहेका कुल जनसंख्यामध्ये ३८ प्रतिसत जनसंख्या विद्यालय जाने उमेर समूहका बालबालिकाहरु पाईएको थियो ।

### ४.१.२ नमूना घरपरिवारको आकार :

एउटै भान्सामा खाना खाने, एउटै छानोमुनी वसाबास गर्ने, जन्म वा वैवाहिक सम्बन्धले एक आपसमा सम्बन्धित भएका व्यक्तिहरुको समूहलाई नै परिवार भनिन्छ । परिवारको आकार निर्धारण गर्न विवाहको उमेर, सामाजिक, सास्कृतिक तथा धार्मिक मूल्यमान्यताहरुले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यस अध्ययनमा  अध्ययनको क्षेत्र भित्रका घरधुरी जोगी परिवारमा ४ जना देखि १२ जना (औषत ८ जना) सम्म सदस्यहरु रहेको पाईयो । नमूना छनोटमा परेका परिवारहरुको आकार निम्न तालिकाबाट प्रष्ट पार्न सकिन्छ ।

तालिका नं. ३

नमूना छनोटमा परेका घर परिवारहरुको आकार

| क.सं. | परिवारको आकार (जनामा) | परिवारको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ४ | ७ | २३.३३ |
| २ | ५-७ | ९ | ३० |
| ३ | ८-१० | १० | ३३.३३ |
| ४ | ११ भन्दा माथि | ४ | १३.३४ |
| | जम्मा | ३० | १०० |

स्रोत :- स्थलगत अध्ययन सर्वेक्षण, २०६८ ।

तालिका नं ३ का अनुसार ४ जनासम्म सदस्य संख्या रहेका घरपरिवार ७ (२३.३३५) रहेको छ । जुन परिवारको आकार आर्थिक तथा शैक्षिक दृष्टिकोणले उपयुक्त मानिन्छ । तर ८ देखि १० जना सदस्य संख्या भएका परिवार  १० (३३.३३५) वटा पाईयो । यस्तो परिवारको आकार भने अलिक बोझीलो देखिन्छ । निष्कर्षमा भन्नु पर्दा नमूना क्षेत्रको परिवारको औषत आकार ८ जना हुनु अहिलेको वैज्ञानिक र प्रतिस्पर्धात्मक यूगमा निकै वढी मानिन्छ ।

## ४.२ आर्थीक सामाजिक अवस्था :

### ४.२.१ जोगी जातीको आम्दामीको श्रोतहरु :

नेपाल एक कृषी प्रधान देश हो । यहाँ लगभग ८०% मानिसहरु कृषी क्षेत्रमा लागेका छन् । जसले नेपालको कल गार्हस्थ उत्पादनमा ४०% योगदान दिन सफल भएको छ । जोगी जातीका मानिसहरु पनि बढि कृषि क्षेत्रमा लागेका छन् । अध्ययन क्षेत्रका जोगी जातीहरुको मख्य आम्दामीको

श्रोतहरुमा कृषि, व्यापार, नोकरी, पशुपंक्षी र ज्याला मजदुरी पर्दछन् । यसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं ४

जोगी जातीको आम्दामीको श्रोतहरु (घरधुरी संख्यामा)

| क.स. | आम्दामीका श्रोतहरु | घरधुरी संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | कृषि | ११ | ३६.६ |
| २ | व्यापार | २ | ७ |
| ३ | नोकरी | २ | ७ |
| ४ | पाशुपंक्षी | ५ | १६.०७ |
| ५ | ज्याला मजदुरी | १० | ३३.३३ |
| | जम्मा | ३० | १०० |

स्रोत :-स्थलगत अध्ययन सर्वेक्षण, २०६८ ।

माथी उल्लेखित तालिका नं २० अनुसार अध्ययन गरिएका कुल ३० घरपरिवारमध्ये ११ (३६.६%) घरपरिवारले कृषिलाई, २ (७%) परिवारले व्यापारलाई, २ (७%) परिवारले नोकरीलाई, ५(१६.०७%) परिवारले पशुपंक्षीलाई र १०(३३.३३%) परिवारले ज्याला मजदुरीलाई आम्दामीको मुख्य श्रोत मानेको पाईयो । यसरी हेर्दा अध्ययन क्षेत्रका जोगी घरपरिवारमध्ये धेरैजसोले कृषिलाई नै मुख्य आम्दामीको श्रोतको रुपमा लिएको पाईयो भने व्यापार र नोकरीमा एकदमै कम घरपरिवार पाईएको थियो । समग्रमा भन्नुपर्दा अध्ययन क्षेत्रका जोगी जातीहरु परम्परागत ढाँचामा गुज्रको पाईएको थियो ।

### ४.२.२ **भू-स्वामित्व :**

अध्ययन क्षेत्रमा रहेका घरपरिवारहरुको भू-स्वामित्वमा पनि विविधता रहेको पाईएको छ । जसलाई  तलको तालिकामा प्रस्तुत गरिन्छ ।

तालिका नं ५

नमूना घरधुरीको भू-स्वामित्वको आकार

| क.स. | जमिनको आकार (रोपनीमा) | घरधूरी संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | ०–१० | १० | ३३.३३ |
| २ | १०–२० | ९ | ३० |
| ३ | २०–३० | ६ | २० |
| ४ | ३० भन्दा बढि | ५ | १६.६७ |
| | जम्मा | ३० | १०० |

स्रोत :-स्थलगत अध्ययन सर्वेक्षण, २०६८ ।

तालिका नं २१ लाई बिश्लेषण गर्दा (०–१०) रोपनी जग्गा हुने परिवारहरुमध्ये सबैभन्दा बढि १० (३३.३३%) घरपरीवारको जग्गा (०–१०) रोपनि मात्र पाईएको छ भने दोश्रो बढि ९ (३०%) घरपरिवारको (१०–२०) रोपनि मात्र पाईयो । जमिनको आकार ३० रोपनि भन्दा कम भएका घरधुरीको संख्या ५ (१६.६७%) मात्र पाईएको थियो । यसबाट के स्पष्ट हुन्छ भने अध्ययन क्षेत्रका प्रायजसो जोगीहरुले कृषिलाई नै मूख्य आम्दामीको श्रोत बनाएता पनि कमै घरपरिवारको मात्र बढि जग्गा जमिन पाईएको थियो ।

### ४.२.३ बार्षिक आय विबरण :

अध्ययन क्षोत्रका जोगी जातीको प्रमुख पेशा कृषि नै हो । यसको अलावा परिवारको केहि सदस्यहरु अन्य क्षेत्रहरु जस्तै व्यापार, नोकरी, ज्याला मजदुरी जस्ता अन्य क्षेत्रमा सहभागी भएर आम्दामी प्राप्त गर्ने गर्छन् । नमूना छनोटमा परेका घरपरिवारहरुको बार्षिक आम्दामीलाई निम्न तालिकामा देखाइएको छ ।

तालिका नं ६

जोगी जातीको बार्षिक आय विबरण

| क.स. | आम्दामी रकम (रु.मा) | घरपरिवार संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | ५,००० भन्दा कम | १२ | ४० |
| २ | ५,००० देखि १०,००० | ९ | ३० |
| ३ | १०,००० देखि २०,००० | ५ | १६.६७ |
| ४ | २०,००० भन्दा बढि | ४ | १३.३३ |
| कुल | | ३० | १०० |

स्रोत :-स्थलगत अध्ययन सर्वेक्षण, २०६८ ।

तालिका नं २२ लाई बिश्लेषण गर्दा १२ घरपरिवारको बार्षिक आम्दामी ५,००० भन्दा कम रहेको पाईयो । भने २०,००० भन्दा बढि बार्षिक आम्दामी हुने परिवारको संख्या ४ (१३.३३%) मात्र पाईएको थियो । यसबाट के स्पष्ट हुन्छ भने जोगी जातीको मुख्य पेशा नै कृषि भएको र जग्गा जमिन कम भएकोले यो स्थिती देखापरेको हो भन्न सकिन्छ । उच्च आम्दामी प्राप्त गर्नेहरुमा केहि जमिन हुनेहरु र वस्तुभाउ बढि पाल्नेहरु पाईएका थिए । अशिक्षा र गरिवीको कारण धेरै जोगीहरुको बार्षिक आम्दामी न्युन रहेको कुरा माथीको तालिकाबाट स्पष्ट हुन्छ ।

### ४.२.४ पशुधन विवरण :

जोगी जातिहरु कृषिका साथै पशुपालन पनि गर्दछन् । पेसाकै रुपमा पशुपालन गर्नेहरुको संख्या कम मात्रमा पाइन्छ । यिनिहरु जति पनि पशुपालन गर्दछन ति कृषिमा आधारित रहने गरेको पाइन्छ । पशुहरु खेति गर्दा चाहिने मल बनाउनका लागि मात्र पाल्ने गरेको पाइन्छ । खसी, बोका, सुगुर,बंगुर र कुखुरालाई मासु खान र बेचेर आम्दानि प्राप्त गर्न पाल्ने गरेको पनि पाइन्छ । जसलाई तलको तालिकामा देखाइएको छ ।

तालिका नं ७

जोगी जातीको पशुधन विबरण

| क.स | पशुधन | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | भैसी मात्र | ४ | १३.३३ |
| २ | गाई /गोरु मात्र | २ | ६.५ |
| ३ | गाई मात्र | ५ | १६.६७ |
| ४ | खसी/बोका मात्र | ९ | ३० |
| ५ | सुगुर/बंगुर मात्र | ४ | १३.३३ |
| ६ | कुखुरा मात्र | १ | ३५ |
| ७ | गाई/गोरु/खसी/बोका/कुखुरा/भैसी | ५ | १६.६७ |
| जम्मा | | | १०० |

स्रोत :-स्थलगत अध्ययन सर्वेक्षण, २०६८ ।

तालिका नं २३ का अनुसार अध्ययन क्षेत्रका धैरैजसो जोगी जातीहरुले खसी/बोकालाई पशुधनको रुपमा पाल्ने गरेको पाईएको थियो । खसी/बोका मात्र पाल्ने घरधुरी संख्या ९ (३०%) रहेको पाईयो । त्यसैगरी अध्ययन क्षेत्रमा कुखुरा मात्र पाल्ने घर एउटा थियो । तर कुखुराहरुलाई वैज्ञानिक र व्यवस्थीत किसिमले भने पाल्ने गरेको पाईएन । सो घरमा कुखुराहरु करिब ८० वटा भएता पनि कुखुरा देखि बार्षिक आम्दामी कम मात्र प्राप्त हुने गरेको बताउछिन् ओयाक्जुङ्ग– ८ निवासी एक महिला ।

### ४.३ शैक्षिक सहभागिता :

शैक्षिक सहभागिता अन्तर्गत नमूना क्षेत्रको जोगी बालबालिकाहरुको साक्षरताको स्थिती, विभिन्न तहमा सहभागिता, भर्ना, नियमितता, कक्षा छोड्ने तथा दोहोऱ्याउने संख्या जस्ता पक्षहरुलाई समेटिएको थियो ।

### ४.३.१ साक्षरताको स्थिती :

शैक्षिक दृष्टिले जोगी जाती निकै पछि परेको देखिन्छ । जोगी जातीका बालबालिकाहरुको शैक्षिक स्थितीको बारेमा परिवारको आकारको आधारमा पनि आँकलन गर्न सकिन्छ । जोगी बालबालिकाहरुको साक्षरताको स्थितीलाई तलको तालिकाबाट प्रस्ट पार्ने प्रयास गरिएको थियो ।

तालिका नं. ८

जोगी जातीको साक्षरताको स्थिती

| क.सं. | विबरण | निरक्षर | प्रतिसत | साक्षर | प्रतिसत | उच्चशिक्षा | प्रतिसत | कुल | प्रतिसत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | पूरुष | ४५ | ४१ | ५५ | ४४ | १० | ६६.६७ | ११० | ४४ |
| २ | महिला | ६५ | ५९ | ७० | ५६ | ५ | ३३.३३ | १४० | ५६ |
| | कुल | ११० | १०० | १२५ | १०० | १५ | १०० | २५० | १०० |

स्रोत :- स्थलगत अध्ययन सर्वेक्षण, २०६८ ।

उल्लेखित तालिका नं ४ अनुसार अध्ययन क्षेत्रको नमूनामा परेका ३० वटा घरधुरमा बसोबास गर्ने कुल २५० जनसंख्यामध्ये महिला ५६ प्रतिसत र पूरुष ४४ प्रतिसत रहेको पाईयो । उक्त घरधुरीमा बसोबास गर्ने कुल महिलाको जनसंख्यामध्ये निरक्षर, साक्षर र उच्च शिक्षामा सहभागीता क्रमशः ६५, ७० र ५ जना रहेका थिए । त्यसैगरी उक्त क्षेत्रको कुल पूरुषहरुमध्ये ४५, ५५ र १० जना क्रमश निरक्षर, साक्षर र उच्च शिक्षामा सहभागी रहेको पाईयो । कुल निरक्षर संख्या ११० अन्तर्गत पुरुष र महिलाको प्रतिसत क्रमश ४१ र ५९ रहेको पाइएको थियो । त्यसैगरी कुल साक्षर संख्या १२५ मा पुरुष ५६ प्रतिसत र महिला ४४ प्रतिसत रहेका थिए । जोगी जातीको औषत साक्षरता ५० प्रतिसत पाइएको छ । समग्रमा भन्नुपर्दा जोगी जातीहरुमा महिला भन्दा पुरुष बढी साक्षर भएको र साक्षर र निरक्षरको संख्या लगभग बराबर रहेको तथा जोगी जातीको साक्षरता प्रतिसत हाल नेपालको साक्षरता प्रतिसत ( ६३.२) भन्दा निकै कम रहेको पाईयो ।

### ४.३.२ विद्यालय जाने उमेर समूहका जोगी बालबालिकाहरुको विबरण :

जोगी जाती नेपालका जातीहरुमध्ये एक पिछडिएको जाती हो । यो जातीको कुल जनसंख्या कति छ भनेर आँकलन गर्न सकिएको छैन । यस अध्ययनको नमूना क्षेत्रमा रहेका विद्यालय जाने उमेर समूहका जोगी बालबालिकाहरुको विबरण तालिकामा देखाईएको छ ।

तालिका नं ९

विद्यालय जाने उमेर समूहका जोगी बालबालिकाहरुको विबरण

| क.सं | लिङ्ग | (६-१०) बर्ष उमेर समूह | (११-१३) बर्ष उमेर समूह | (१४-१५)बर्ष उमेर समूह | कुल |
|---|---|---|---|---|---|
| १ | महिला | १४५ | ८७ | ७५ | ३०७ |
| २ | पूरुष | १३२ | ७८ | ९० | ३०० |
| | कुल | २७७ | १६५ | १६५ | ६०७ |

स्रोत : गा.वि.स.को प्रोफाईल, ओयाक्जुङ्ग, तेह्रथुम, २०६७ ।

तालिका नं ५ बाट स्पष्ट हुन्छ कि अध्ययन क्षेत्रमा उल्लेखित तीन उमेर समूहमध्ये प्राथमिक तह उमेर समूहका बालबालिकाहरुको संख्या सबैभन्दा बढी २७७ जना पाईयो । जुन विद्यालय जाने उमेर समूहका जोगी बालबालिकाहरुको कुल ६०७ जनसंख्याको ४५.६ प्रतिसत हुन आउँछ । त्यसै गरि नि.मा. र मा.वि.तह उमेर समूह प्रत्येकमा २७.२ प्रतिसत पाईएको थियो । समग्रमा भन्नुपर्दा प्रा. वि. तहको बढी जनसंख्याले जोगी जातीमा उच्च जन्मदर भएको जनाउँछ ।

### ४.३.३ शै.स. २०६३-२०६७ मा प्राथमिक तहमा भर्ना भएका जोगी बालबालिकाहरुको विबरण :

अध्ययन क्षेत्रमा प्राथमिक तह (६-१०) उमेर समूहमा बालबालिकाहरुको संख्या अधिक दखिएको भएता पनि शिक्षामा पहुँच भएका कति बालबालिबकाहरु छन् भन्ने बारे तल तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं १०

प्रा. वि. तहमा जोगी बालबालिकाहरुको भर्ना विबरण

| शै.स. / | १ | | २ | | ३ | | ४ | | ५ | | कुल | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| २०६३ | २० | ३५ | २० | २१ | १८ | ११ | ११ | १५ | १३ | १४ | ८२ | ९६ |
| २०६४ | २१ | १५ | १८ | ३० | १८ | १९ | १८ | १२ | १० | १२ | ८५ | ८८ |
| २०६५ | १२ | २७ | २३ | १६ | २५ | २५ | १४ | १८ | १७ | १० | ८१ | ९६ |
| २०६६ | ३५ | २६ | १० | २५ | २३ | २७ | १४ | २२ | १५ | २० | ९७ | ११० |
| २०६७ | ३८ | २९ | २७ | १६ | १० | २० | १९ | १९ | १३ | २१ | १०७ | १०५ |

स्रोत :-स्थलगत अध्ययन सर्वेक्षण, २०६८ ।

तालिका नं ६ अनुसार प्रा.वि. तहमा जोगी बालबालिकाहरुको विगत पाँच बर्षको भर्ना विबरणमध्ये सबैभन्दा बढि शै.स. २०६७ मा जोगी बालबालिकाहरु प्रा.वि.तहमा भर्ना भएका थिए भने

शै.स. २०६४ मा सबैभन्दा कम भर्ना भएको पाईयो । त्यसैगरि लिङ्गगत रुपमा हेर्दा छात्राहरुमध्ये शै.स.२०६७ मा सबैभन्दा बढि १०७ जना र शै.स. २०६५ मा सबैभन्दा कम ८१ जना साथै छात्रहरुमा सबैभन्दा बढि र सबैभन्दा कम क्रमश २०६६ मा ११० जना र शै.स.२०६४ मा ८८ जना प्रा.वि. तहमा भर्ना भएको पाइयो । अध्ययन क्षेत्रमा भएका कुल २७७ जना प्रा.वि. उमेर समूहका बालबालिकाहरु शै.स.२०६७ मा कुल २१२ (७६.५३%) जना बालबालिका प्रा.वि. तहमा भर्ना भएको पाईयो । शै.स.२०६३ मा कक्षा १ मा भर्ना भएका २० जना छात्र र ३५ जना छात्रामध्ये पाँच बर्ष पछि शै.स. २०६७ मा १३ जना छात्र र २१ जना छात्रा कक्षा ५ मा पगेको पाईएको थियो । समग्रमा भन्नुपर्दा अध्ययन क्षेत्रमा प्रा.वि. तहको भर्नादर ७६.५३ प्रतिसत, छात्रभन्दा छात्रा बढि विद्यालयमा भर्ना भएको, प्रत्यके शै.स.मा छात्राहरुको भर्ना संख्यमा बृद्धि हुदै गएको र छात्रहरुको भर्ना संख्या घटबढ भैरहेको पाइएको थियो ।

### ४.३.४ शै.स. २०६५ देखि २०६७ सम्ममा माध्यमिक तहमा भर्ना भएका जोगी बालबालिकाहरुको विबरण :

माध्यमिक तह भन्नाले १४ बर्ष देखि १५ बर्ष उमेर समूहका बालबालिकाहरुले अध्ययन गर्ने कक्षा ९ र १० भन्ने बुझिन्छ । अध्ययन क्षेत्रमा रहेका कुल १६५ जना माध्यमिक तह उमेर समूहका बालबालिकाहरु थिए । तिनिहरुमध्ये कति बालबालिहरु माध्यमिक तहमा भर्ना भएका छन् ? विगतका तिन शै.स.मा तिनिहरुको सहभागीता कस्तो थियो ? भन्ने विबरण तल तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं ११

माध्यमिक तहमा भर्ना भएका जोगी बालबालिकाहरुको विबरण

| शै.स/कक्षा | ९ | | १० | | कुल | |
|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| २०६५ | ९ | ११ | १७ | १८ | ३६ | २९ |
| २०६६ | ११ | १७ | १८ | १० | २९ | २७ |
| २०६७ | १४ | १६ | १७ | १४ | ३१ | ३० |
| कुल | ४४ | ४४ | ५२ | ४२ | ९६ | ८६ |

स्रोत :- फ्लास रिपोर्ट २०६७, श्री सिद्धकाली मा.वि. मेहेले ।

तालिका नं ७ अनुसार अध्ययन क्षेत्रमा मा.वि. तहमा भर्ना भएका जोगी बालबालिकाहरुको तिन बर्षको विबरण हेर्दा शै.स. २०६५, २०६६ र २०६७ मा क्रमश (छात्र र छात्रा दुवै गरि) ६५, ५६ र ६१ जना मा.वि. तहमा भर्ना भएको पाईएको थियो । त्यसै गरि विगत तिन बर्षमा कक्षा ९ र १० मा कुल क्रमश ८८ (छात्र ४४ र छात्रा ४४) र ९४ (छात्र ५२ र छात्रा ४२) जना बालबालिकाहरु मा.वि. तहमा

भर्ना भएको पाईएको छ । अध्ययन क्षेत्रमा (१४-१५) बर्ष उमेर समूहका जोगी बालबालिकाहरुको हालको कुल संख्या १६५ भएता पनि मा.वि. तहमा ६१ जना मात्र बालबालिकाहरु भर्ना हुनु ज्यादै दहनिय स्थिती हो । समग्रमा भन्नु पर्दा अध्ययन क्षेत्रमा छात्रा भन्दा छात्र बढि मा.वि. तहमा भर्ना भएको र विगत तिन बर्षमा भर्ना संख्यामा घटबढ भैरहेको पाईएको थियो ।

### ४.३.५ प्राथमिक तहमा भर्ना भएका जोगी बालबालिकाहरुको उमेरगत विबरण :

नेपाल सरकार शिक्षा मन्त्रालयले ६ देखि १० बर्ष उमेर समूहलाई प्राथमिक तह उमेर समूह भनेर नामाकरण गरेता पनि यस क्षेत्रमा १० बर्ष भन्दा माथिका बालबालिकाहरुले पनि प्रा.वि. तहमा अध्ययन गर्दै गरेको पाईएको थियो । त्यसैले यहाँ २०६७ मा प्रा.वि. तहमा भर्ना भएका बालबालिकाहरुलाई दुई समूहमा विभाजन गरि तालिका प्रस्तुत गरिएको छ ।

तालिका नं १२

प्राथमिक तहका जोगी बालबालिकाहरुको उमेरगत विबरण

| क.सं | लिङ्ग | (६-१०) बर्ष उमेर समूह | (११-१३) बर्ष उमेर समूह | जम्मा |
|---|---|---|---|---|
| १ | छात्र | ९५ | १२ | १०७ |
| २ | छात्रा | ८६ | १९ | १०५ |
| | कुल | १८१ | ३१ | २१२ |

स्रोत :-स्थलगत अध्ययन सर्वेक्षण, २०६८ ।

तालिका नं ८ बाट स्पष्ट हुन्छ कि अध्ययन क्षोत्रमा भर्ना भएका जोगी बालबालिकाहरुमध्ये प्राथमिक तहमा भर्ना भएका कुल २१२ (छात्र १०७ र छात्रा १०५)जनामा प्राथमिक तह उमेर समूह (६-१०)का १८१ (छात्र ९५ र छात्रा ८६) जना र (११-१३) बर्ष उमेर समूहका ३१ (छात्र १२ र छात्रा १९) जना जोगी बालबालिकाहरु समावेश थिए । कुल भर्ना भएका बालबालिकाहरुमध्ये (६-१०) बर्ष उमेर समूह र (११-१३) बर्ष उमेर समूहका बालबालिकाहरु क्रमश ८५.३ प्रतिसत र १४.७ प्रतिसत थिए । अध्ययन क्षेत्रमा रहेका (६-१०) बर्ष उमेर समूहका कुल २७७ जना बालबालिकाहरुमध्ये १८१ ६५.(३४%)जना मात्र विद्यालयमा भर्ना भएको थिए । त्यसै गरि लिङ्गगत रुपमा हेर्दा छात्र ५०.५ र छात्रा ४९.५ प्रतिसत भर्ना भएको पाईएको थियो । निष्कर्षमा भन्नु पर्दा अध्ययन क्षेत्रमा प्रा.वि. तहमा छात्रा र छात्र दुवैको लगभग समान रहेको पाईएको थियो ।

### ४.३.६ माध्यमिक तहमा भर्ना भएका जोगी बालबालिकाहरुको उमेरगत विबरण :

सामान्यतया १४ देखि १५ बर्ष उमेर समूहलाई माध्यमिक तह उमेर समूह भनिएता पनि अध्ययन क्षेत्रमा रहेको श्री सिद्धकाली मा.वि.मा विगतमा कक्षा ९ मा नैं कक्षा छाडेर विदेशमा गएर आएका, एस.एल.सी. परिक्षामा १ वा १ भन्दा बढि फेल भएका, सेण्ट अफ परिक्षामा असफल भएका जस्ता बालबालिकाहरु समेत पुन माध्यमिक तहमा भर्ना भएकाले यहाँ माध्यमिक तहका बालबालिकाहरुलाई दुई उमेर समूहमा विभाजन गरि तालिकामा प्रस्तुत गरिन्छ ।

तालिका नं १३

माध्यमिक तहमा भर्ना भएका जोगी बालबालिकाहरुको उमेरगत विबरण

| क.सं | लिङ्ग | (१४-१५) बर्ष उमेर समूह | (१६-२१) बर्ष उमेर समूह | जम्मा |
|---|---|---|---|---|
| १ | छात्र | २२ | ९ | ३१ |
| २ | छात्रा | १९ | ११ | ३० |
| | कुल | ४१ | २० | ६१ |

स्रोत :-स्थलगत अध्ययन सर्वेक्षण, २०६८ ।

तालिका नं ९ बाट के स्पष्ट हुन्छ भने शै.स. २०६७ मा माध्यमिक तहमा भर्ना भएका कूल ६१ (छात्र ३१ र छात्रा ३०) जनामध्ये मा.वि.तह उमेर समूह (१४-१५ बर्ष) का कूल ४१(छात्र २२ र छात्रा १९) जना र (१६-२१) बर्ष उमेर समूहका कुल २०(छात्र ९ र छात्रा ११) जना रहेका थिए । भर्ना भएका कुल बालबालिकाहरुमध्ये (१४-१५) बर्ष उमेर समूह र (१६-२१) बर्ष उमेर समूहका क्रमश ६७.३ र ३२.७ प्रतिसत थिए । त्यसैगरि अध्ययन क्षेत्रमा भएका कुल १६५ जना (१४-१५) बर्ष उमेर समूहका बालबालिकाहरुमध्ये ४१ (२४.८ )जनाले मात्र मा.वि.तहमा भर्ना भएको पाईयो । समग्रमा भन्नुपर्दा अध्ययन क्षेत्रमा छात्र र छात्रा को सहभागीता लगभग बराबर, अध्ययन क्षेत्रमा भएका कुल १६५ जनामध्ये शै. स. २०६७ मा २४.८ प्रतिसत मात्र सहभागी भएको र कुल ६१ जनामध्ये (१६-२१) बर्ष उमेर समूहका ३२.७ प्रतिसत बालबालिकाहरु मा.वि. तहमा नै झुलेर बसेकाले यो समाजमा शैक्षिक चेतनाको निकै कमि छ भन्न सकिन्छ ।

### ४.३.७ जोगी बालबालिकाहरुको विद्यालय भर्नादर :

कुनै पनि स्थानका सम्पूर्ण बालबालिकाहरुमध्ये कति प्रतिसत बालबालिकाहरु विद्यालयमा भर्ना भएका छन् ? भनेर पत्ता लगाइएको परिणामलाई नै विद्यार्थीभर्नादर भनिन्छ । यहाँ अध्ययन क्षेत्रका जोगी बालबालिकाहरुको कुल भर्नादर र खुद भर्नादर निकालिएको छ ।

**क) कुल भर्नादर :**

कुनै निश्चित उमेर समूहका बालबालिकाहरुको आधारमा सो तहका सो उमेर समूह र त्यस बाहेकका गरी कति प्रतिसत विद्यार्थीहरु भर्ना भएका छन् त्यसलाई नै कुल भर्नादर भनिन्छ । कुल भर्नादर १०० प्रतिसत, सो भन्दा कम वा सो भन्दा बढी हुन सक्छ । शै.स. २०६७ मा अध्ययन क्षेत्रको प्रा.वि. तहमा कुल भर्नादर २१२/२७७×१००=७६.५३% र मा.वि. तहमा ६१/१६५×१००=३६.९६% पाईएको थियो । समग्रमा भन्नु पर्दा प्रा.वि. तहको कुल भर्नादर सन्तोषजनक नै पाईएता पनि मा.वि. तहको भने ज्यादै न्युन रहेको पाईयो ।

**ख) खुद भर्नादर :**

कुनै निश्चित उमेर समूहका कुल बालबालिकाहरुमध्ये विद्यालयमा भर्ना भएका सोही उमेर समूहका बालबालिकाहरुको प्रतिसतलाई खुद भर्नादर भनिन्छ । खुर भर्नादर १०० प्रतिसत वा सो भन्दा कमि हुनसक्छ । शै.स. २०६७ मा अध्ययन क्षेत्रको प्रा.वि. र मा.वि. तहमा खुद भर्नादर क्रमश १८१/२७७×१००=६५.३% र ४१/१६५×१००=२४.८% रहेको पाईयो । समग्रमा भन्नुपर्दा अध्ययन क्षेत्रको प्रा.तहको कुल र खुद भर्नादर राम्रै देखिएता पनि मा.वि. तहमा भने निकै न्यून पाईएको थियो ।

## ४.४ शैक्षिक स्तर

कुनै पनि स्थानमा बसोबास गर्ने व्यक्तिहरुले प्राप्त गरेको शिक्षाको गुणस्तर वा ओगटेको स्थानलाई शैक्षिक गुणस्तर भनिन्छ । यहाँ अध्ययन क्षेत्रमा रहेका विद्यालयमाहरुमा अध्ययनरत वालवालिकाहरुले प्राप्त गरेका उच्च स्थान, उत्तिर्ण ,अनुत्तिर्ण, अन्य जातिका वालवालिकाहरुको शैक्षिक सफतासँगको तुलना, कक्षा विचैमा छोड्ने दर, कक्षा दोहोर्‍याउने दर जस्ता शैक्षिक स्तरका पक्षहरुलाई बिष्लेषण र व्याख्या गरिएको छ ।

### ४.४.१ प्राथमिक तहमा शै.स. २०६३ देखि २०६७ सम्मको जोगी बालबालिकाहरुको उत्तिर्ण विबरण :

नेपाल सरकार शिक्षा मन्त्रालयले विगतको चार बर्ष देखि नै प्राथमिक तहमा निरन्तर मूल्याङ्कन र उदार कक्षोन्नती निति देश भरिका प्रा.वि.हरुमा अनिवार्य लागू गर्नुपर्ने सल्लाह प्रदान गरेता पनि हालसम्म लागू नभएको र यस अध्ययन क्षेत्र निकै विकट स्थानमा परेको र विद्यालय निरिक्षक र ंश्रोत व्यक्तिको विद्यालयमा आगमन कम हुने भएकोले अध्ययन क्षेत्रका श्री पाथिभरा प्रा.वि. र श्री जनता प्रा.वि.मा विद्यार्थीहरु कम उत्तिर्ण हुने गरेको पाईएको थियो । यस क्षेत्रको प्रा.वि. तहमा विगत पाँच बर्ष देखिको जोगी बालबालिकाहरुको उत्तिर्ण विबरणलाई तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं १४

प्राथमिक तहमा जोगी बालबालिकाहरुको उत्तिर्ण विबरण

| शै.स./कक्षा | १ | | २ | | ३ | | ४ | | ५ | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| २०६३ | १९ | २० | १७ | २० | १४ | १० | ११ | १३ | ११ | १३ | ७२ | ७६ |
| २०६४ | १८ | १३ | १७ | १८ | १८ | १७ | १८ | १२ | ९ | ८ | ८० | ६८ |
| २०६५ | १२ | १७ | २१ | १३ | १३ | १८ | १३ | १५ | १५ | ९ | ७४ | ७२ |
| २०६६ | ३० | २३ | १० | १८ | १८ | १४ | १४ | १९ | १४ | १९ | ७६ | ९३ |
| २०६७ | ३६ | २५ | २५ | १५ | १० | १७ | १७ | १८ | १२ | १८ | १०० | ९३ |
| जम्मा | ११५ | ९८ | ९० | ८४ | ७३ | ७६ | ७३ | ७७ | ६१ | ६७ | ४१२ | ४०२ |

स्रोत :- फ्लास रिपोर्ट २०६७, श्री जनता प्रा.वि.आहाले र श्री पाथीभरा प्रा.वि.रातमाटे ।

तालिका नं १० अनुसार शै.स.२०६३ सालमा प्रा.वि. तहमा भर्ना भएका कुल ८२ जना छात्र र ९६ जना छात्राहरुमध्ये क्रमश ७२ (८७.८ %) र ७६ (७९.१ %) उत्तिर्ण भएका छन् । त्यसैगरि शै.स. २०६४, २०६५, २०६६ र २०६७ मा छात्र/छात्राहरु क्रमश ९४.११/७७%, ९१.३/७५%, ७८.३५/८४.५ % र ९३.४/८८.५७% बालबालिकाहरु उत्तिर्ण भएको पाईयो । यसरी हेर्दा शै.स. २०६४, २०६५ र २०६७ मा छात्राहरु भन्दा छात्रहरु बढि उत्तिर्ण भएको पाईयो भने शै.स. २०६३ र २०६६ मा छात्र भन्दा छात्राहरु बढि उत्तिर्ण भएको पाईएको छ । त्यसैगरि विगत पाँच बर्षको उत्तिर्ण विबरणहरुलाई तुलना गर्दा सबैभन्दा बढि ९४.११% छात्रहरु शै.स. २०६४ मा र शै.स. २०६६ मा सबैभन्दा कम ७८.३५% छात्रहरुले उत्तिर्ण गरेका थिए । छात्राहरुको उत्तिर्ण दर अन्तर्गत शै.स. २०६७ मा सबैभन्दा बढि ८८.५७% र शै.स. २०६५मा सबैभन्दा कम ७५% छात्राहरुले कक्षा उत्तिर्ण गरेको पाईएको छ । विगत पाँच बर्षको छात्र र छात्राहरुको औषत उत्तिर्ण दर क्रमश ८६.२३% र ८१.७८% पाइएको छ । शै. स.२०६३ मा कक्षा १ मा भर्ना भएका २० जना छात्र र ३५ जना छात्रामध्ये १३ जना छात्र र २१ जना छात्रा शै.स. २०६७ मा कक्षा पाँचको अन्तिम परिक्षामा सामेल भई १२ जना छात्र र १८ जना छात्राले प्रा.वि. तह उत्तिर्ण गरेको पाईयो । समग्रमा भन्नुपर्दा प्रा.वि. तहमा जोगी बालबालिकाहरुको उत्तिर्ण दर सन्तोषजनक नै मान्नुपर्छ ।

### ४.४.२ प्राथमिक तहमा शै.स. २०६३ देखि २०६७ सम्मको जोगी बालबालिकाहरुको अनुत्तिर्ण सम्बन्धी विबरण :-

अध्ययन क्षेत्र भौगोलिक रुपले विकट, आर्थीक दृष्टिले कमजोर र सामाजिक दृष्टिले समेत पिछडिएको हुनाले यस क्षेत्रमा प्रा.वि. तहमा धेरै जोगी बालबालिकाहरु अनुत्तिर्ण भएको पाईएको छ । जसलाई तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं १५

प्राथमिक तहमा जोगी बालबालिकाहरुको अनुत्तिर्ण विबरण

| शै.स./कक्षा | १ | | २ | | ३ | | ४ | | ५ | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| २०६३ | १ | ९ | ३ | १ | ४ | २ | | २ | २ | १ | १० | १५ |
| २०६४ | ३ | ४ | २ | ५ | १ | २ | १ | २ | १ | २ | ८ | १५ |
| २०६५ | | ८ | २ | ३ | २ | ५ | १ | २ | | १ | ५ | १९ |
| २०६६ | ५ | ३ | २ | ५ | ४ | ४ | | ३ | १ | १ | १२ | १६ |
| २०६७ | २ | ४ | २ | २ | | ३ | २ | १ | १ | २ | ७ | १२ |
| जम्मा | ११ | २८ | ११ | १६ | ११ | १६ | ४ | १० | ५ | ७ | ४२ | ७७ |

स्रोत :- फ्लास रिपोर्ट २०६७, श्री जनता प्रा.वि.आहाले र श्री पाथीभरा प्रा.वि.रातमाटे ।

तालिका नं १ लाई बिश्लेषण गर्दा अध्ययन क्षेत्रमा प्रा.वि. तहमा अध्ययन गर्ने बालबालिकाहरुमध्ये सबैभन्दा बढि शै.स. २०६६ मा कुल २८ (छात्र १२ र छात्रा १६) जना अनुत्तिर्ण भएको पाईयो भने सबैभन्दा कम शै.स.२०६७ मा १९ जना (छात्र ७ र छात्रा १२) जना अनुत्तिर्ण भएको पाइयो । जुन कुल भर्ना भएका विद्यार्थीहरुको क्रमश २८/२०७× १०० = १३.५% र १९/२१२× १०० = ८.९% हुन आउँछ । अर्थात विगत पाँच बर्षमा प्रा.वि. तह औषतअनुत्तिर्ण दर ११.२% रहेको पाइयो । त्यसैगरि कक्षागत रुपमा हेर्ने हो भने पाँच बर्षको अवधीमा छात्राहरु ७७ जना र छात्रहरु ४२ जना उत्तिर्ण भएको पाईएको थियो । कक्षागत रुपमा तुलना गर्दा कक्षा १ मा सबैभन्दा बढि ३९ जना र कक्षा ५ मा सबैभन्दा कम १२ जना विद्यार्थीहरु अनुत्तिर्ण भएको पाईयो । निष्कर्षमा भन्नु पर्दा अध्ययन क्षेत्रको प्रा.वि. तहमा कक्षा १ देखि कक्षा ५ तिर अनुत्तिर्ण दर घट्दै गएको र उत्तिर्ण दर बढ्दै गएको, प्रत्येक कक्षामा बढि मात्रामा छात्रा अनुत्तिर्ण हुने गरेको र शै.स. २०६३ देखि २०६७ सम्ममा उत्रिर्ण दर र अनुत्तिर्ण दरमा घटबढ भैरहेको पाईयो ।

### ४.४.३ प्रा.वि. तहमा विचैमा कक्षा छाड्ने सम्बन्धी विवरण :

अध्ययन क्षेत्रमा रहेका बालबालिकाहरु प्रा.वि. तहमा नै निकै अनुत्तिर्ण हुने तथा उत्तिर्ण दर कम हुने भएकोले कक्षा छाड्ने दर पनि बढि नै देखिएको छ । जसलाई तालिकाद्वारा प्रस्तुत गरिन्छ

तालिका नं १६

प्रा.वि. तहमा विचैमा कक्षा छाड्ने सम्बन्धी विवरण

| कक्षा/ शै.स. | १ | | | | २ | | | | ३ | | | | ४ | | | | ५ | | | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जोगी | | गैर जोगी | | जोगी | | गैर जोगी | | जोगी | | गैर जोगी | | जोगी | | गैर जोगी | | जोगी | | गैर जोगी | | जोगी | | गैर जोगी | |
| | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| २०६३ | १ | २ | १ | | १ | १ | १ | २ | २ | १ | | १ | १ | ३ | | २ | १ | | १ | | ६ | ७ | ३ | ५ |
| २०६४ | | १ | | १ | १ | | | १ | | १ | १ | | १ | १ | १ | १ | २ | १ | | १ | ४ | ४ | २ | ४ |
| २०६५ | २ | | १ | ३ | १ | १ | १ | | २ | | | २ | | | | | | १ | १ | | ५ | २ | ३ | ५ |
| २०६६ | १ | | | | | २ | १ | | | १ | | १ | | १ | | १ | १ | | १ | २ | २ | ४ | २ | ४ |
| २०६७ | | १ | १ | | २ | | २ | | १ | १ | | | १ | | | १ | | १ | | १ | ४ | ३ | ३ | २ |
| जम्मा | ४ | ४ | ३ | ४ | ५ | ४ | ५ | ३ | ५ | ४ | १ | ४ | ३ | ५ | १ | ५ | ४ | ३ | ३ | ४ | २१ | २० | १३ | २० |

स्रोत :-स्थलगत अध्ययन सर्वेक्षण, २०६८ ।

तालिका नं १२ अनुसार शै.स. २०६३ देखि २०६७ सम्म अध्ययन क्षेत्रको प्राथमिक तहमा कक्षा छोड्ने दरलाई बिश्लेषण गर्दा सबै भन्दा बढि कक्षा २ मा १७ (जोगी छात्र ५, छात्रा ४ र गैर जोगी छात्र ५ र छात्रा ३) जना, दाश्रो विचैमा कक्षा बढि छोड्ने कक्षा १ मा १५ जना र अन्य कक्षाहरुमा बराबर संख्यामा कक्षा विचैमा छाडेको पाईएको थियो । त्यसैगरि जोगी र गैर जोगी विद्यार्थीहरुविच तुलना गर्दा विगत पाँच बर्षको अवधीमा कुल ४१ (छात्र २१ र छात्रा २०) जना जोगी बालबालिकाहरु र कुल ३३ जना (छात्र १३ र छात्रा २०) जना गैर जोगी बालबालिकाहरुले विचैमा कक्षा छाडेको पाईयो । यसरी हेर्दा गैर जोगी भन्दा जोगी बालबालिकाहरुले बढि कक्षा छाड्ने गरेको पाईयो । हरेक बर्षको नतिजालाई बिश्लेषण गर्दा सबैभन्दा बढि शै.स. २०६३ मा २१ (जोगी छात्र ६, छात्र ७ र गैर जोगी छात्र ३ छात्र ५)जना बिचैमा कक्षा दोहोर्याएको पाइयो यसरी हेर्दा शै.स. २०६३ देखि २०६७ सम्म प्रा.वि. तहमा बिचैमा कक्षा छाड्ने दर क्रमश घट्दै गएको पाइयो । निष्कर्षमा भन्नुपर्दा जोगी वालवालिकाहरु भन्दा गैर जोगी वालवालिकाहरुको बिचैमा कक्षा छोड्ने दर कम रहेको र जोगी वालवालिकाहरुमध्ये छात्रले र गैर जोगीहरुमा छात्राले बढि बिचैमा कक्षा छोडेको र समग्रमा प्रा.वि.तहमा बिचैमा कक्षा छोड्ने दर घट्दै आएको पाइएको थियो ।

### ४.४.४ प्रा.वि. तहमा कक्षा दोहोर्याउने सम्बन्धी विवरण :

अध्ययन क्षेत्रमा रहेको वालवालिकाहरुमध्ये प्रा.वि. तहमा अध्ययन गर्ने वालवालिकाहरुको अनुर्त्तिण दर बढि भएकोले कक्षा दोहोर्याउने संख्या पनि बढि नै देखिएको छ । बिशेष गरि कक्षा १ मा बढि विद्यार्थीहरु असफल भएकाले कक्षा दाहोर्याउने दर पनि कक्षा १ मा नै बढि पाईएको थियो । यहाँ अध्ययन क्षेत्रका वालवालिकाहरुमध्ये प्रथमिक तहमा शै.स.२०६३ देखि २०६७ सम्म के कति जनाले कक्षा दोहोर्याए भन्ने विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं १७

प्रा.वि. तहमा कक्षा दोहोर्‍याउने सम्बन्धी विवरण

| कक्षा/ शै.स. | १ | | | | २ | | | | ३ | | | | ४ | | | | ५ | | | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जोगी | | गैर जोगी | | जोगी | | गैर जोगी | | जोगी | | गैर जोगी | | जोगी | | गैर जोगी | | जोगी | | गैर जोगी | | जोगी | | गैर जोगी | |
| | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| २०६३ | २ | ५ | १ | ३ | १ | २ | १ | १ | | | १ | १ | १ | २ | | २ | २ | ३ | | १ | ६ | १२ | ३ | ७ |
| २०६४ | १ | ३ | | २ | २ | ४ | १ | | ४ | १ | १ | १ | १ | १ | १ | १ | १ | | १ | १ | ९ | ९ | ४ | ५ |
| २०६५ | २ | २ | २ | १ | | १ | | २ | | ३ | | | | | २ | १ | १ | २ | | | ३ | ८ | ४ | ५ |
| २०६६ | ४ | ३ | २ | २ | | ३ | २ | | ३ | | १ | १ | १ | १ | | १ | १ | १ | | १ | ९ | ८ | ५ | ४ |
| २०६७ | ४ | ५ | २ | ३ | ३ | २ | | ३ | १ | १ | १ | | | १ | १ | | | | १ | | ८ | ९ | ५ | ९ |
| जम्मा | १३ | १८ | ७ | ११ | ६ | १२ | ४ | ६ | ८ | ५ | ४ | ३ | ३ | ५ | ४ | ५ | ५ | ६ | २ | ३ | ३५ | ४६ | २१ | ३० |

स्रोत :-स्थलगत अध्ययन सर्वेक्षण, २०६८ ।

तालिका नं १३ लाई बिश्लेषण गर्दा अध्ययन क्षेत्रमा प्रा.वि. तहमा कक्षा १ मा सबैभन्दा बढि दोहोर्‍याएका थिए । तिनिहरुमध्ये पनि जोगी बालबालिकाहरुले विगत पाँच बर्षमा ३१ (छात्र १३ र छात्रा १८) जनाले कक्षा १मा दोहोर्‍याएका थिए भने १८ (छात्र ७ र छात्रा ११) जना गैर जोगी बालबालिकाहरुले कक्षा १ मा दाहोर्‍याएका थिए । उल्लेखित तालिका अनुसार शै. स. २०६३ देखि २०६७ सम्म प्रा.वि. तहमा भर्ना भएका कुल विद्यार्थीहरुमध्ये १३२ (जोगी छात्र ३५, छात्रा ४६ र गैर जोगी छात्र २१, छात्रा ३०)जना विद्यार्थीहरुले कक्षा दोहोर्‍याएका थिए । जस अन्तर्गत जोगी र गैर जोगी बालबालिकाहरु सहभागीता प्रतिसत क्रमश २३.४८ ५ र १३.१६५ हुन आउँछ । त्यसैगरि कक्षा ५ मा सबैभन्दा कम विद्यार्थीहरुले कक्षा दाहोर्‍याएका थिए । कक्षा १ देखि ५ सम्म क्रमश कक्षा दोहोर्‍याउने संख्यामा कमि हुदै आएको पाईन्छ । तालिकालाई लैङ्गिकरुपले बिश्लेषण गर्दा छात्राहरु कुल ७६ (जोगी ४६ र गैर जोगी ३०) जना र छात्रहरु कुल ५६ (जोगी ३५ र गैर जोगी २१) जना अर्थात कुल कक्षा दोहोर्‍याउने संख्याको क्रमश ५७.५७५ र ४२.४३५ बालबालिकाहरुले प्रा. वि. तहमा कक्षा दोहोर्‍याएका थिए । त्यसैगरि प्रत्येक शै.स.को तथ्याङ्कलाई विश्लेषण गर्दा शै.स. २०६७ मा सबैभन्दा बढि कुल ३१ ( जोगी छात्र ८, छात्रा ९ र गैर जोगी छात्र ५, छात्रा ९) जना र शै.स. २०६५ मा कुल २० (जोगी छात्र ३, छात्रा ८ र गैर जोगी छात्र ३, छात्रा ५) जनाले प्रा.वि. तहमा कक्षा दोहोर्‍याएको पाईयो । समग्रमा भन्नुपर्दा गैर जोगी भन्दा जोगी बालबालिकाहरुले र छात्र भन्दा छात्राहरुले बढि कक्षा दोहोर्‍याएका थिए । साथै विगत पाँच बर्षको अवधीमा कक्षा दोहोर्‍याउने दर घटबढ भैरहेको र कक्षा १ देखि ५ सम्म कक्षा दोहोर्‍याउने दर घट्दै गएको पाइएको थियो ।

**४.४.५ जोगी बालबालिकाहरुको माध्यमिक तहमा शै.स. २०६५ देखि २०६७ सम्मको उत्तिर्ण विबरण :**

अध्ययन क्षेत्रमा रहेको एउटै मात्र माध्यमिक विद्यालय श्री सिद्धकाली मा.वि. मेहेले मा शै.स. २०६५ देखि २०६७ सम्म कुल ५५५ जना विद्यार्थीहरु भर्ना भएका थिए । तिनिहरुमध्ये छात्र ८६ जना र छात्रा ८६ जना गरी जम्मा १८२ (३२.७९५) जना जोगी बालबालिकाहरु रहेका थिए । कुल १८२ अन्तर्गत पनि शै.स. २०६७ मा कुल ६१ (छात्र ३१ र छात्रा ३०) जना बालबालिकाहरुले मा.वि. तहमा भर्ना गरेका थिए । अध्ययन क्षेत्रको मा.वि. तहको प्रत्येक कक्षामा करिव १०० जना विद्यार्थीहरु हुने गरेता पनि आवश्यक मात्रामा शिक्षक संख्या नभएको र विद्यार्थीहरुलाई दुई वा दुई भन्दा बढि सेक्सनमा विभाजन गरेर शिक्षाण नगरिएको हुनाले मा.वि.तहको उत्तिर्ण दर प्रत्यक्ष प्रभावित भएको पाईयो । जसलाई तल तालिकाद्वारा प्रस्ट पार्ने प्रयास गरिएको छ ।

तालिका नं १८

माध्यमिक तहमा जोगी बालबालिकाहरुको उत्तिर्ण विबरण

| शै.स./कक्षा | ९ | | १० | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| २०६५ | १६ | ९ | १६ | १६ | ३२ | २५ |
| २०६६ | ११ | १४ | १५ | ८ | २६ | २२ |
| २०६७ | १३ | १५ | १७ | १४ | ३० | २९ |
| जम्मा | ४० | ३८ | ४८ | ३८ | ८८ | ७६ |

स्रोत :-स्थलगत अध्ययन सर्वेक्षण, २०६८ ।

तालिका नं १४ बाट स्पष्ट हुन्छ कि शै.स. २०६५ मा कुल ६५ (छात्र ३६ र छात्रा २९) जना जोगी बालबालिकाहरु भर्ना भएकोमा ३२ छात्र र २५ छात्रा गरी कूल ५७ (८७.६५) जना बालबालिकाहरुले मा.वि. तह उत्तिर्ण गरेका थिए । त्यसैगरी शै.स.२०६६ र २०६७ मा कुल भर्ना भएकामध्ये क्रमश ८५.७५ र ९६.७२५ बालबालिकाहरुले मा.वि.तह उत्तिर्ण गरेका थिए । त्यसैले तिन बर्षको औषत उत्तिर्ण दर ९०.१५ हुन आउँछ । त्यसैगरि विगत तिन बर्षको अवधीमा भर्ना भएका कुल ८६ जना छात्राहरुमध्ये ७६ (८८.३३५) जना र कुल छात्रहरु ९६ जनामा ८८ (९१.६५) जनाले मा.वि. तह उत्तिर्ण गरेको पाईयो । जहाँ छात्र र छात्राको औषत उत्तिर्ण प्रतिसत ९०.१५ हुन आँउछ । त्यसै गरि कक्षागत रुपमा बिश्लेषण गर्दा कक्षा ९ मा भर्ना भएका कुल ८८ (तिन बर्षमा) जना बालबालिकाहरुमध्ये छात्र ४० र छात्रा ३८ गरी कुल ७८ (८८.६३५) र कक्षा १० मा भर्ना भएका कुल ९४ (तिन बर्षमा) जना बालबालिकाहरुमध्ये ४८ जना छात्र र ३८ जना छात्रा गरि कुल ८६ (९१.४८५)जना बालबालिकाहरु उत्तिर्ण भएका थिए । समग्रमा भन्नुपर्दा अध्ययन क्षेत्रमा छात्रा भन्दा बढि छात्रहरुले उत्तिर्ण गरेको, कक्षा ९ मा भन्दा कक्षा १० मा बढि विद्यार्थीहरु उत्रिर्ण हुने गरेको र शै.स. २०६५ देखि हालसम्म उत्तिर्ण दरमा घटबढ भैरहेको पाइएको थियो । अर्थात निष्कर्षमा अध्ययन क्षेत्रको मा.वि. तहको बालबालिकाहरुको उत्तिर्ण दर निकै राम्रो थियो ।

### ४.४.६ जोगी जातीका बालबालिकाहरुको मा.वि. तहमा अनुत्तिर्ण सम्बन्धी विबरण :

अध्ययन क्षेत्रमा मा.वि. तह उमेर समूहका जोगी बालबालिकाहरु १६५ जना भए पनि हाल कुल ६१ (छात्र ३१ र छात्रा ३०) जना मात्र मा.वि. तहमा भर्ना भएका थिए । तर संख्यात्मक दृष्टिले कम संख्यामा मा.वि. तहमा भर्ना भएता पनि विगत तिन बर्षको औषत उत्तिर्ण प्रतिसत ९०.१ % पाईयो ।

जुन निकै राम्रो उत्तिर्ण प्रतिसत हो । जसले गर्दा मा.वि.तहमा अनुतिर्ण हुने विद्यार्थी संख्या खासै बढि पाईएको छैन यस सम्वन्धी बिवरण तालिकामा प्रस्तुत गरिन्छ ।

तालिका नं १९

मा.वि.तहमा अनुतिर्ण सम्बन्धी बिवरण

| शै.स./कक्षा | ९ | | १० | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| २०६५ | ३ | २ | १ | २ | ४ | ४ |
| २०६६ | | ३ | ३ | २ | ३ | ५ |
| २०६७ | १ | १ | | | १ | १ |
| जम्मा | ४ | ६ | ४ | ४ | ८ | १० |

स्रोत :-स्थलगत अध्ययन सर्वेक्षण, २०६८ ।

तालिका नं १५ बाट स्पष्ट हुन्छ कि विगत तिन बर्षमा कुल १८ (छात्र ८ र छात्रा १०) जना जोगी बालबालिकाहरु मा.वि. तहमा अनुत्तिर्ण भएका थिए । विगत तिन बर्षमा भर्ना भएका कुल १८२ ( छात्र ९२ र छात्रा ८६) जना जोगी विद्यार्थीहरुमध्ये कुल १८/१८२×१००=९.९% विद्यार्थीहरु औषत रुपले अनुत्तिर्ण भएका थिए । त्यसैगरी शै. स. २०६५, २०६६ र २०६७ मा क्रमश ८, ८ र २ जना विद्यार्थीहरु अनुत्तिर्ण भएका थिए । विगत तिन बर्षको अनुत्तिर्ण दरलाई १००% मान्दा शै.स. २०६५, २०६६ र २०६७ मा क्रमश ४४.५%, ४४.५% र ११% प्रतिसत हुन आँउछ । लिङ्गगत रुपमा बिश्लेषण गर्दा औषत छात्र ४४.५% र छात्रा ५५.५% अनुत्तिर्ण भएको पाईयो । समग्रमा भन्नु पर्दा छात्रको तुलनामा छात्राहरु ११% (औषत) ले अनुत्तिर्ण भएको, विगत तिन बर्षको भर्ना भएका कुल विद्यार्थीहरुमध्ये औषत रुपमा ९.९% अनुत्तिर्ण भएको पाईयो । जुन शै.स. २०६७ सालको एस.एल.सी. परिक्षाको नतिजाको तुलनामा निकै कम पाईयो । किनकि सो एस.एल.सी.परिक्षामा करिव ४४.५% अनुत्तिर्ण भएका थिए ।

### ४.४.७ मा.वि. तहमा कक्षा छाड्ने विद्यार्थीहरु सम्बन्धी विबरण :

अध्ययन क्षेत्रमा रहेका सम्पूर्ण जोगी तथा गैर जोगी विद्यार्थीहरुमध्ये के कति बालबालिकाहरुले माध्यमिक तहमा कुन कुन कक्षामा, कुन कुन शै.स.मा कक्षा छाडेका छन् ? भन्नेबारे विबरण तलको तालिकामा देखाइएको छ ।

तालिका नं २०

मा.वि. तहमा कक्षा छाड्ने सम्बन्धी विवरण

| शै.स./कक्षा | ९ | | | | १० | | | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जोगी | | गैर जोगी | | जोगी | | गैर जोगी | | जोगी | | गैर जोगी | |
| | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| २०६५ | १ | २ | २ | १ | ३ | १ | | | ४ | ३ | २ | १ |
| २०६६ | १ | १ | | १ | | | | २ | १ | १ | | ३ |
| २०६७ | | २ | १ | | १ | २ | | १ | १ | ४ | १ | १ |
| जम्मा | २ | ५ | ३ | २ | ४ | ३ | | ३ | ६ | ८ | ३ | ५ |

स्रोत :-स्थलगत अध्ययन सर्वेक्षण, २०६८ ।

तालिका नं १६ बाट स्पष्ट हुन्छ कि शै.स. २०६५ देखि २०६७ सम्ममा जम्मा २२ (जोगी ६, छात्रा ८ र गैर जोगी छात्र ३ र छात्रा ५) जना बालबालिकाहरुले मा.वि. तहमा कक्षा छाडेका थिए । कुल २२ जना कक्षा छाड्ने विद्यार्थीहरुमध्ये जोगी र गैर जोगी बालबालिकाहरुको प्रतिसत क्रमश ६३.६% र ३६.४% रहेको पाईयो । त्यसैगरी विगत तिन बर्षको कुल कक्षा छाड्ने संख्या २२ जनामध्ये शै.स. २०६५, २०६६ र २०६७ मा क्रमश १०(४५.५%), ५(२२.७%) र ७(३१.८%) जना विद्यार्थीहरुले कक्षा छाडेका थिए । लिङ्गगत रुपमा बिश्लेषण गर्दा विगत तिन बर्षमा कुल ९(४०.९%) जना छात्र र १३(५९.१%)जना छात्राहरुले मा.वि. तह छाडेका थिए । त्यसैगरि कक्षा ९ र १० मा क्रमश १२(५४.५%) र १०(४५.५%) जनाले कक्षा छाडेको पाईयो । समग्रमा भन्नुपर्दा अध्ययन क्षेत्रमा गैर जोगी भन्दा बढि जोगी बालबालिकाहरुले र कक्षा १० मा भन्दा कक्षा ९ मा बढि बालबालिकाहरुले कक्षा छाडेको पाईयो । प्रत्येक शै.स.मा कक्षा छाड्ने प्रतिसत घटबढ हुदै आएको र छात्रले भन्दा छात्राले बढि कक्षा छाडेको पाईयो साथै शै.स. २०६५, २०६६ र २०६७ मा कुल भर्ना भएका १८२ जना जोगी बालबालिकाहरुमध्ये १२% ले कक्षा छाडेका थिए ।

### ४.४.८ मा.वि.तहमा कक्षा दोहोर्‍याउने सम्बन्धी विवरण :

कक्षा छोड्ने र दोहोर्‍याउने पक्ष विद्यार्थीको परिक्षामा असफलता, परिक्षामा सामेल नहुनु जस्ता पक्षसँग सम्बन्धीत छ । कतिपय बालबालिकाहरुले बाध्यात्मक परिस्थितीले परिक्षामा सामेल हुन सक्दैनन् भने कतिपयले परिक्षा अगाडी विवाह गरेर । जे भएता पनि यस्ता कारणले आखिर विद्यार्थीहरुले कक्षा छाड्छ या त दोहोर्‍याउँछ । अध्ययन क्षेत्रको मा.वि. तहमा भर्ना भएका बालबालिकाहरुले कक्षा दोहोर्‍याउने विबरणलाई तल तालिकामा देखाईएको छ ।

तालिका नं २१

मा.वि.तहमा कक्षा दोहोर्‍याउने सम्बन्धी विबरण

| शै.स./कक्षा | ९ | | | | १० | | | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जोगी | | गैर जोगी | | जोगी | | गैर जोगी | | जोगी | | गैर जोगी | |
| | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| २०६५ | १ | १ | | २ | २ | १ | | | ३ | २ | | २ |
| २०६६ | | २ | १ | | १ | | | १ | १ | २ | १ | १ |
| २०६७ | १ | | | १ | | १ | २ | १ | १ | १ | २ | २ |
| जम्मा | २ | ३ | १ | ३ | ३ | २ | २ | २ | ५ | ५ | ३ | ५ |

स्रोत :-स्थलगत अध्ययन सर्वेक्षण, २०६८ ।

तालिका नं १७ बाट स्पष्ट हुन्छ कि शै.स. २०६५ देखि २०६७ सम्ममा कुल १८(जोगी छात्र ५, छात्रा ५ र गैर जोगी छात्र ३, छात्रा ५) जना बालबालिकाहरुले कक्षा दोहोर्‍याएको पाईयो । कुल कक्षा दोहोर्‍याउने १८ जना बालबालिकाहरुमध्ये जोगी र गैर जोगी क्रमश १०(५५.५%) र ८(४४.५%) जना बालबालिकाहरु पाईयो । त्यसैगरी कुल कक्षा दोहोर्‍याउने बालबालिकाहरुमध्ये शै.स. २०६५, २०६६ र २०६७ मा क्रमश ७(३८.८%), ५(२७.८७%) र ६(३३.३३%) जना पाईयो । त्यसैगरी कक्षा ९ र १० मा विगत तिन शै.स.को अवधीमा ९/९ जना बालबालिकाहरुले कक्षा दोहोर्‍याएका थिए । जस अन्तर्गत जोगी १०(छात्र ५ र छात्रा ५) र गैर जोगी ८(छात्र ३ र छात्रा ५) जना बालबालिकाहरु सामेल थिए । समग्रमा भन्नु पर्दा अध्ययन क्षेत्रको मा.वि. तहमा अध्ययनरत गैर जोगीको तुलनामा बढि जोगीले र छात्रको तुलनामा बढि छात्राले कक्षा दाहोर्‍याएका थिए भने शै.स. २०६५ देखि २०६७ सम्मको कक्षा दोहोर्‍यउने दरमा पनि घटबढ भैरहेको पाईएको थियो । त्यसैगरी कक्षा ९ र १० मा कक्षा दोहोर्‌उने दर बराबर भएको पाईयो । शै.स. २०६५ देखि २०६७ सम्म भर्ना भएका कुल १८२ जना मा.वि. तहमा विद्यार्थीहरुमध्ये १८(९.९%) जना बालबालिकाहरुले कक्षा दोहोर्‍याएको पाईयो ।

### ४.४.९ प्रा.वि. तहमा उच्च स्थान ओगट्ने विद्यार्थीहरुको विबरण :

उच्च स्थान भन्नाले कुनै एक शै.स.मा लिईएका सम्पूर्ण लिखित, मौखिक, प्रयोगात्मक परिक्षा तथा विद्यालयमा सञ्चित गरिएका प्रत्येक विद्यार्थीहरुले प्राप्त गरेका विशेष योग्यता, दक्षता, क्षमता र सीपको आधारमा प्रत्येक शै.स.को अत्यमा गणना गरिएको नतिजाको आधारमा प्रत्येक कक्षाको उत्कृष्ट तिन (प्रथम, द्बितिय र तृतिय) वटा स्थानहरु भन्ने बुझिन्छ । यहाँ शै.स. २०६३ देखि २०६७ सम्ममा प्रा.वि. तहमा रहेका जम्मा ७५ (प्रत्येक कक्षामा ३ वटा स्थानका दरले पाँच बर्षको गणना गरिएको) वटा स्थानहरुमध्ये के कति स्थान जोगी (छात्र र छात्रा) र के कति स्थान गैर जोगी (छात्र र छात्रा) बालबालिकाहरुले ओगट्न सफल भए ? भन्नेबारे तल तालिका प्रस्तुत गरिएको छ ।

तालिका न २२

प्रा.वि. तहमा उच्च स्थान ओगट्ने विद्यार्थीहरुको विबरण

| कक्षा/ शै.स. | १ | | | | २ | | | | ३ | | | | ४ | | | | ५ | | | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जोगी | | गैर जोगी | | जोगी | | गैर जोगी | | जोगी | | गैर जोगी | | जोगी | | गैर जोगी | | जोगी | | गैर जोगी | | जोगी | | गैर जोगी | |
| | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| २०६३ | १ | १ | | १ | | २ | | १ | १ | १ | १ | | १ | १ | | १ | २ | | १ | | ५ | ५ | २ | ३ |
| २०६४ | १ | १ | १ | | १ | १ | १ | | | २ | | १ | १ | | १ | १ | १ | १ | | १ | ४ | ५ | ३ | ३ |
| २०६५ | | १ | १ | १ | १ | १ | | १ | १ | | १ | १ | १ | १ | | १ | १ | २ | | | ४ | ५ | २ | ४ |
| २०६६ | २ | | १ | | १ | | १ | १ | | १ | १ | १ | १ | १ | १ | | १ | | १ | १ | ५ | २ | ५ | ३ |
| २०६७ | | २ | | १ | १ | २ | | | | २ | १ | | १ | | १ | १ | १ | २ | | | ३ | ८ | २ | २ |
| जम्मा | ४ | ५ | ३ | ३ | ४ | ६ | २ | ३ | २ | ६ | ४ | ३ | ५ | ३ | ३ | ४ | ६ | ५ | २ | २ | २१ | २५ | १४ | १५ |

स्रोत :-स्थलगत अध्ययन सर्वेक्षण, २०६८

तालिका नं १८ लाई बिश्लेषण गर्दा शै.स. २०६३ देखि २०६७ सम्ममा जोगी बालबालिकाहरु र गैर जोगी बालबालिकाहरुले क्रमश ४६ (छात्रले २१ र छात्राले २५) र २९ (छात्रले १४ र छात्राले १५) वटा उच्च स्थान ओगट्न सफल भएका थिए । कुल ७५ वटा स्थानमध्ये जोगी बालबालिकाहरुले ६१.३३% र गैर जोगी बालबालिकाहरुले ३८.८% स्थान ओगटेका थिए । त्यसैगरी कक्षागत रुपमा बिश्लेषण गर्दा शै.स. २०६३ पछाडि प्रत्येक कक्षामा गैर जोगी बालबालिकाहरु भन्दा जोगी बालबालिकाहरुले धेरै स्थान ओगटेको पाईयो । त्यसमा पनि सबैभन्दा बढि स्थान कक्षा ५ को पाँच बर्षको कुल १५ स्थानहरुमध्ये ११(७३.३३%) वटा जोगी बालबालिकाहरुले ओगटेका थिए । लिङ्गगत रुपले हेर्ने हो भने छात्राहरुले बढि स्थान ओगटेको पाईयो । कुल ७५ वटा उच्च स्थानमध्ये जोगी र गैर जोगी छात्राहरुले ४०(५३.३३%) वटा स्थान ओगटेका छन् भने छात्रहरुले ३५(४६.६७%) वटा मात्र ओगटेको पाईएको थिए । समग्रमा भन्नु पर्दा गैर जोगी बालबालिकाहरुको भन्दा जोगी बालबालिकाहरुको विचैमा कक्षा छाड्ने र कक्षा दोहोर्याउने दर बढि भएता पनि उच्च स्थान प्राप्तिमा भने जोगी बालबालिकाहरुले बढि सफलता हाँसिल गरेको पाईयो । त्यसैगरी  कक्षा दोहोर्याउने जोगी बालबालिकाहरुमध्ये छात्राको संख्या बढि भएता पनि उच्च स्थानमा पनि छात्राको संख्या नै बढि भएको पाईयो ।

### ४.४.१० मा.वि. तहमा उच्च स्थान ओगट्ने विद्यार्थीहरुको विबरण :

प्रा.वि. तहमा धेरै बालबालिकाहरुले उच्च स्थान ओगट्न सफल भएता पनि मा.वि. तहमा जोगी बालबालिकाहरु भर्ना संख्या र उच्च स्थानको प्राप्तिमा समेत आफ्नेलमा परेका छन् । शै.स. २०६५ देखि २०६७ सम्ममा रहेका कुल १८ (प्रत्येक कक्षामा तिन वटाको दरले तिन बर्षको उच्च स्थान गणना गरिएको) वटा स्थानहरुमा जोगी र गैर जोगी बालबालिकाहरुको के कस्तो सहभागीता रहयो भन्ने विबरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं २३

मा.वि. तहमा उच्च स्थान ओगट्ने विद्यार्थीहरुको विबरण

| शै.स./कक्षा | ९ | | | | १० | | | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जोगी | | गैर जोगी | | जोगी | | गैर जोगी | | जोगी | | गैर जोगी | |
| | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| २०६५ | १ | | | २ | | १ | २ | | १ | १ | २ | २ |
| २०६६ | | १ | २ | | १ | | १ | १ | १ | १ | ३ | १ |
| २०६७ | १ | | १ | १ | | | २ | १ | १ | | ३ | २ |
| जम्मा | २ | १ | ३ | ३ | १ | १ | ५ | २ | ३ | २ | ८ | ५ |

स्रोत :-स्थलगत अध्ययन सर्वेक्षण, २०६८ ।

तालिका नं १९ माथी बिश्लेषण गर्दा शै.स. २०६५ देखि २०६७ सम्ममा मा.वि. तहमा रहेका कुल १८ वटा उच्च स्थानहरुमध्ये जोगी र गैर जोगी बालबालिकाहरुले कुल क्रमश ५ (छात्र ३ र छात्रा २) र १३ ( छात्र ८ र छात्रा ५) वटा उच्च स्थानहरु ओगट्न सफल भएका थिए । जुन कल १८ वटा स्थानहरुमध्ये क्रमश १६.६६% र ८३.३४% हुन आउँछ । त्यसैगरि शै. स. २०६५ देखि २०६७ सम्ममा कुनै शै.स.मा पनि जोगीले गैर जोगी बालबालिकहरुलाई उच्च स्थान प्राप्तिमा नभेटेको पाईएको थियो । त्यसै गरी कक्षागत रुपमा बिश्लेषण गर्दा कक्षा ९ र १० मा जोगी बालबालिकाहरुले क्रमश ३ (छात्र २ र छात्रा १) र २ (छात्र १ र छात्रा १) वटा स्थानहरु ओगटेका थिए भने गैर जोगी बालबालिकाहरुले क्रमश ६ (छात्र ३ र छात्रा ३) र ७ (छात्र ५ र छात्रा २) वटा स्थानहरु ओगट्न सफल भएका थिए । समग्रमा जोगी बालबालिकाहरुमध्ये छात्राले कम स्थान ओगटेको पाईयो तथा शै.स. २०६५ र २०६६ मा भन्दा शै.स.२०६७ मा जोगी बालबालिकाहरुले कम मात्र स्थान ओगटेका हुनाले  जोगी बालबालिकाहरुको मा.वि. तहमा उच्च स्थान ओगट्ने दर उँदोगतीमा देखिएको थियो ।

**४.५ कक्षा अवलोकनबाट प्राप्त विद्यार्थी व्यवहारको विश्लेषण** :

नमूनामा परेका तीन वटा विद्यालयहरुको कक्षा ५ र कक्षा १० मा दुई पटक सम्म सम्पन्न गरिएको कक्षा  अवलोकन कार्यबाट प्राप्त नतिजालाई विश्लेषण गर्दा  कक्षाकोठा व्यवस्थापन, विद्यार्थी वसाईको अवस्था भौगोलिक क्षेत्र अनुसार सामान्य रहेता पनि मा.वि.तहमा गैर जोगीको तुलनामा जोगी बालबालिकाहरुको कक्षामा उपस्थिती, कक्षामा सहभागीता, कक्षा अनुसाशन, कक्षामा छलफल तथा सिकाई अन्तरक्रियामा न्यून सहभागीता पाईएको थियो । जसको प्रमूख कारणमा कक्षाका सहपाठी साथीहरुले जोगी जातीका बालबालिकाहरुसँग गर्ने व्यवहार र कक्षामा उच्च स्थान ओगट्न नसक्नु नै बढी उत्तरदायी भएको पाईएको थियो । त्यसैगरी छात्राहरु भन्दा छात्रहरु कक्षाकोठाका हरेक क्रियाकलापमा बढी सक्रिय भएको पाईएको थियो । तर प्रा.वि. तहमा भने गैर जोगी र जोगी बालबालिकाहरुको कक्षाकोठाका सम्पूर्ण क्रियाकलापमा सहभागीता समानै पाईएता पनि कक्षा कार्य गर्ने सवालमा जोगी छात्राहरु नै बढी सक्रिय भएको पाईएको छ । अध्ययन क्षेत्रका विद्यालयहरु सामूदायिक विद्यालय भएको हुनाले कक्षा ५ का कतिपय विद्यार्थीहरु भने संयुक्त अक्षरहरु राम्ररी उच्चारण गर्न नसक्ने पाईएका थिए । अधिक रुपमा उच्च स्थान ओगट्ने जोगी छात्राहरु नै बढी भएकाले कक्षा कार्य गर्ने तथा कक्षामा अन्तरक्रिया गर्ने सवालमा जोगी छात्राहरु नै बढी सक्रिय पाईएको हो ।

**४.६ जोगी बालबालिकाहरुले कक्षा छोड्ने, अनियमित हुने तथा दोहोर्‍याउने कारणहरु :**

अध्ययन क्षेत्रका जोगी धेरै बालबालिकाहरुले कक्षा छोड्ने गरेको, कक्षामा अनियमित भएको र एउटै कक्षामा एक वा एक भन्दा बढि पटक दोहोर्‍याएको पाईएको थियो । जसको कारण निम्नानुसार पाइएको थियो ।

**क) घरायसी समस्या**

जोगी बालबालिकाहरुले घरमा आफ्नो अभिभावकहरुलाई घरायसी कार्यमा सहयोग गर्नुपर्ने हुन्छ । जस्तो आफ्ना स-साना भाईबहिनीहरुलाई हेरविचार गर्ने, पानि ल्याउने, घरको सरसफाई गर्ने, घर वरपर रेखदेख गर्ने आदि कार्य गरिरहनु पर्ने हुनाले घरमा पढ्न तथा विद्यालयमा दिईएको गृहकार्य गर्न पाउदैनन् । परिणाम स्वरुप परीक्षामा उत्तिर्ण हुन सक्दैनन् । त्यसैले बालबालिकाहरुले कक्षा छोड्ने वा अनियमित हुने वा कक्षा दोहोर्‍याउने गर्दछन् । ओयाक्जुङ्ग ९ का कुमार जोगीका अनुसार, '१० बर्ष भन्दा माथीका अधिक जोगी बालबालिकाहरु चैत्र र कार्तिक महिनामा आफ्नो परम्परागत पेशामा जाने हुनाले जोगी बालबालिकाहरुले राम्रो पढ्न पाएका छैनन् ।' यसै प्रसंगमा ओयाक्जुङ्ग ७ का एक स्थानिय अभिभवाक डिल्लीराम जोगी भन्नुहन्छ, 'म स्कुल पनि कहिल्यै गएको छैन, मेरो छोरा बाबुरामलाई स्कुल पठाएको ५ बर्ष भयो, अहिले २ किलासमा पढ्दैछ, कुन किलासमा कति पटक फेल/पास भयो थाहा छैन ।'

**ख) गोठालो जानु पर्ने**

घरको अभिभावकहरु आफ्नो घरको दैनिक स-साना टार्नलाई समेत प्राय ज्यालादारीमा जानुपर्ने भएकोले बालबालिकाहरु गोठालो जानुपर्ने हुन्छ । जसले गर्दा बालबालिकाहरु नियमित कक्षा जान नपाउनु साथै परिक्षामा समेत प्रभावित हुन्छन् । परिक्षामा सामेल भएता पनि औपचारिकता मात्र जनउँछन् । त्यसैले बालबालिकाहरु कक्षा छोड्न वा दोहोर्‍याउन बाध्य हुने गर्दछन् ।

**ग) अभिभावकहरुले समय नदिनु**

अध्ययन क्षेत्रका जोगी समुदायका अधिकांश अभिभावकहरु दिन भरी आफ्नो वा अर्काको काममा व्यस्त हुने गर्दछन् । आफ्नो एक टुक्रा भएको खेत पनि करिब २ देखि ३ किलोमिटर टाढा भएकोले बालबालिकाहरुलाई विद्यालय जान र गृहकार्य गर्न नसकेको अधिकांश अभिभावकहरुले बताएका छन् । यसरी अभिभावकहरुले समय दिन नसक्दा बालबालिकाहरुको ध्यान पढाईमा भन्दा खेल्नतिर जाने जाने भएकोले बालबालिकाहरुले कक्षामा अनियमित हुनु, दोहोर्‍याउनु वा कक्षा छोड्नु नै परेको छ ।

**घ) पढाईमा ध्यान नदिनु**

बालबालिकाहरु स्वभावैले पढाइमा भन्दा खेल्न रुचाउने गर्दछन् । त्यस्ता बालबालिकाहरुलाई पढाईको बारेमा हेरविचार गर्न  एकातिर अभिभावकहरुलाई फुर्सद नै हुदैन भने अर्कोतिर बालबालिकाको पढाईबारे वास्तै छैन । विद्यालयमा बालबालिकाहरुको कक्षामा सक्रियता, नियमितता, बालबालिकाको पढाईमा ईच्छा/रुचि, शिक्षकसँग परामर्श लिने जस्ता कुरा त झन त्यहाँका अभिभावकहरुलाई थाहा नै छैन । परिणाम स्वरुप बालबालिकाहरु परिक्षामा असफल हुने गर्दछन् र कक्षामा अनियमित हुने, छाड्ने वा दोहोर्‍याउने गर्दछन् । अध्ययन क्षेत्रका जोगी बालबालिकाहरुले कक्षामा अनियमित हुने, दोहोर्‍याउने वा छाड्ने कारण अन्य पनि देखिन्छन् । जसलाई तल प्रस्तुत गरिन्छ ।

**१) अभिभावकको आधारमा**

तालिका नं २४

कक्षामा अनियमित हुने, कक्षा छाड्ने तथा दोहोर्‍याउने कारणहरु

| क्र.स. | कारणहरु | संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | शिक्षाप्रति जनचेतनाको कमि | ८ | २६.६६ |
| २ | पारिवारिक जिम्मेवारीको कमि | ७ | २३.३४ |
| ३ | अभिभावकबाट बच्चाप्रति नकरात्मक धारणा | ५ | १६.६६ |
| ४ | शैक्षिक सामग्रीको अभाव | ६ | २० |
| ५ | संकुचित सामाजिक वातावरण | ४ | १३.३४ |
| कुल | | ३० | १०० |

स्रोत :-स्थलगत अध्ययन सर्वेक्षण, २०६८ ।

तालिका नं २४ ले के कुरा स्पष्ट गरेको छ भने अभिभावकहरुको अनुसार कक्षा छाड्ने तथा दोहोर्‍याउने कारणमा शिक्षाप्रति जनचेतनाको कमि नै सबैभन्दा बढि जिम्मेवार तत्व रहेको पाइएको थियो । त्यसका अलावा ७ (२३.३४%) घरपरिवारले पारिवारिक जिम्मेवारीको कमि भएको, ५ (१६.६६%) घरपरिवारले अभिभावकबाट बच्चाप्रति नकरात्मक धारणा रहेको, ६ (२०%) घरपरिवारले विद्यालयमा शैक्षिक सामग्रीको अभाव भएको र ४ (१३.३४%) घरपरिवारले संकुचित सामाजिक वातावरणले बालबालिकाहरुले कक्षा छाड्ने तथा दोहोर्‍याउने गरेका बताएका थिए । अहिलेको २१औं शताब्दिको उत्तरार्धमा आएर पनि यस्ता कारणले बालबालिकाहरुलाई शिक्षाको उज्यालो ज्योतीबाट बञ्चित गराउनु भनेको समाज अझै एक सताब्दि नै पछि पर्नु हो । तर अध्ययन क्षेत्रका जोगी समुदायलाई यस्ता महत्वपूर्ण कुराको वास्तै नभएको पाईएको थियो ।

**२) विद्यार्थीहरुको आधारमा**

अध्ययन क्षेत्रका विद्यालय जाने गरेका विद्यार्थीहरुलाई विद्यालय छोड्नुको कारणबारे गरिएको प्रश्नमा उनिहरुको प्रतिक्रिया फरक फरक पाईएको थियो । जसलाई तालिकामा देखाइएको छ ।

तालिका नं २५

कक्षामा अनियमित हुने, विद्यालय छाड्ने तथा कक्षा दोहोर्याने कारणहरु

| क्र.स. | कारणहरु | संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | अभिभावकले नपठाएर | १० | ३३.३३ |
| २ | विद्यालय टाढा भएर | ५ | १६.६७ |
| ३ | असफल भएर | ५ | १६.६६ |
| ४ | पढ्न मन नलागेर | ६ | २० |
| ५ | अभिभावक नभएर | ४ | १३.३४ |
| कुल | | ३० | १०० |

स्रोत :-स्थलगत अध्ययन सर्वेक्षण, २०६८

तालिका नं २५ अनुसार के भन्न सकिन्छ भने अध्ययन क्षेत्रका अधिकांश बालबालिकाहरुले विद्यालय छोड्ने तथा दोहोर्याउने कारणमा अभिभावकले नपठाएर भन्ने कुरालाई बढि जोड दिएका छन् अर्थात अभिभावकहरुलाई नै बढि दोषी बनाएका थिए । त्यसैगरि विद्यालय टाढा भएर लाई ५ (१६.६७%), असफल भएरलाई ५ (१६.६६%), पढ्न मन नलागेरलाई ६ (२०%) र अभिभावक नभएरलाई ४ (.१३.३४%) घरपरिवारका बालबालिकाहरुले जोड दिएका थिए । वास्तवमा ओयाक्जुङ्ग गा.वि.स.को क्षेत्रफल निकै ठुलो भएता पनि प्रत्येक वडामा एक/एक वटा प्रा.वि. र गा.वि.स. भरिमा जम्मा एउटा मात्र उच्च मा.वि. छ । त्यसैले कतिपय बालबालिकाहरुले विद्यालय टाढा भएको कारणले पनि कक्षामा समयमा नपुगी, परिक्षामा असफल भएर कक्षा छाड्नु तथा कक्षा दोहोर्याउनु बाध्य भएको देखिन्छ ।

यसका अलावा विद्यालयमा शैक्षिक सामग्रीहरु कम हुनु, शिक्षकले पढाईमा उत्प्रेरणा कम दिनु, विद्यालयमा आकर्शक तत्वहरु कम हुनु, विद्यालयमा मन नपर्ने ऐच्छिक बिषयहरु बढि हुनु, अंग्रजी र गणित बिषय बढि गाहो लाग्नु, अतिरिक्त क्रियाकलाप नियमित रुपमा नहुनु, विद्यालय भर्ना गर्न तत्कालीन रुपमा आर्थीक समस्या हुनु, विद्यार्थी/शिक्षक आचारसंहिता नहुनु जस्ता कारणहरुलाई विद्यार्थीहरुले बढि जोड दिएको पाईयो ।

**३) विद्यालयका प्र.अ. तथा अन्य शिक्षकहरुको आधारमा**

विद्यालयका प्र.अ. तथा अन्य शिक्षकहरुको धारणा बमोजिम निम्न कारणहरुले जोगी बालबालिकाहरु कक्षामा अनियमित हुने, कक्षा छाड्ने तथा दोहोर्‍याउने गरेको पाईएको थियो ।

तालिका नं २६

जोगी बालबालिकाहरु कक्षामा अनियमित हुने, कक्षा छाड्ने तथा दोहोर्‍याउने कारणहरु

| | |
|---|---|
| औषत सिकाई उपलब्धि कम हुनु | जोगी बालबालिकाहरुले विद्यालयमा कम पुरस्कारहरु प्राप्त गर्नु |
| विद्यालयमा अतिरिक्त क्रियाकलापहरु नियमित नहुनु | विद्यार्थीहरुलाई गणित, विज्ञान र अंग्रजी बिषय गाह्रो लाग्नु |
| विद्यार्थीहरुले समयमा नै भर्ना नगर्नु | पढाईमा अभिभावकको भुकाव कम हुनु |
| जोगी बालबालिकाहरुको कक्षागत उपलब्धि कम हुनु | कक्षा कार्यमा ध्यान नदिनु |
| कक्षामा नियमित नहुनु | गृहकार्यलाई विद्यार्थीहरुले वास्ता नगर्नु |
| विद्यार्थीहरु अनुशासीत नहुनु | विद्यार्थीको पढाईमा कम चासो हुनु |
| पढाईमा विद्यार्थीको झुकाव कम हुनु | विद्यालयमा विद्यार्थीहरुलाई आकर्षण गर्ने तत्वहरु कम हुनु |
| विद्यायलमा विद्यार्थी आचारसंहिता नहुनु | शिक्षक आचासंहिता नहुनु |

स्रोत :-स्थलगत अध्ययन सर्वेक्षण, २०६८

तालिका नं २६ बिश्लेषण गर्दा  शिक्षक तथा प्र.अ.हरुको धारणा अनुसार अध्ययन क्षेत्रका जोगी बालबालिकाहरु कक्षामा अनियमित हुने, कक्षा छाड्ने तथा दोहोर्‍याउने कुनै कारणहरु सामूदायिक विद्यालयका साझा समस्या भए पनि केहि भने  एकदमै जटिल र कठिन कारणहरु समेत पाईएका थिए ।

**४) अनुसन्धानकर्ताको आधारमा**

अध्ययन क्षेत्रमा अनुसन्धानकर्ता प्रत्यक्ष रुपमा उपस्थित भएर प्राथमिक सूचनाहरु संकलन गर्ने क्रममा अभिभावक, विद्यार्थी, शिक्षक तथा प्र.अ.का धारणाहरुको अलावा अध्ययन क्षेत्रका जोगी धेरै बालबालिकाहरुले कक्षा छोड्ने गरेको, कक्षामा अनियमित भएको र एउटै कक्षामा एक वा एक भन्दा बढि पटक दोहोर्‍याउने गरेका प्रमूख कारणहरुमा घरमा अभिभावकले पढ्न नसिकाउनु, विद्युत नहुनु तथा राती पढ्न आवश्यक पर्ने वैकल्पिक साधनहरुको कमी हुनु, हौसला कम प्राप्त हुनु, बालबालिकाहरु समयमा नै विद्यालय नपुग्नु, एउटै कक्षामा १०० जना भन्दा बढि विद्यार्थीहरु भएता पनि सबैलाई एउटै कक्षाकोठामा पढाइनु, विद्यालयमा घेरावारा नगरिनु, पिउने पानि र शौचालय विद्यालयको हाता भन्दा टाढा रहनु, प्रा.वि. तहमा कम शिक्षक दरबन्दी रहनु, समयमा नै विद्यालयमा पूस्तक तथा शिक्षक निर्देशिकाहरु उपलब्ध नहुनु,

प्रथम त्रैमाशिक परिक्षा नगरिनु, विद्यालय र समूदायको सामिप्यता कम हुनु जस्ता जटिल कारणहरु पाईएका थिए ।

### ४.६ शैक्षिक समस्या समाधनका उपायहरु

जोगी बालबालिकाहरुमा व्याप्त शैक्षिक समस्याहरुको समाधान के कसरी गर्न सकिएला भन्ने प्रश्नमा लक्षित समूह छलफल, अभिभावकहरु, शिक्षक तथा प्र.अ.हरुबाट प्राप्त समष्टिगत अनुसार समुदायमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने, कक्षा १२ सम्म निशल्क हुनुपर्ने, कक्षा १० सम्मका महिला, दलित र आपाङ्गहरुलाई अनिवार्य छात्रावृत्तीको व्यवस्था गर्नुपर्ने, विद्यार्थीहरुलाई दिवा खाजा तथा कपडाको व्यवस्था गर्नुपर्ने, विद्यालय नजिकै हुनुपर्ने, विद्यालयको वातावरण मनमोहक हुनुपर्ने, विद्यार्थीहरुको त्रैमाशिक प्रगती विबरण अभिभावकहरुलाई उपलब्ध गराउने, समुदायलाई अझै सशक्त बनाउने, सबैलाई समान व्यवहार गर्ने ।

तेह्रथुम जिल्लाको ओयाक्जुङ्ग गा.वि.स.आर्थीक, सामाजिक, शैक्षिक र राजनितिक दृष्टिले समेत निकै पिछडिएको गा.वि.स. हो । त्यसमा पनि यस गा.वि.स.को वडा नं ७, ८ र ९ मा बसोवास गर्ने जोगी जातीहरुमा व्याप्त गरिवी र अशिक्षाका कारण आजको यो आधुनिकता र बद्लीदो परिस्थितीलाई समेत सहजै रुपमा स्विकार गर्न नसक्ने अवस्थामा छन् । वास्तवमा मानिसको जिवनस्तर उकास्न, विकासको मूल धारमा आउन, समकालीन समाजमा समायोजन हुन, साजाजिक विकास गर्न देखि लिएर भोली राज्यको सत्ताको बागडोर समात्ने तथा अन्तराष्ट्रिय परिस्थितीमा समेत प्रतिस्पर्धा गर्ने क्षमता प्राप्त गर्ने एक मात्र आधारशिला भनेको शिक्षा हो । त्यसैले यस अध्ययनमा “जोगी जातिको बालबालिकाहरुको शैक्षिक अवस्था” अन्तर्गत :विद्यालयमा जाने उमेर, संख्या, कक्षा नियमितता, कक्षा कार्यमा सहभागीता, शैक्षिक उपलब्धता, शैक्षिक भर्नादर, शैक्षिक स्तर, कक्षा छोड्ने दर, कक्षा दोहोऱ्याउने दर र कक्षा छोड्ने कस्तो छ भनि अध्ययन गरिएको थियो । यस शिर्षकमा अध्ययन गर्नको लागि John H. Goldthrope tyf Davide Lockwood का अनुसन्धानबाट चर्चामा आएका सिद्धान्त The theory of Embourgeoisement प्रयोग गरिएको थियो । यो दर्शनले शिक्षामा सवैले समान अवसर प्राप्त गर्न सक्नुपर्दछ । किनभने शिक्षाको प्राप्तीको कारणले नै सम्पन्नतामा अभिवृद्धि हुन्छ । आकांक्षा, मनोवृती तथा व्यावहारिक मुल्य मान्यता र सामाजिक सम्बन्धको क्षेत्रमा पनि परिर्वतन आउँदछ । शिक्षाको कारणले नै पछाडिएको वर्गको जिवनस्तर उक्सिन सक्छ भन्नेकुरा उल्लेख गरेको छ । शिक्षाको आर्जन पश्चात नै बढी भन्दा बढी पिछडिएको जाति वा वर्गको सामाजिक स्थिति क्रमश : उकासीदै जान्छ । शिक्षाको कारणले नै आर्थिक पक्ष मजबुत भई मानसम्मान पनि उभोगति तिर फड्को मार्ने गर्दछ भन्ने तर्क पनि यस सिद्धान्तको रहेको छ ।

शैक्षिक विस्तार तथा शिक्षामा पहँच भएमा आर्थिक दक्षता बृद्धि हुने मात्र हैन यसले परिवारको ढँचा रसमुदायको ढाँचामा नै परिर्वतन ल्याईदिन्छ र समाजिक सम्बन्धमा पनि परिवर्तन ल्याउछ । यसरी पछि परेका वर्ग वा जनजातिहरुको हैसियत सुधिएर जान्छ र नयाँ मुल्य मान्यता अंगाल्न थाल्दछ । यदि शैक्षिक अवसर प्राप्त गर्ने हो भने तल्लो वर्ग र हरेक पक्षबाट पिछडीएको जनजातिहरु पनि माथिल्लो वर्गमा पुग्न सक्दछन् । लामो समय सम्मको अध्ययन बाट उनिहरुले यो निष्कर्ष निकालेका छन् (शिक्षाका आधारहरु ढकाल र कोइराला, २०६६) । यो सिद्धान्त जोगी समूदायको वास्तविक जिवन मेलखाने भएको हुनाले यस अध्ययनमा यो सिद्धान्तको प्रयोग गरिएको थियो ।

# परिच्छेद - पाँच

## प्राप्ती, निष्कर्ष र सुझाव

### ५.१ प्राप्ती :

तेह्रथुम जिल्लाको ओयाक्जुङ्ग गा.वि.स.मा बसोबास जोगी जातीको बालबालिकाहरुको शैक्षिक अवस्था शिर्षकमा सम्पन्न गरिएको अध्ययन अनसन्धानको संक्षिप्त प्राप्ती यस प्रकार रहेको छ । तेह्रथुम जिल्लाको ओयाक्जुङ्ग गा.वि.स.मा कुल ५,२२५ जना मानिसहरुको बसोबास रहेको  पाईएको थियो । वडा नं ७, ८ र ९ अध्ययन क्षेत्रमा रहेका कुल २५५ जोगी जातीको घरधुरीमा रहेका कुल १३८७ (पुरुष ६५० र महिला ७३७) जना जनसंख्या रहेका थिए । त्यसमध्ये नमूनामा परेका ३० घरपरिवारमा पुरुष ११० जना र महिला १४० जना गरि कुल २५० जना मानिसहरुको बसोबास रहेको पाईएको थियो ।

- नमूना घरपरिवारमा (०-१४) बर्ष उमेर समूहका ३८%, (१५-५९) बर्ष उमेर समूहका ५३.२% र ६० बर्ष माथिका ८.८% मानिसहरु बसोबास गरेको पाईयो ।
- परिवारको आकार अन्तर्गत एक परिवारमा ४ देखि १० जना सम्म सदस्यहरु पाइएका छन् ।  जस अन्तर्गत औषत रुपमा ८.३३ व्यक्ति प्रति परिवार सदस्यहरु रहेको पाईयो ।
- कूल ३० घरधुरीमध्ये सबैभन्दा कम ७/७% ले व्यापार र नोकरीलाई र सबैभन्दा बढि ३३.३३% घरधुरीले ज्याला मजदुरीलाई मुख्य आम्दानीको श्रोतको रुपमा लिईएको पाइयो ।
- कूल ३० घरधुरीमध्ये सबैभन्दा कम १६.६७% घरधुरीको ३० रोपनी भन्दा कम जग्गा जमिन र सबैभन्दा बढि ३३.३३% घरपरिवारको (२०-३०) रोपनि जग्गा जमिन भएको पाइएको छ ।
- नमूना ३० घरधुरीमध्ये सबैभन्दा बढि ३०% घरपरिवारमा खसी/बोका र सबैभन्दा कम ३.५% घरधुरीमा कुखुरा मात्र पशुधन रहेको पाईयो । त्यसैगरि गाई/गोरु, खसी/बोका, भैसी लगायतका ४ भन्दा बढि प्रकारका पशुधन भएका घरपरिवार संख्या ५ (१६.६७%) मात्र पाईएको थियो ।
- नमूना ३० घरधुरीमध्ये ३ (१०%) घरपरिवारमा मात्र आफ्नो घरमा उत्पादन भएको खाद्यान्नले धान्न सकेको पाईएको छ  भने १२ (४०%) घरपरिवारमा आफ्नो अन्नले ४ महिना मात्र खान पुग्ने गरेको पाइएको छ ।
- नमूना ३० घरधुरीमा बार्षिक २०,००० भन्दा बढि आय आर्जन हुने घरपरिवार १३.३३% मात्रै छन् भने ४०% घरपरिवारको बार्षिक आम्दानी ५,००० भन्दा कम रहेको पाइयो ।

- नमूना कुल ३० घरधुरीमा रहेका कुल १२५ जना साक्षरहरुमध्ये महिला ५६% र पुरुष ४४% साक्षर रहेको र औषत रुपमा ५०% साक्षर जनसंख्या पाईयो ।
- विद्यालय तह उमेर समूह अन्तर्गत जोगी समूदायको कुल २५५ घरपरिवारमा (६-१०) बर्ष उमेर समूह, (११-१३) बर्ष उमेर समूह र (१४-१५) बर्ष उमेर समूहका क्रमश २७७, १६५ र १६५ जना बालबालिकाहरु रहेका थिए । प्रा.वि. तह उमेर समूहका बालबालिकाहरु कुल २७७ जना भएता पनि शै.स. २०७७ मा २१२ (७६.५%) जना बालबालिकाहरु भर्ना भएका थिए । त्यसैगरी शै.स. २०६३ देखि २०६७ सम्ममा प्रा.वि. तहको भर्नादरमा घटबढ भैरहेको पाईयो । त्यसैगरी शै.स. २०६३ मा कक्षा १ मा भर्ना भएका जोगी छात्र २० र छात्रा ३५ जनामध्ये शै.स. २०६७ मा छात्र १३ र छात्रा २१ जना कक्षा ५ मा भर्ना भएको पाईयो ।
- अध्ययन क्षेत्रमा १६५ जना मा.वि. तह उमेर समूहका बालबालिकाहरु भएता पनि कुल ६१ जना जोगी बालबालिकाहरु मात्र मा.वि. तहमा भर्ना भएको पाईएको छ अर्थात शै.स. २०६७ मा मा.वि. तहमा जोगी बालबालिकाहरुको भर्नादर ३६.९६% पाईयो । शै.स. २०६५ देखि २०६७ सम्ममा मा.वि. तहमा जोगी बालबालिकाहरुको भर्नादर घटबढ भैरहेको पाईएको छ ।
- शै.स. २०६७ मा प्रा.वि. तहमा (६-१०) बर्ष उमेर समूहमा ८५.३% र (११-१३) बर्ष उमेर समूहका १४.७% जोगी बालबालिकाहरु भर्ना भएको पाईयो ।
- शै.स. २०६७ मा प्रा.वि. तहमा सहजै देखिने भर्नादर ७६.५३% र खुद भर्नादर ६५.३% पाइयो ।
- शै.स. २०६७ मा मा.वि. तहमा भर्ना भएका कुल जोगी बालबालिकाहरुमध्ये (१४-१५) बर्ष उमेर समूहका ६७.२% र (१६-२१) बर्ष उमेर समूहका ३२ं८% रहेको पाईयो ।
- शै.स. २०६३ देखि २०६७ सम्ममा भर्ना भएका जोगी बालबालिकाहरुमध्ये प्रा.वि. तहको उत्तिर्ण दर अन्तर्गत शै.स. २०६४ मा सबैभन्दा बढि ९४.११% छात्रहरु र शै.स. २०६७ मा सबैभन्दा बढि ८८.५७% छात्राहरुले कक्षा उत्तिर्ण गरेका थिए । त्यसैगरी शै.स. २०६३ मा कक्षा १ मा भर्ना भएका २० जना जोगी छात्र र ३५ जना छात्राहरुमध्ये शै.स. २०६७ को कक्षा पाँचको अन्तिम परिक्षामा १२ छात्र र १८ छात्राहरुले प्रा.वि. तह उत्तिर्ण गरेका थिए । जोगी बालबालिकाहरुको प्रा.वि. तहमा औषत उत्तिर्ण दर ९०.१% पाइएको छ ।
- शै.स. २०६३ देखि २०६७ सम्ममा प्रा.वि. तहमा सबैभन्दा बढि शै.स. २०६६ मा २८ जना वा १३.५ % (कुल भर्ना भएकामध्ये) जोगी बालबालिकाहरु अनुत्तिर्ण भएका थिए भने सबैभन्दा कम शै. स. २०६७ मा १९ जना वा ८.९% (कुल भर्ना भएकामध्ये) जोगी बालबालिकाहरु अनुत्तिर्ण भएको पाईएको छ । त्यसैगरि प्रा.वि. तहमा जोगी बालबालिकाहरुको औषत अनुत्तिर्ण दर ९.९% पाईएको

छ । साथै शै.स. २०६३ देखि २०६७ सम्म जोगी बालबालिकाहरुको प्रा.वि.तहमा अनुत्तिर्ण दर घटबढ भैरहेको पाईएको छ ।

- प्रा.वि. तहका जोगी विद्यार्थीहरुमध्ये छात्राहरु बढि अनुत्तिर्ण हुने र छात्रहरु बढि उत्तिर्ण हुने गरेको पाईएको छ ।
- शै.स. २०६३ देखि २०६७ सम्मको अभिलेखलाई बिश्लेषण गर्दा गैर जोगी बालबालिकाहरुले भन्दा जोगी बालबालिकाहरुले प्रा.वि. तहमा कक्षा छाडेका छन् । साथै छात्रले भन्दा छात्राहरुले बढि कक्षा छाड्ने गरेको पाईएको छ । शै.स. २०६७ मा जोगी छात्र र छात्राहरुको कक्षा छाड्ने दर क्रमश ३.८% र २.८% पाइयो । र औषत रुपमा जोगी बालबालिकाहरुले कक्षा छाड्ने दर ३.३% रहेको पाईएको छ । शै.स. २०६३ मा कुल भर्ना भएका विद्यार्थीहरुमध्ये ७.३% जोगी बालबालिकाहरुले कक्षा छोडेकोमा क्रमश घट्दै गएर शै.स. २०६७ मा ३.३ मात्र पाईएको छ ।
- शै.स. २०६७ मा प्रा.वि. तहमा कुल भर्ना भएका २१२ जोगी बालबालिकाहरुमध्ये ८.४% छात्रहरु, ७.६% छात्राहरु तथा ८% बालबालिकाहरुले कक्षा दोहोर्‍याएको पाईयो । त्यसैगरी विगत पाँच बर्षमा कुल ८१ जना जोगी र ५१ जना गैर जोगी बालबालिकाहरुले प्रा.वि. तहमा कक्षा दोहोर्‍याएको पाईयो ।
- अध्ययन क्षेत्रको मा.वि. तहमा शै.स. २०६५ देखि २०६७ सम्ममा भर्ना भएका कुल १८२ जना जोगी विद्यार्थीहरुमध्ये कुल ९०.१% कक्षा उत्तिर्ण गरेको पाइयो । मा.वि. तहमा जोगी बालबालिकाहरुको उत्तिर्ण दर विगतको पाँच शै.स.देखि नै घटबढ हुदै आएता पनि शै.स. २०६७ मा कुल भर्ना भएकामध्ये ९६.७२% जोगी बालबालिकाहरुले मा.वि. तहमा कक्षा उत्तिर्ण गरेका थिए ।
- विगतको तिन शै.स.मा गैर जोगी ८ जना र जोगी १४ जना बालबालिकाहरुले मा.वि.तहमा कक्षा छोडेको पाइयो । साथै शै.स. २०६५ देखि २०६७ सम्म कक्षा छाड्ने दरमा घटबढ भैरहेको पाइएको छ । शै.स. २०६७ मा कुल मा.वि. तहमा भर्ना भएका जोगी बालबालिकाहरुमध्ये १३.३% प्रतिसत छात्र र ३.२% छात्रहरुले कक्षा छाडेको पाइएको छ । अर्थात हाल सम्मको पछिल्लो गणनानुसार जोगी बालबालिकाहरुको मा.वि. तहमा कक्षा छाड्ने दर ११.९% पाइएको छ ।
- शै.स.२०६ देखि २०६७ सम्ममा कक्षा छाड्ने दरमा घटबढ भैरहेको तथा कुल १० जना जोगी र ८ जना गैर जोगी बालबालिकाहरुले कक्षा दोहोर्‍एका थिए । सो अवधीमा कुल भर्ना भएका कुल जोगी बालबालिकाहरुमध्ये ५.४% बालबालिकाहरुले कक्षा दोहोर्‍एका थिए । त्यसैगरी शै.स. २०६७ मा छात्र र छात्राहरुले कक्षा दोहोर्‍याउने दर लगभग बराबर पाइयो भने जोगी बालबालिकाहरुको मा.वि. तहमा औषत कक्षा दोहोर्‍याउने दर ३.२% पाइएको छ ।

- प्रा.वि. तहमा शै.स. २०६३ देखि २०६७ सम्ममा ६१.३३% उच्च स्थान जोगी र ३८.६७% उच्च स्थान गैर जोगी बालबालिकाहरुले ओगट्न सफल भएको पाईयो । अध्ययन क्षेत्रको प्रा.वि. तहमा कक्षा छाड्ने तथा दोहोर्उने संख्या गैर जोगी भन्दा जोगी बालबालिकाहरुको बढि भएता पनि उच्च स्थान प्राप्तिमा भने जोगी बालबालिकाहरु अगाडी रहेको पाइएको छ । त्यसैंगरी विगत पाँच शै.स.को अवधीमा प्रा.वि. तहमा रहेका कुल ७५ वटा उच्च स्थानहरुमध्ये ५३.३३% उच्च स्थान छात्राहरुले र ४६.६७% उच्च स्थान छात्रहरुले प्राप्त गर्न सफल भएको पाइएको  छ ।
- मा.वि. तहमा शै.स. २०६५ देखि २०६७ सम्ममा कक्षा छाड्ने र कक्षा दोहोर्याउने संख्या पनि जोगी बालबालिकाहरुकै बढि भएर होल कुल १८ उच्च स्थानहरुमध्ये १३ (७२.२३%) गैर जोगी बालबालिकाहरुले ओगट्न सफल भए भए भने ५ (२७.७७%) उच्च स्थान मात्र जोगी बालबालिकाहरुले हात पारे  । जस अन्तर्गत ६१.११% छात्रहरु र ३८.८९% छात्राहरुले उच्च स्थान ओगटेको पाइएको छ । त्यसैगरी शै.स. २०६७ मा कुल ५.५५% उच्च स्थान मात्र जोगी छात्रले हात पारेका थिए भने छात्राहरुले एउटा पनि स्थान हात पार्न सफल भएका थिएनन् ।
- प्रा.वि. तहमा गैर जोगी बालबालिकाहरु भन्दा जोगी बालबालिकाहरुल उच्च स्थान प्राप्तीमा अगाडि भएता पनि मा.वि. तहमा भने जोगी बालबालिकाहरुले हार खाएका छन् । त्यसैगरी प्रा.वि. तहमा उच्च स्थान प्राप्तीमा छात्राहरु अगाडी भएता पनि मा.वि. तहमा छात्रहरुले त्यो स्थान लिएको पाईएको छ ।
- जोगी बालबालिकाहरु कक्षामा अनियमित हुने, कक्षा छाड्ने र दोहोर्याउने कारणमा घरायसी समस्या, गोठालो जानुपर्ने, अभिभावकहरुले समय नदिनु, पढाईमा ध्यान नदिनुलाई मुख्य कारणहरुको रुपमा लिईएको पाइयो ।
- जोगी बालबालिकाहरु कक्षामा अनियमित हुने, कक्षा छाड्ने र दोहोर्याउने कारण सम्बन्धी ३० घरधुरीमा गरिएको सर्वेक्षणमा सबैभन्दा बढि २६.६६% घरधुरीका अभिभावकहरुले शिक्षाप्रति चेतनाको कमिलाई मूख्य कारक तत्व मानेका थिए भने परिवारिक जिम्मेवारीको कमिमा २३.३४%, अभिभावकको वच्चाप्रतिको नकारात्मक भावनामा १६.६६%,  विद्यालयको शैक्षिक सामग्रीहरुको अभावमा २०% र संकुचित सामाजिक वातावरणमा १३.३४% घरपरिवारले आफ्नो धारणा व्यक्त गरेका थिए । त्यसैगरी सोहि विषयमा लक्षित समुहमा छलफल गराउँदा अभिभावकहरुले विद्यालय नपठाएर भन्ने धारणा व्यक्त गर्ने वालवालिकाहरु सवै भन्दा वढि ३३.३३% पाइए । भने कतिपय वालवालिकाहरुले विद्यालय टाढा भएर, असफल भएर, पढ्न मन नलागेर, अभिभावक नभएर जस्ता समेत कारणहरु प्रस्तुत गरेको पाईयो ।

समग्रमा ओयाक्जुङ्ग गा.वि.स.मा रहेका जोगी बालबालिकाहरुको प्रा.वि. तहमा बढि सहभातगीता रहेको, कक्षा उत्तिर्ण दर दुबै तहमा सन्तोषजनक रहेको, प्रा.वि. तहमा उच्च स्थान प्राप्ती पनि राम्रै भएता पनि मा.वि. तहमा शैक्षिक सहभागीता र उच्च स्थान प्राप्तीमा निकै कमि भएको पाइएको छ। जसको प्रमुख कारणहरुमा कक्षा ६ देखि माथि पुगेपछि आफै विवाह गर्नु, आर्थिक रुपले विपन्न हुनु, कक्षामा नियमित नहुनु, परम्परागत कृषि प्रणालीमा जोड, घरमा काम सघाउनु पर्ने, विद्यालयमा शैक्षिक सामग्रीहरुको कमि, ज्याला मजदुरी गर्नु पर्ने, शैक्षिक चेतनाको कमि र किशोर अवस्थामा आमाबाबुले वेवास्ता गर्नु जस्ता कारणहरु बढि जिम्मेवार देखिएका छन्।

## ५.२ निष्कर्ष

नमूना क्षेत्रमा परेका ३० घरधुरीमा पूरुष भन्दा महिलाको संख्या बढि पाइयो । जुन जनसंख्याले नेपालको कुल जनसंख्यालाई प्रतिनिधित्व गरेको छ किनकी वि.सं २०५८ सालको जनगणना अनुसार नेपालमा महिलाहरुको जनसंख्या नै बढि थियो । नमूना घरधुरीमा आश्रीत भन्दा सक्रिय जनसंख्याको बाहुल्यता पाइएको छ। तसर्थ जोगी समूदायमा उर्जाशिल उमेरका जनशक्तिको कमि छैन। परिवारको आकार अन्तर्गत औषत ८.३३ व्यक्ति प्रति परिवार सदस्यहरु पाईयो । तुलनात्मक रुपमा यो निकै ठुलो परिवारको आकार मान्न सकिन्छ । कूल ३० घरधुरीमध्ये सबैभन्दा कम घरधुरीले व्यापार र नोकरीलाई र सबैभन्दा बढि घरधुरीले ज्याला मजदुरीलाई मुख्य आम्दानीको श्रोतको रुपमा लिईएकोले जोगी समूदायमा गरिवी र अशिक्षाले व्याप्त छाएको छ भन्न सकिन्छ। अध्ययन क्षेत्र ग्रामिण क्षेत्रमा रहेको तथा जोगी समूदायमा जग्गा जमिन र पशुधनबाट बिहान बेलुकाको छाक टार्ने गरेकाले भएकाले अभिभावकहरुले बालबालिकाहरुलाई पढाईको लागी प्रसस्त समय दिन नसकेको पाईएको छ। नमूना ३० घरधुरीमध्ये कम घरपरिवारमा मात्र आफ्नो घरमा उत्पादन भएको खाद्यान्नले धान्न गरकोले बालबालिकाहरुले समेत बिहान बेलुका ज्याला मजदुरमा लाग्नु पर्दा पढाइमा प्रत्यक्ष नराम्रो परको परेको पाइएको छ। अध्ययन क्षेत्रको विभिन्न आम्दानी स्तर भएका जोगी परिवारको स्थिती हेर्दा उच्च आम्दानी प्राप्त गर्ने घरपरीवारको केटाकेटीहरुको कक्षा उत्तिर्ण दर सतप्रतिसत रहेको देखिन्छ र कक्षा छाड्ने र दोहोर्‍याउने दर न्यून नै रहेको देखिन्छ। त्यस्तै जसको बार्षीक आम्दानी रु. ५ हजार भन्दा कम रहेको छ उनिहरुको कक्षा उत्तिर्ण दर पनि न्यून रहेको देखिन्छ .अध्ययन क्षेत्रमा ६ बर्ष माथिको औषत साक्षरता प्रतिसत ५०% प्रतिसत पाईयो । जुन नेपालको ६ बर्ष माथिको साक्षरता ६३.२% भन्दा निकै कम छ।

जोगी समूदायको कुल २५५ घरपरिवारमा विद्यालय जाने उमेर समूह अन्तर्गत (६-१०) बर्षको उमेर समूहका बालबलिकाहरु ४५.६% भएकाले जोगी समूदायमा उच्च जन्मदर छ भन्न सकिन्छ। शै.स. २०६३ देखि २०६७ सम्मको प्रा.वि. तहमा जोगी जातीको बालबालिकाहरुको भर्नादर घटबढ भैरहेको र शै.स.

२०६७ को जोगी बालबालिकाहरुको भर्नादर ७६.५% पाईयो । प्रा.वि. तहको तुलनामा मा.वि. तहमा जोगी बालबालिकाहरुको भर्नादर धेरै न्यून पाइएकोले जोगी समूदायमा शैक्षिक चेतनाको कमि, आर्थीक कमजोरी, जोगी बालबालिकाहरु किशोर अवस्थामा प्रवेश गरेपछि शिक्षाप्रति जागरुकता घटेर गएको निष्कर्ष निकाल्न सकिन्छ । प्रा.वि. तहमा (११-१३) बर्ष उमेर समूहका समेत बालबालिकाहरु भएकोले सहजै देखिने भर्नादर र खुद भर्नादरविच ११.२३% अन्तर पाईयो । यसबाट के स्पष्ट हुन्छ भने जोगी समुदायका केहि सदस्यहरुलाई बालबालिकाहरुलाई समयमै विद्यालय प्रवेश गराउनु पर्छ भन्ने ज्ञानको कमि हुनसक्छ । मा.वि.तहमा भर्ना भएका कुल जोगी बालबालिकाहरुमध्ये (१६-२१) बर्ष उमेर समूहका ३८.८% जोगी बालबालिकाहरु रहेकाले मा.वि. तहमा कक्षा दोहोर्‍याउने, विचैमा पढाई छाडेर पुन विद्यालयमा प्रवेश गर्ने जोगी  बालबालिकाहरु निकै संख्यामा छन् भन्न सकिन्छ । सहजै देखिने भर्नादर र खुद भर्नादरविचको अन्तर प्रा.वि. तहमा भन्दा मा.वि. तहमा बढि पाईएको छ । प्रा.वि.तहमा जोगी बालबालिकाहको औषत उत्तिर्णदर ९०.१% र ९.९% अनुत्तिर्ण हुनु प्रां.वि. तहमा जोगी समूदायको  निकै राम्रो परिणाम मान्नुपर्छ ।

प्रा.वि. तहमा विद्यार्थीहरुले कक्षा छाड्ने क्रम क्रमिक रुपमा घट्दै गएको पाइएको छ । शै.स. २०६३ मा  कुल भर्ना भएका विद्यार्थीहरुमध्ये ७.३% जोगी बालबालिकाहरुले कक्षा छोडेकोमा क्रमश घट्दै गएर  शै.स. २०६७ मा ३.३% मात्र जोगी बालबालिकाहरुले कक्षा छाडेकोले भोलीको दिनमा अझै सफलता हाँसील गर्ने कुरालाई ईंकित गर्दछ । प्रा.वि.तहमा जोगी भन्दा गैर जोगी बालबालिकाहरुले कम कक्षा दोहोर्‍याएको पाइएकोले गैर जोगीको तुलनामा जोगी समूदायमा शैक्षिक चेतना कम छ भन्न सकिन्छ । प्रा.वि. तहमा छात्र भन्दा बढि छात्राहरुले कक्षा दोहोर्‍याएको पाइएकोले छात्राहरु बढि मात्रामा भर्ना भएता पनि छोरा र छारीमा विभेद गरेर पढाईको हुनसक्ने अनुमान गर्न सकिन्छ । कक्षा १ देखि ५ सम्म कक्षा दोहोर्‍याउने दर क्रमश घट्दै गएको पाईएकोछ जुन शिक्षाप्रतिको एकदमै सकरात्मक पक्ष हो । मा.वि. तह र प्रा.वि. तहमा जोगी बालबालिकाहरुको उत्तिर्ण र अनुत्तिर्णदर बराबर पाईएकोले मा.वि. तहमा सहजै देखिने भर्नादर र खुद भर्नादर मा मात्र कमि भएको तर प्रा.वि. र मा.वि. तहमा शैक्षिक गुण्स्तर समान भएको मान्न सकिन्छ ।

जोगी समूदायमा महिलाहरुले चाँडै विवाह गर्ने भएकोले मा.वि. तहमा छात्रहरुले भन्दा बढि छात्राहरुले कक्षा छाड्ने गरेको र गैर जोगीहरुको तुलनामा पनि बढि जोगी बालबालिकाहरुका कक्षा छाड्ने गरेको पाईएको छ । प्रा.वि. तहमा कक्षा दोहोर्‍याउने दर र छाड्ने दर गैर जोगीको भन्दा जोगी बालबालिकाहरुको बढि भएता पनि उच्च स्थान हाँसिल गर्ने कार्यमा भने जोगी बालबालिकाहरु अगाडी रहेको पाईएको छ । त्यसमा पनि छात्रहरुको तुलनामा छात्राहरुले बढि स्थान ओगट्न सफल भएको पाईएको छ । प्रा.वि. तहमा गैर जोगी बालबालिकाहरु भन्दा जोगी बालबालिकाहरुल उच्च स्थान प्राप्तीमा अगाडि भएता

पनि मा.वि. तहमा भने जोगी बालबालिकाहरुले हार खाएका छन् । त्यसैगरी प्रा.वि. तहमा उच्च स्थान प्राप्तीमा छात्राहरु अगाडी भएता पनि मा.वि. तहमा छात्रहरुले त्यो स्थान लिएको पाईएको छ ।

जोगी बालबालिकाहरु कक्षामा अनियमित हुने, कक्षा छाड्ने र दोहोर्‍याउने कारण सम्बन्धी ३० घरधुरीमा गरिएको सर्वेक्षणमा धेरै घरधुरीका अभिभावकहरुले शिक्षाप्रति चेतनाको कमिलाई मूख्य कारक तत्व मानेका थिए भने परिवारिक जिम्मेवारीको, अभिभावकको वच्चाप्रतिको नकारात्मक भावना , विद्यालयको शैक्षिक सामग्रीहरुको अभाव र संकुचित सामाजिक वातावरणमा घरपरिवारले आफ्नो धारणा व्यक्त गर्नेहरु पनि कम पाईएन । त्यसैगरी सोहि विषयमा लक्षित समुहमा छलफल गराउँदा अभिभावकहरुले विद्यालय नपठाएर भन्ने धारणा व्यक्त गर्ने वालवालिकाहरु धेरै पाइए भने कतिपय वालवालिकाहरुले विद्यालय टाढा भएर, असफल भएर, पढ्न मन नलागेर, अभिभावक नभएर जस्ता समेत कारणहरु प्रस्तुत गरेको पाईयो । जागी समुदायका बालबालिकाहरुको माध्यामिक तहसम्मको शैक्षिक स्थिति कमजोर हुनुमा उनिहरुको आर्थिक अवस्था कमजोर हुनु, पढाई प्रति रुची कम हुनु, घरको काममा सहयोग गर्नु पर्ने, घरायसी शैक्षिक वातावरण नमिल्नु अभिभावकले पढाईमा सहयोग नगर्नु, गोठालो जानु पर्ने, अभिभावकहरुबाट बच्चाप्रति नकारात्मक धारणा, शिक्षाप्रति असमान व्यवहार, अभिभावकको जनचेतनाको अभाव, विद्यालयमा नियमित पढाई नहुनु आधि कारणहरु नै प्रमुख रहेका अध्यनको क्रममा देखिएको छ । जोगी बालबालिकाहरुमा व्याप्त शैक्षिक समस्याहरुको समाधान के कसरी गर्न सकिएला भन्ने प्रश्नमा लक्षित समूह छलफल, अभिभावकहरु, शिक्षक तथा प्र.अ.हरुबाट प्राप्त समष्टिगत धारणा अनुसार समुदायमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने, कक्षा १२ सम्म निशल्क हुनुपर्ने, कक्षा १० सम्मका महिला, दलित र आपाङ्गहरुलाई अनिवार्य छात्रावृत्तीको व्यवस्था गर्नुपर्ने, विद्यार्थीहरुलाई दिवा खाजा तथा कपडाको व्यवस्था गर्नुपर्ने, विद्यालय नजिकै हुनुपर्ने, विद्यालयको वातावरण मनमोहक हुनुपर्ने, विद्यार्थीहरुको त्रैमाशिक प्रगती विबरण अभिभावकहरुलाई उपलब्ध गराउने, समुदायलाई अझै सशक्त बनाउने, सबैलाई समान व्यवहार गर्ने जस्ता धारणहरु पाइएका छन् ।

**५.३ सुझावहरु :**

यस अध्ययनमा देखिएका समस्याहरुलाई न्यूनिकरण गर्नको निमित्त निम्न सूझावहरु दिन सकिन्छ :

- जोगी समूदायको परम्परागत दृष्टिकोणलाई परिमार्जन गर्न जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने ।
- शिक्षाको महत्व र आवश्यकता बारेमा बेला बेलामा गोष्ठि तथा सेमिनार सञ्चालन गर्नुपर्ने ।

- जोगी समुदायको जीवनस्तर उकास्न र विकासको मूल प्रवाहमा समाहित गराउनका लागी नेपाल सरकारले सामाजिक, सांस्कृतिक, आर्थिक र शैक्षिक सबै पक्षलाई समेट्ने गरी विशेष कार्यक्रमहरु लागू गर्नुपर्ने ।
- बार्षिक ५ हजारभन्दा कम आयआर्जन हुने घरपरिवारलाई विभिन्न आय आर्जन हुने किसिमका सीपहरु जस्तै सिलाई बुनाई, घरेलु सामग्रीहरु (मान्द्रो, डालो, डोको, फर्निचरका सामाग्रीहरु आदि), उन्नत किसिमको पशुपालन आदि कार्यक्रमहरु सञ्चालन गर्न नेपाल सरकारले मूल्य अनुदान गर्नुको साथै बजारको समेत व्यवस्था गर्नुपर्ने ।
- जोगी समूदायको आम्दानीको प्रमूख श्रोत कृषि नै भएकोले नेपाल सरकारले माटो बमोजिमको बालीनाली, कृषि प्राविधिकहरुको व्यवस्था र उन्नत प्रकारको मलबिऊको व्यवस्था समयमा नै उपलब्ध गराउनुपर्ने ।
- शिक्षाप्रति सकरात्मक धारणाको विकास गराउन पढेलेखेका जोगीहरुलाई विभिन्न संघ संस्थाहरुमा रोजगारीको अवसर प्रदान गर्नुपर्ने ।
- जोगी जाती एक लोपोन्मूख तथा सीमान्कृत अवस्थामा रहेकोले यो जातीको शैक्षिक सहभागीता र स्तर उकास्न विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुले विशेष चासो दिनुपर्ने ।
- जोगी बालबालिकाहरुलाई पाठ्यपूस्तक र शैक्षिक सामग्रीहरु वेलैमा निशुल्क प्रदान गरिनुपर्ने ।
- प्रा.वि. तहमा जोगी बालबालिकाहरुको सहभागीता बढाउन विद्यालयहरुले घरदैलो भर्ना अभियान कार्यक्रम सञ्चालन गरिनुपर्ने ।
- जोगी समूदायमा समतामूलक शिक्षाको व्यवस्था लागू गरिनु पर्ने ।
- विद्यालय नियमित खुलाउनु पर्ने तथा नियमित अनुगमनको व्यवस्था गरिनुपर्ने ।
- जोगी बालबालिकाहरुलाई शिक्षामा पुनर्वल प्रदान गर्न बेलाबेलामा पुरस्कारको व्यवस्था गर्नुपर्ने।
- जोगी समूदायका बालबालिकाहरुलाई उ.मा.वि. तहसम्म निशुल्क भर्ना गराउनुको साथै परिक्षामा प्राप्त श्रेणीको आधारमा छात्रावृत्तिको व्यवस्था गरिनुपर्ने ।
- किशोर अवस्थामा धेरै जोगी बालबालिकाहरुले आफै बिहे गरी मा.वि.तहमा भर्नादर कम देखिएकोले छिटो विवाह गर्दाका फाइदा र बेफाइदाका बारेमा राम्ररी चेतना दिनुपर्ने ।

## सन्दर्भग्रन्थ सूची


कोईराला, कुलचन्द्र, (२०५०),*श्री गुरु गोरखनाथ,* स्मृती प्रतिष्ठान प्रकासन माला-६, केन्द्रिय पुस्तकालय, त्रि.वि. कीर्तिपुर ।

*गा.वि.स. प्रोफाइल,* (२०६७), ओयाक्जुङ्ग तेह्रथुम ।

जि.वि.स., (२०६६) , *तेह्रथुम जिल्लाको एक परिचय,* तेह्रथुम ।

जि.वि.स., (२०६७), *तेह्रथुम जिल्लाको एक परिचय,* तेह्रथुम ।

जोगी, टेकीमाया, (२०६५),*योगी समूदायको सामाजिक, आर्थिक अवस्था र माध्यमिक तहसम्म उनिहरुको बालबालिकाहरुको शैक्षिक अवस्था* अप्रकासित शोधपत्र, केन्द्रिय पूस्तकालय T.U. कीर्तिपुर ।

*तातो खवर राष्ट्रिय दैनिक पत्रीका* वर्ष १ अक ८ (२०५६ जेठ १२ गते आईतवार) योगीजातिको उत्पत्ती, धर्मपथ काठमाडौं ।

*नेपालको तथ्याङ्गीय झलक,* (२०६५), केन्द्रिय तथ्याङ्क विभाग, रामशाहपथ थापाथली, काठमाडौं ।

*फेज नेपालको प्रतिवेदन,* अप्रकाशित, (२०६५), जोगी समूदाय सशक्तिकरण मन्च, नेपाल ।

योगी, के.वि.,(सन् २००८) , *जय गुरु गोरखनाथ,* दार्जिलिङ्ग गोर्खा योगी कल्याण समिति, दार्जिलिङ्ग ।

*स्मारीका,* (२०६६), श्री सिद्धकाली उ.मा.वि. ओयाक्जुङ्ग-९, तेह्रथुम ।

# परिशिष्ट १

## घरधुरी सर्वेक्षण फारम

घर नं ...........

जिल्ला ............. गा.वि.स................

वडा नं ................. घरमूलीको नाम,

थर.......................... उमेर....................

अन्तरवार्ता मिति .........

१) पारिवारिक विवरण :

| क.सं | सदस्यहरुको नाम | उमेर | लिङ्ग | | शैक्षिक स्तर | | विद्यालय जाने | विद्यालय नजाने |
|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पूरुष | साक्षर | निरक्षर | | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| १० | | | | | | | | |
| ११ | | | | | | | | |
| १२ | | | | | | | | |

२) आर्थिक सामाजिक अवस्था :

क) पशुधन

तल दिईएका पशुधनहरुमध्ये तपाइको घरमा भएका पशुधनहरुको विवरण दिनुहोस् ।

| क.स | पशुधन | छ | छैन |
|---|---|---|---|
| १ | भैसी मात्र | | |
| २ | गाई /गोरु मात्र | | |

| | | | |
|---|---|---|---|
| ३ | गाई मात्र | | |
| ४ | खसी/बोका मात्र | | |
| ५ | सुगुर/बंगुर मात्र | | |
| ६ | कुखुरा मात्र | | |
| ७ | गाई/गोरु/खसी/बोका/कुखुरा/भैसी | | |

ख) बार्षिक आम्दामी :
तल उल्लेख गरिएको बार्षिक आम्दामीको रकमहरुमध्ये कुनै एउटामा ठिक चिन्ह लगाउनुहोस् ।

A. रु.५,००० भन्दा कम B. रु.५,००० देखि १०,००० C. रु.१०,००० देखि २०,००० D. अन्य..........

ग) भु-स्वामित्व
तपाइको परिवारको सदस्यहरुको नाममा रहेको जमिनको आकार (रोपनीमा) को विवरण दिनुहोस् ।

A. ०–१० B. १०–२० C. २०–३० D. अन्य..........

घ) आम्दामीको प्रमूख श्रोत
तपाईको घरको प्रमूख आम्दामीको श्रोतको विवरण दिनुहोस् ।

A. कृषि B. व्यापार C. नोकरी D. पाशुपंक्षी E. अन्य..........

३) शैक्षिक अवस्था :

तपाईका बालबालिकाहरु कुन कुन कक्षामा कति कति जना विद्यालय गईरहेका छन् ?

| कक्षा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| छोरा | | | | | | | | | | |
| छोरी | | | | | | | | | | |

माथी उल्लेखित फारम भराई सकेपछि अभिभावकहरुसँग निम्न शिर्षकमा अन्तरवार्ता गरिएको थियो :

१) बालबालिकाहरु पढ्ने विद्यालय :
............................................
..........................................
...........................................

...............................................
.........................................

२) विद्यार्थीहरुको कक्षामा नियमितता :
..............................................
...........................................
............................................
...............................................
.........................................

३) विद्यालय जाने उमेर समूह
..............................................
...........................................
............................................
...............................................
.........................................
..............
४) बालबालिकाहरुको पढाईप्रति अभिभावकहरुको चासो
..............................................
...........................................
............................................
...............................................
.........................................

५) शिक्षामा लैङ्गिक भेदभाव
..............................................
...........................................
............................................
...............................................
.........................................

६) कक्षा छाड्ने र दोहोर्‍याउने विद्यार्थीहरु, कारण र न्युनिकरण गर्ने उपायहरु
..............................................
...........................................
............................................
...............................................
.........................................
७) बालबालिकाहरुको परिक्षाको नतिजा

..............................................
...........................................
............................................
...............................................
.........................................

८)अन्य..........................
..............................................
...........................................
............................................
...............................................
.........................................

## परिशिष्ट २

## शिक्षकहरुका लागि अन्तरवार्ता निर्देशिका

विद्यालयको नाम : .............................. ठेगाना........................

शिक्षकको नाम .................................. अन्तरवार्ता मिति...........

क) विद्यार्थी भर्ना
.............................................
..........................................
.........................................
........................................
ख) अतिरिक्त क्रियाकलापमा सहभागीता
.............................................
..........................................
...........................................
..........................................

ग) जोगी बालबालिकाहरुको कक्षामा नियमितता
.............................................
..........................................
..........................................
........................................

ङ) कक्षागत उपलब्ध
.............................................
..........................................
...........................................
............................................

च) शिक्षण सिकाई क्रियाकलापमा सहभागीता
.............................................
..........................................
..........................................
........................................

छ) जोगी र अन्य विद्यार्थीहरुविचको सम्बन्ध
.............................................
..........................................
......................................
........................................

ज) कक्षा छाड्ने तथा दोहोर्याउने दर
.............................................
..........................................
...........................................
..............................................

झ) विद्यार्थीहरुको औषत सिकाई उपलब्धी
............................................
.........................................
..........................................
.............................................

ञ) विद्यार्थी अनुसाशन
............................................
.........................................
..........................................
.............................................
.......................................

ट) विद्यार्थीहरुको पढाईमा झुकाव
............................................
.........................................
..........................................
.........................................

ठ) विद्यार्थीहरुको पढाईमा अभिभावकको चासो
............................................
.........................................
..........................................
.............................................

ड) विद्यार्थी आचासंहिता
............................................
.........................................
..........................................
...........................................

ढ) शिक्षक आचारसंहिता
............................................
.........................................
..........................................
.............................................

ण) विद्यार्थी उत्प्ररणा
............................................
.........................................
..........................................
..........................................

त) विद्यालयको आकर्षणहरु
.....................................
.........................................
.....................................
...................................

थ) अन्य ................................

## परिशिष्ट ३

## लक्षित समूह छलफल निर्देशिका

विद्यार्थीको नाम.................... कक्षा .................................

रोल्नं ................................ छलफल मितिं ....................

क) विद्यालय.......................
.........................................
.......................................
........................................
........................................

ख) प्राप्त गरेका पुरस्कार
............................................
..........................................
.........................................
........................................

ग) मनपर्ने विषय/विषयहरु
............................................
..........................................
...........................................
.............................................
........................................

घ) सवैभन्दा सजिलो र कठिन विषयहरु
............................................
..........................................
...........................................
........................................

ङ) पढाईमा अभिभावकको लगाव/झुकाव
............................................
..........................................
...........................................
........................................

च) विद्यार्थी भर्ना
............................................
...........................................
.............................................
........................................

छ) विद्यालयका आकर्षणहरु
............................................
..........................................
...........................................
.............................................
........................................

ज) शिक्षकले गनुपर्ने सहयोग/भूमिका
............................................
..........................................
...........................................
.............................................

.......................................

झ) शैक्षिक प्रगती /प्रगती

.............................................

..........................................

...........................................

..............................................

.......................................

ञ) कक्षा छोड्ने र दोहोर्‍याउने

.............................................

..........................................

...........................................

..............................................

.......................................

ट) पढाईमा प्रेरणा

.............................................

..........................................

...........................................

..............................................

.......................................

ठ) अतिरिक्त क्रियाकलापमा सहभागीता

.............................................

..........................................

...........................................

..............................................

.......................................

ड) जातजाती, भाषभाषी र लिङ्गिय आधारमा भेदभाव

.............................................

..........................................

...........................................

.......................................

ढ) पढाईमा रुचि .......................

.............................................

..........................................

...........................................

..............................................

.......................................

ण) घरको आर्थीक अवस्था ............

.............................................

..........................................

...........................................

.......................................

त) पारिवारिक वातावरण ................

............................................

............................................

.............................................

...........................................

थ) गृहकार्य/घरमा अध्ययन

.............................................

..........................................

...........................................

...........................................

# परिशिष्ट ४

## प्र.अ.को निमित्त अन्तरवार्ता फारम

विद्यालयको नाम ………………… मिति …………………………

प्र.अ.को नाम …………………… ठेगाना…………………………

शैक्षिक योग्यता…………………… विद्यालय स्थापना…………….

१) भर्ना विवरण :

क) तपाईको विद्यालयमा शै.स. २०६३ देखि २०६७ साल सम्ममा प्रा.वि. तहमा भर्ना भएका जोगी विद्यार्थीहरुको विवरण दिनुहोस् ।

| शै.स. /कक्षा | १ | | २ | | ३ | | ४ | | ५ | | कुल | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| २०६३ | | | | | | | | | | | | |
| २०६४ | | | | | | | | | | | | |
| २०६५ | | | | | | | | | | | | |
| २०६६ | | | | | | | | | | | | |
| २०६७ | | | | | | | | | | | | |

ख) तपाईको विद्यालयमा शै.स. २०६५ देखि २०६७ साल सम्ममा मा.वि. तहमा भर्ना भएका जोगी विद्यार्थीहरुको विवरण दिनुहोस् ।

| शै.स/कक्षा | ९ | | १० | | कुल | |
|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| २०६५ | | | | | | |
| २०६६ | | | | | | |
| २०६७ | | | | | | |
| कुल | | | | | | |

ग) तपाईको विद्यालयमा शै.स. २०६७ मा भर्ना भएका प्राथमिक तहका जोगी बालबालिकाहरुको उमेरगत विबरण दिनुहोस् ।

| क्र.सं | लिङ्ग | (६-१०) बर्ष उमेर समूह | (११-१३) बर्ष उमेर समूह | जम्मा |
|---|---|---|---|---|
| १ | छात्र | | | |
| २ | छात्रा | | | |
| कुल | | | | |

घ) तपाईको शै.स. २०६७ मा माध्यमिक तहमा भर्ना भएका जोगी बालबालिकाहरुको उमेरगत विबरण दिनुहोस् ।

| क.सं | लिङ्ग | (१४-१५) बर्ष उमेर समूह | (१६-२१) बर्ष उमेर समूह | जम्मा |
|---|---|---|---|---|
| १ | छात्र | | | |
| २ | छात्रा | | | |
| | कुल | | | |

२) विद्यार्थी उत्तिर्ण विवरण :

क) तपाईको विद्यालयमा शै.स. २०६३ देखि २०६७ साल सम्ममा प्रा.वि. तहमा उत्तिर्ण भएका जोगी विद्यार्थीहरुको विवरण दिनुहोस् ।

| शै.स./कक्षा | १ | | २ | | ३ | | ४ | | ५ | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| २०६३ | | | | | | | | | | | | |
| २०६४ | | | | | | | | | | | | |
| २०६५ | | | | | | | | | | | | |
| २०६६ | | | | | | | | | | | | |
| २०६७ | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | |

ख) तपाईको विद्यालयमा शै.स. २०६५ देखि २०६७ साल सम्ममा मा.वि. तहमा उत्तिर्ण भएका जोगी विद्यार्थीहरुको विवरण दिनुहोस् ।

| शै.स./कक्षा | ९ | | १० | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| २०६५ | | | | | | |
| २०६६ | | | | | | |
| २०६७ | | | | | | |
| जम्मा | | | | | | |

३) अनुत्तिर्ण विवरण :

क) तपाईको विद्यालयमा शै.स. २०६३ देखि २०६७ साल सम्ममा प्रा.वि. तहमा अनुत्तिर्ण भएका जोगी बालबालिकाहरुको अनुत्तिर्ण विबरण दिनुहोस् ।

| शै.स. ⁄ कक्षा | १ | | २ | | ३ | | ४ | | ५ | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| २०६३ | | | | | | | | | | | | |
| २०६४ | | | | | | | | | | | | |
| २०६५ | | | | | | | | | | | | |
| २०६६ | | | | | | | | | | | | |
| २०६७ | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | |

ख) तपाईको विद्यालयमा शै.स. २०६५ देखि २०६७ साल सम्ममा मा.वि. तहमा अनुत्तिर्ण भएका जोगी विद्यार्थीहरुको विवरण दिनुहोस् ।

| शै.स./कक्षा | ९ | | १० | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| २०६५ | | | | | | |
| २०६६ | | | | | | |
| २०६७ | | | | | | |
| जम्मा | | | | | | |

४) विचैमा कक्षा छाड्ने सम्बन्धी विवरण :

क) तपाईको विद्यालयमा शै.स. २०६३ देखि २०६७ साल सम्ममा प्रा.वि. तहमा विचैमा कक्षा छाड्ने बालबालिकाहरुको विवरण दिनुहोस्

| कक्षा/ शै.स. | १ | | | | २ | | | | ३ | | | | ४ | | | | ५ | | | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जोगी | | गैर जोगी | | जोगी | | गैर जोगी | | जोगी | | गैर जोगी | | जोगी | | गैर जोगी | | जोगी | | गैर जोगी | | जोगी | | गैर जोगी | |
| | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| २०६३ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| २०६४ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| २०६५ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| २०६६ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| २०६७ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | | | | | | | | | | | | |

ख) तपाईको विद्यालयमा शै.स. २०६५ देखि २०६७ साल सम्ममा मा.वि. विचैमा कक्षा छाड्ने विद्यार्थीहरुको विवरण दिनुहोस् ।

| शै.स./कक्षा | ९ | | | | १० | | | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जोगी | | गैर जोगी | | जोगी | | गैर जोगी | | जोगी | | गैर जोगी | |
| | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| २०६५ | | | | | | | | | | | | |
| २०६६ | | | | | | | | | | | | |
| २०६७ | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | |

५) कक्षा दोहोर्याउने सम्बन्धी विवरण :

क) तपाईको विद्यालयमा शै.स. २०६३ देखि २०६७ साल सम्ममा प्रा.वि. तहमा कक्षा दोहोर्याउने बालबालिकाहरुको विवरण दिनुहोस् ।

| कक्षा/ शै.स. | १ | | | | २ | | | | ३ | | | | ४ | | | | ५ | | | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जोगी | | गैर जोगी | | जोगी | | गैर जोगी | | जोगी | | गैर जोगी | | जोगी | | गैर जोगी | | जोगी | | गैर जोगी | | जोगी | | गैर जोगी | |
| | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| २०६३ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| २०६४ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| २०६५ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| २०६६ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| २०६७ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | | | | | | | | | | | | |

ख) तपाईको विद्यालयमा शै.स. २०६५ देखि २०६७ साल सम्ममा मा.वि. कक्षा दोहोर्याउने विद्यार्थीहरुको विवरण दिनुहोस् ।

| शै.स./कक्षा | ९ | | | | १० | | | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जोगी | | गैर जोगी | | जोगी | | गैर जोगी | | जोगी | | गैर जोगी | |
| | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| २०६५ | | | | | | | | | | | | |
| २०६६ | | | | | | | | | | | | |
| २०६७ | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | |

६) उच्च स्थान ओगट्ने विद्यार्थीहरुको विवरण :

क) तपाईको विद्यालयमा शै.स. २०६३ देखि २०६७ साल सम्ममा प्रा.वि. उच्च स्थान ओगट्ने बालबालिकाहरुको विवरण दिनुहोस् ।

| कक्षा/ शै.स. | १ | | | | २ | | | | ३ | | | | ४ | | | | ५ | | | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जोगी | | गैर जोगी | | जोगी | | गैर जोगी | | जोगी | | गैर जोगी | | जोगी | | गैर जोगी | | जोगी | | गैर जोगी | | जोगी | | गैर जोगी | |
| | छात्र | छात्रा | छ ात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| २०६३ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| २०६४ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| २०६५ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| २०६६ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| २०६७ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | | | | | | | | | | | | |

ख) तपाईको विद्यालयमा शै.स. २०६५ देखि २०६७ साल सम्ममा मा.वि. उच्च स्थान ओगट्ने विद्यार्थीहरुको विवरण दिनुहोस् ।

| शै.स./कक्षा | ९ | | | | १० | | | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जोगी | | गैर जोगी | | जोगी | | गैर जोगी | | जोगी | | गैर जोगी | |
| | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| २०६५ | | | | | | | | | | | | |
| २०६६ | | | | | | | | | | | | |
| २०६७ | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | |

## परिशिष्ट ५

## कक्षा अवलोकन फारम

विद्यालयको नाम.....................................

मिती.........................................

ठेगाना...................................................

कक्षा.........................................

शिक्षकको नाम .......................................

घण्टी......................................

| क.सं | व्यवहारहरु | अति उत्तम | उत्तम | मध्यम | निम्न | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कक्षा उपस्थिती | | | | | |
| २ | कक्षामा सहभागीता | | | | | |
| ३ | साथीहरुसँग मेलमिलाप | | | | | |
| ४ | व्यक्तिगत सररफाई | | | | | |
| ५ | बसाईको अवस्था | | | | | |
| ६ | कक्षा अनुसाशन | | | | | |
| ७ | छलफलमा सहभागीता | | | | | |
| ८ | कक्षामा अन्तरक्रिया | | | | | |
| ९ | कक्षाकार्य | | | | | |
| १० | गृहकार्य | | | | | |

## परिशिष्ट ६

## लक्षित समूहमा परेका विद्यार्थीहरुको नामावली

| क.सं. | विद्यार्थीको नाम | लिङ्ग | कक्षा | रोल्नं | विद्यालयको नाम |
|---|---|---|---|---|---|
| १ | गणेश जोगी | छात्र | ५ | २ | श्री जनता प्रा.वि.आहाले |
| २ | निर्मला जोगी | छात्रा | ५ | १३ | श्री जनता प्रा.वि.आहाले |
| ३ | लक्ष्मी जोगी | छात्रा | ५ | ५ | श्री जनता प्रा.वि.आहाले |
| ४ | हरी जोगी | छात्र | ५ | ९ | श्री जनता प्रा.वि.आहाले |
| ५ | अमृता जोगी | छात्रा | ५ | ७ | श्री पाथिभरा प्रा.वि.रातमाटे |
| ६ | जेनिसा जोगी | छात्रा | ५ | १२ | श्री पाथिभरा प्रा.वि.रातमाटे |
| ७ | घनेन्द्र जोगी | छात्र | ५ | ४ | श्री पाथिभरा प्रा.वि.रातमाटे |
| ८ | अनुजा जोगी | छात्रा | ५ | ६ | श्री पाथिभरा प्रा.वि.रातमाटे |
| ९ | हिमाल जोगी | छात्र | ५ | ११ | श्री सिद्धकाली उ.मा.वि. मेहेले |
| १० | अन्जान जोगी | छात्र | ५ | १५ | श्री सिद्धकाली उ.मा.वि. मेहेले |
| ११ | चन्द्रकला जोगी | छात्रा | १० | १ | श्री सिद्धकाली उ.मा.वि. मेहेले |
| १२ | प्रज्वल जोगी | छात्र | १० | ३ | श्री सिद्धकाली उ.मा.वि. मेहेले |

## परिशिष्ट ७

## नमूनामा परेका प्र.अ. तथा शिक्षकहरु

| क.सं | नाम | पद | विद्यालयको नाम |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | श्री हेमप्रसाद जोगी | प्र.अ. | श्री जनता प्रा.वि.आहाले |
| २ | श्री ईश्वरबहादुर कार्की | शिक्षक | श्री जनता प्रा.वि.आहाले |
| ३ | श्री दुर्गादेवी ढकाल | शिक्षक | श्री जनता प्रा.वि.आहाले |
| ४ | श्री तुलसीप्रसाद दाहाल | प्र.अ. | श्री पाथिभरा प्रा.वि.रातमाटे |
| ५ | श्री चन्द्रबहादुर जोगी | शिक्षक | श्री पाथिभरा प्रा.वि.रातमाटे |
| ६ | श्री मिना जोगी | शिक्षक | श्री पाथिभरा प्रा.वि.रातमाटे |
| ७ | श्री कुलप्रसाद दुलाल | प्र.अ. | श्री सिद्धकाली उ.मा.वि. मेहेले |
| ८ | श्री धर्मानन्द जोगी | शिक्षक | श्री सिद्धकाली उ.मा.वि. मेहेले |
| ९ | श्री सरस्वती चौलागाँई | शिक्षक | श्री सिद्धकाली उ.मा.वि. मेहेले |